# अध्याय : एक

## परिचय

### १.१. अध्ययनको पृष्ठभूमि

बोलीचालीको भाषामा सबै मिलेर काम गर्नु सहकार्य हो र त्यसैलाई नै सहकारीताका आधारमा भएको सहकार्य हो भनि बुझेको पाईन्छ । तर सबै मिलेर गरेको सबै कार्यलाई सहकार्य भन्न मिल्दैन । नेपालमा धेरै पहिले देखि प्रचलनमा रहेको पर्मा, ढिकुटी धर्म भकारी, गुठी, भेजा, जस्ता सहकार्य चल्दै आएका थिए । आजसम्म पनि कायमै देख्न सकिन्छ । सोही अनुसार वि.सं. २०१० सालमा कृषि मन्त्रालय अन्तरगत सहकारी विभागको स्थापना भएबाट नेपालमा सहकारी अभियानको सुरुवात भएको मान्न सकिन्छ । देशको अधिकांश पहाडी क्षेत्रमा बाढी पहिरोले पिल्सिएका जनताहरूको गास बास र कपासको सामुहिक अवस्था मिलाउने क्रममा २०१३ साल चैत्र २० मा चितवनको राप्ती दुन क्षेत्रमा बखान सहकारी संस्था गठन भएको हो । यही बखान बचत तथा ऋण सहकारी संस्था नै नेपालको पहिलो सहकारी संस्था हो ।

पृथ्वीमा मानव विकासको क्रमसँगै एक आपसमा मिलेर आ-आफ्ना झुण्डहरूमा बस्ने, आफ्नो सुरक्षा र सहयोगको लागि आपसमा मिलेर बस्ने, समूहमा हिड्ने परम्पराको विकास भयो । विकास गर्नको लागि एक्लैले सबैथोक गर्न नसक्ने र त्यसका लागि अर्काको पनि भर पर्नुपर्ने भएकाले गर्दा आपसमा सहकार्य गर्नु जरूरी भयो । मानव हितमा जे जति कार्यहरू भएका छन् ती सबै सामाजिक, आर्थिक, धार्मिक, राजनीतिक लगायत सम्पूर्ण सांस्कृतिक क्रियाकलाप गर्दा सामूहिक रूपमा गर्नुपर्ने र त्यसका लागि सामूहिक सोचविचार, क्रियाकलाप, सामूहिक बसाई आदि महत्वपूर्ण मानिन्छ । कुनै पनि व्यक्तिका एक्लो प्रयासले मात्र समाजम भए रहेका समस्याहरूको समाधान गर्न सकिदैन त्यसका लागि सामूहिक भावना, सहकार्य र तत्परताको आवश्यकता पर्दछ । त्यही सामूहिक रूपमा बस्ने, कार्य गर्ने र एकले एकको नभई सबैले सबैको हितमा कार्य गर्ने पद्धतिलाई नै सहकार्य भनिन्छ । अर्थात् एक आपसमा मिलेर बस्नु, मिलेर सोच्नु र मिलेर काम गर्नुपर्ने सहकारिता हो । सहकारिता एक व्यावसायिक क्रियाकलापमा सञ्चालन गर्ने पद्धति हो (दहाल, २००२) ।

कुनै स्थान विशेषमा बस्ने सानो पूँजि भएका तर अथाह सम्भावना र क्षमताले युक्त व्यक्तिहरूका साझा उद्देश्य पूर्ति गर्नका लागि उनीहरू आफैं मिलेर स्थापना गर्ने संस्थाहरू नै सहकारी हुन् । यस्ता संस्थाको उद्देश्य संस्थामा सहकार्यको भावले आवद्ध हुने व्यक्तिहरूलाई आवश्यक पर्न सेवा, सुविधा, सर्वसुलभ र सहुलियत दरमा उपलब्ध गराई उनीहरूको आर्थिक तथा सामाजिक स्तर उकास्ने तर्फ परिलक्षित हुन्छ । छरिएर रहेको सानोतिनो पूँजिलाई एकत्रित गरी व्यवसायिक क्रियाकलापमा परिचालन गरे सदस्यहरूलाई आत्मनिर्भर एवम् स्वरोजगार बनाउने ध्येय सहकारीले लिनुपर्दछ । सद स्यहरूको सीप र क्षमता अभिवृद्धि, नेतृत्व विकास, उद्यमशिलताको प्रवद्धनका अतिरिक्त सामाजिक एकीकरण, सांस्कृतिक तथा वातावरणीय विकास समेतमा सहकारी संस्थाले प्रभावाकारी भूमिका खेल्न सक्दछन् । व्यवसायिक स्वभा हुँदाहुँदै पनि सहकारी संस्था सामाजिक उत्तरदायित्वको भावले समेत ओतप्रोत हुने हुँदा यिनले विभिन्न सामाजिक क्रियाकलापमा पनि योगदान गर्दछन् । सम्भाव्यता वृहत भएपनि पहिलो र अनिवार्य कार्य भनेको आफ्ना संस्थाका सदस्यहरूको जीवनस्तर उठाई उनीहरूलाई गरिबीको अवस्थाबाट मुक्ति दिलाउनु नै हो । यसका लागि संस्थाका सञ्चालकहरूमा इमान्दारिता, कार्यमा पारदर्शिता र प्रतिवद्धताको अत्यनतै जरूरी हुन्छ । सञ्चालक र सम्पूर्ण सदस्यहरूबीचको पारस्पारिक र हार्दिकतापूर्ण सम्बन्धले नै सहकारी संस्थालाई प्रभावकारिता दिन सक्ने एवम् सहकारी क्षेत्रभित्र सु-शासन कायम गर्न सकिने भएकोले यसतर्फ संस्थामा आवद्ध सबै सचेत हुनु जरूरी छ ।

सहकारीको आवश्यकतालाई हेर्दा सदस्यहरूको समान आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि सहकारिताको आवश्यकता भन्ने कुरा सहकारी महासङ्घले दिएको परिभाषाबाट पनि थाहा हुन्छ तसर्थ समुदायका पेशागत वा उत्पादनका हिसाबले समान आवश्यकता रहेका सदस्यहरू आपसी आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता र आकांक्षा पूरा गर्न सङ्गठित भई उद्देश्यमूलक क्रियाकलाप गर्नु सहकारिता हो ।

देशका कृषक, कालीगढ, कम पूँजिवाला र निम्न आय भएका श्रमिक भूमिहीन तथा बेरोजगार वा सामाजिक कार्यकर्ताले सर्वसाधारण उपभोक्ताको आर्थिक तथा सामाजिक विकासका लागि पारस्परिक सहयोग र सहकारिताको आधारमा विभिन्न किसिमका सहकारी सङ्घसंस्था तथा सङ्घ-संगठनको गठन र सञ्चालन सम्बन्धी व्यवस्था गर्न वान्छनीय

भएको भन्ने भनाईबाट पनि सहकारीले आटा भएका व्यक्तिलाई समेट्न सहकार्यको अवधारणा ल्याइएको पाइन्छ (सहकारी ऐन, २०४९) ।

सहकारीको अवधारणाको विकास सम्बन्धी कुरा गर्दा मानव विकासको क्रमसँगै विशेषगरी युरोपियन देशहरूमा भएको औद्योगिक क्रान्तिले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । सन् १७६० देखि १८३० सम्म बेलायत, फ्रान्स, जर्मनी लगायतका देशहरूमा भएको औद्योगिक क्रान्तिले मानव समाजको विकासमा पनि विभाजन ल्यायो । जसको कारण केही व्यक्ति धेरै धनी र केही व्यक्ति ज्यालामजदुरी गरेर खान पनि धौं धौंको स्थिति आउन थाल्यो । मजदुरवर्ग झन्-झन् गरीब बन्दै गयो, जसका कारण भयावह स्थितिको सजना हुन थाल्यो । धनी विरूद्ध गरीबले विभिन्न किसिमका आन्दोलनहरू पनि गर जसले गर्दा विश्वका कतिपय देशहरूमा परिवर्तन भएका उदाहरणहरू पनि छन् । औद्योगिक क्रान्ति पश्चात् गरीबीको सङ्ख्यामा वृद्धि भएपछि त्यसबाट मुक्ति दिलाउन भनी राज्यले सहकारीको अवधारणा विकास गरी गरीब, निमुखा र आय आर्जनमा प्रतयक्ष सरोकार राख्न नसकेका व्यक्तिहरूलाई लक्षित गरी सहकारिताको आन्दोलनलाई अगाडि बढाएको पाइन्छ । यस सहकारीको माध्यमबाट विपन्न वर्गलाई सामूहिक रूपमा लगानी गर्ने, समूहमा काम गर्ने र त्यसको प्रतिफल पनि सामूहिक रूपमा उपभोग गर्ने उद्देशयसहित सहकारीलाई अगाडि बढाएको त्यस्ता व्यक्तिहरूलाई सहकारिको माध्यमबाट तालिमको व्यवस्था गर्ने, लगार्ने गर्ने, नयाँ-नयाँ कार्य गर्न लगाउने लगायतका सहकार्यहरू गरी उनीहरूको जीवनस्तर उठाउन मद्दत गर्ने जस्ता कार्यहरू यस संस्थाबाट गर्ने गरिन्छ ।

सहकारी आन्दोलनको विकास गरीब, विपन्न वर्गको उत्थानको लागि भएको र यसको शुरूवात विश्व बजारमा धेरै पहिले प्रयोग भएको पाइन्छ । नेपालमा वि.सं. २००८ सालमा औपचारिक शुरूवात त्रिभुवन ग्राम विकास र २०१० सालमा खाद्य एवम् कृषि मन्त्रालय अन्तर्गत सहकारी विभागको स्थापना भएको थियो । त्यसभन्दा अगावै पनि यस्ता प्रकारका सहकार्यका कार्यहरू यथावत रूपमा सञ्चालित भएको पाइन्छ । परम्परागत रूपमा चल्दै आएका मेला, पर्व, गढी, ढिकुटी, धर्म भकारी, भेजा जस्ता सबै खाले आर्थिक, सामाजिक र सांस्कृतिक गतिविधिहरू भैरहका र त्यसैको विकसित रूप नै सहकारी हो । सहकार्यको माध्यमबाट सामूहिक रूपमा, व्यक्तिगत र सामूहिक समस्या समाधान गर्ने प्रक्रिया नै सहकारीको उद्देश्य हो (दाहाल, २०६२) । सहकारीको बारेमा विभिन्न खालका मतहरू

पाइन्छन् । सहकारी वास्तवमा के हो त भन्ने खालमा विभिन्न खालका विचारहरू हुनु स्वभाविक हुन्छ । यसलाई समाजवादीहरूले एउटा यस्तो समाज व्यवस्था हो, जसबाट वर्ग सङ्घर्ष विना नै शोषणलाई समाप्त पार्न सकिन्छ भन्दछन् । त्यस्तै मार्क्सवादीहरू समाजवादी समाज निर्माणको जग नै सहकारिको आर्थिक आधार हो भन्दछन्

नेपालमा सहकारीको विकास भए लगत्तै यसले विशेषगरी दीगो विकास हासिल गर्न र गरीबी हटाउन, गरीब जनताहरू र विशेष गरी महिलाहरूको सशक्तिकरण गर्दै तिनको स्वनियन्त्रण र आत्मा निर्भरताका लागि सहकारी एक माध्यम भएको छ । ऋणमा उचित पहुँच, संरक्षित र भरपर्दो बचत तथा बिमा सेवाहरू उपलब्ध गराएर लघु व्यवसाय शुरू गर्न संसारभर वित्तिय सेवाको माध्यमबाट महिलाहरू सक्षम भएका छन् । जसले अन्ततोगत्वा तिनका बच्चाहरू स्कुल पढाउन, स्वास्थ्य हेरचाहना पहुँच र घरबासका लागि तिनका परिवारलाई सक्षम तुल्याउँदै जीवनस्तर सुधार गर्न मद्दत गरेका छन् (भट्टराई, २०६६) ।

हाम्रोजस्तो विकासशील देशको लागि सहकारी एक जीवनजल बनेको छ । जसले साना-साना समस्याको समाधान गर्दै समूहमा रहेर कार्य गर्ने, विशेषगरी महिलाहरूमा यसले ठूलै क्रान्ति ल्याउँदैछ । आफूसँग कुनै कार्य गर्नका लागि लगानी नभएर हात बाँधेर बसेका महिलाहरू, हामीले के गर्न सक्छौं र भन्नेहरू, आर्थिक आय आर्जन त पुरुष वर्गले गर्ने हो हामीले कहाँ गर्न सक्छौं र भन्नेहरू, पुरुषले कमाएर दिएको खाने हो, उनीहरूको कमाइमा बाँच्ने हो, दासीका रूपमा ठान्नेहरू, श्रीमान्को सौन्दर्यको प्रतिकको रूपमा मात्र र घरपरिवारको घेरामा मात्र सीमित रहने महिलाहरू, विरामी पर्दा पैसाको अभावमा उपचार गर्न नपाएर आफ्ना परिवारका सदस्यहरू गुमाइकाहरू, आज सहकारीको माध्यमबाट एक/एक रुपैया जम्मा गरी सहकारी समूह बनाएर सञ्चालन गर्दै आफ्नो आय आर्जनमा वृद्धि गरेको, अरूको भर पर्ने होइन आफ्नो लागि आफैं गर्न सकिन्छ भन्ने भावना विकास भएको र त्यसरी नै कार्य गरिरहेको पाइन्छ । जुन सहकारीको देन हो । यसले यसरी नै गति लिएको खण्डमा यो देश पनि छिट्टै समृद्धिशाली बन्न पुग्नेछ यदि देशमा राजनीतिक स्थिरता र प्रतिवद्धता भएको खण्डमा (पौडेल, २०५६) ।

सहकारी कुनै समुदायमा बसोबास गर्ने सानो पूँजीलाई साझा उद्देश्य एवम् मिलेर व्यावसायिक कार्य गर्ने सोच भएका फरक फरक परिवारका कम्तिमा २५ जना व्यक्तिहरू

एक चित्त भई स्थापना गरिने संस्था हो । सदस्यहरूद्वारा सदसयहरूको हितको लागि सदस्यहरू मार्फत् स्थापना सञ्चालन र प्रवर्द्धन हुने संस्थानै सहकारी हो । सहकारी एवम. २०४८ अनुसार समाजका पृथक, कालिगढ, कम पूजिवाला, निम्न आय वर्ग, भूमिहिन, अधिक बेरोजगार वा सामाजिक कार्यकर्ता तथा सर्वसाधरण उपभोक्ताको आर्थिक तथा सामाजिक उन्नतिको लागि गरिने व्यवसाय नै सहकारी हो । सहकारी संस्था संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणमा रहने उद्यमको माध्यमबाट आफ्ना साझा आर्थिक सामाजिक तथा सास्कृतिक आवश्यकता एवम् आर्काषाको लागि स्वेच्छाले एकतावद्ध व्यक्तिहरूको स्वायत्त संगठन हो (अन्तराष्ट्रिय सहकारी महासंघ) ।

सशक्तिकरण मानवीय उत्थान गर्ने एक अवधारणा हो । यसले समाजमा शोषिएर र दबिएर रहेका वर्गको उत्थान गरी दमन र शोषणमा परेका व्यक्तिहरूलाई शोषित नहुनको लागि प्रोत्साहन गर्दछ । यसले मानिसमा सचेतना तथा जागरण ल्याई समाजमा रहेका परम्परागत रुढीवादी, अन्धविश्वास हटाउन र विकासमुलक कार्यमा सहभागी गराई अगाडी बढ्न प्रोत्साहन गर्दछ । महिलाहरूको विकास भयो भने परिवार एवम् समाजको विकास हुन्छ भन्ने धारणालाई ध्यानमा राख्दै अघि बढाएको एउटा अवधारणा महिला सशक्तिकरण हो (अर्याल, २०६८) ।

सशक्तिकरण समानता र न्यायमा आधारित समाजको सिर्जना प्रकृया हो । महिला र पुरुष बिचमा देखिएको विभेद हटाउने एक अवधारणा पनि सशक्तिकरण नै हो । सशक्तिकरणभित्र नै शक्तिशब्द अन्तर्निहित भएकाले शक्तिको बारेमा अध्ययन गर्दछ । यसले समाजमा भएका असमान सम्बन्धलाई समान सम्बन्धमा रुपान्तरण गर्ने कार्य गर्दछ । सशक्तिकरण शोषण र दमनबाट जन्मेको विभेद एवम गरिवी विरुद्ध शक्ति दिने प्रयास हो । यसले गरिब तथा पिछडिएका वर्गहरूलाई जिम्मेवारी वहन गर्न सक्ने क्षमता एवम् सामर्थ्यको विकास गराउँदछ । मानिसहरूलाई समान, सक्षम अस्तित्वपूर्ण मानवको रुपमा सम्मानित गरिने प्रयास सशक्तिकरण हो ।

महिला सशक्तिकरणका लागि विश्वमा विभिन्न किसिमका प्रयासहरू भएका छन् । सन १९७५ को पहिलो विश्व महिला सम्मेलनले विकास, शान्ति र नारी समानतालाई आत्मसाथ गरेकोमा महिला विरुद्ध हुने सवै प्रकारको विभेदको अन्त्य, दोस्रो विश्व सम्मेलन ( १९८०) कोपन हेगनविकास कार्यमा महिला सहभागिता तेस्रो विश्व सम्मेलन १९८५ नैरोविले महिलाको रोजगारी, स्वास्थ्य अवस्था सुधारल्याई पुरुष सरह शिक्षा प्रदान गर्ने, त्यसै

गरी चौथो सम्मेलन १९९५ वेइजिङ्गले महिला विकास तथा लैगिक समानताको लागि गरिवी, शिक्षा स्वास्थ्य र रोजगारी, शक्ति संरचना निर्णय प्रक्रिया, मानव अधिकार लगायत राजनैतिक आर्थिक तथा सामाजिक क्षेत्रका विविध पक्षहरूमा महिला सहभागिताका कुराहरू अघि सारेको छ (आचार्य, २०६७) ।

## १.२ समस्याको कथन

आजको विश्वको विकसित देशहरूमा अझैं पनि हाम्रा महिला दिदीबहिनीहरू पुरुषको अधिनमा बस्न बाध्य छन् । कमाएर दिएको खाने, अड्कलेर दिएको निश्चित खर्चले घरव्यवहार चलाउनुपर्ने, एउटा महिलाले कमाउनकै लागि भनेर घर बाहिर जाने परम्पराको विकास अझैं भैसकेको छैन । यो सबै पितृसत्तात्मक सोचमा आधारित देशका जनताहरू भएर हो । वि.सं. २०६८ सालको जनगणना अनुसार पनि पुरुषभन्दा महिलाको सङ्ख्या बढी महिला ५०.४० प्रतिशत र पुरुष ४९.६० प्रतिशत रहको छ (केन्द्रिय तथ्याङ्क विभाग) ।

यसरी पुरुषको तुलनामा महिलाको सङ्ख्या बढी भएतापनि वास्तवमा महिलाहरू धेरै पछाडि परेका छन् । उनीहरू आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक रूपमा अल्पमतमा छन् । हरेक ठाउँमा महिलाहरूको सहभागितालाई न्यून बनाइएको छ त्यही त हाम्रो धार्मिक संस्कार पृतिसत्तात्मक सोचबाट विकास भएको छ । आफ्ना आमाबाबुको देहवसान हुँदा छोरीले तर्पण दिएर नहुने, गर्भमा रहदादेखि नै छोरी भए गर्भपतनको कोसिस गर्ने, छोरी अर्काको घर जाने जात त्यसलाई पढाएर अरूको लागि मात्र सजिलो, आखिर छोराछोरी एउटै दुःखले जम्मेका हुन् भन्ने सोच नहुनु, अशिक्षाको कमी, छोरालाई काखा र छोरीलाई पाखा लगाउने प्रक्रिया अनादिकालदेखि चल्दै आइरहेको छ । प्रकृतिको पर्यायवाची शब्द हो नारी । शुन्यताको विष्फोटन गरी संसार चक्रलाई निरन्तरता दिने नै छोरी हुन् तर विडम्बना समाजले यो महान् सत्यलाई उपेक्षा गरिरहेको छ ।

समाजमा विद्यमान् लैङ्गिक विभेदका कारण भ्रुण अवस्थामा न छोरी गर्भमा छिन् भन्ने थाहा हुने वित्तिकै जन्मन पाउने अधिकारबाट वञ्चित गराइन्छ । त्यतिमात्र होइन जन्म पश्चात् पनि दोस्रो दर्जाको नागरिकका रूपमा हेर्ने गरिन्छ यो समाजले ती छोरीलाई । हाम्रा आदि वैदिक, सनातन धर्म संस्कृतिका पानाहरू पल्टाउने हो भने छोरीलाई अग्रणी भूमिकामा राखेको पाइन्छ । भनिन्छ “यत्र नार्यस्तु पुजयन्ते, रमन्ते तत्र देवता” अर्थात् जुन घरमा

नारीलाई खुसी र सुखी राखिन्छ त्यो घरमा भगवान् पनि खुसी हुनुहुन्छ । नारी शब्दले पनि के कुराको दिशाबोध गर्दछ भने जसको शत्रु नै छैनन् (न + अरी) तिनी नै नारी हुन् । त्रेता युगमा राम हुन वा रावण आफ्नै सति साध्वि अर्धाङ्गिनीका तपोवनले संसार जित्ने अभियान चलाए । नारीलाई आध्यशक्ति जननीका रूपमा स्वीकार गर्नु हाम्रा शास्त्रहरू खुलेर अपिल गर्दछन् । वृद्ध दर्शनलाई पल्टाउने हो भने मृत्यु अवस्थामा कसैको छोरी छैनन् भने दाजुभाईका छोरीलाई आफ्नै छोरी मानेर अन्त्येष्ठीमा सहभागी गराउनुपर्नेछ । यसले के कुराको सङ्केत गर्दछ भने मृत आत्माको चीर शान्तिका लागि छोरीको आवश्यकता अपरिहार्यता छ । बैष्णव सम्प्रदायमा राधारानी, सीता, जानकीको अग्रणी पूजा र जप गरिन्छ । शरीरभित्रको अरिन अर्थात् चिनता, ईर्ष्या, द्वेष आदिलाई बाहिर निष्कासन गर्ने शक्तिका रूपमा राधारानी, सीता, मैया र जगत जननी भगवती मातालाई लिइने गरेको पाइन्छ । ठूला-ठूला जटाधारी, सन्त महन्तहरू पनि नारीका अगाडि नतमस्तक भएको पाइन्छ भने अन्य धर्मका शास्त्रहरूमा पनि नारीहरूलाई उच्च सम्मान गरेको पाइन्छ ।

तर समयचक्रको परिवर्तनसँग छोरी अर्थात् नारीहरूमाथि विभेद बढ्दै जानुको मूल कारण हमीले मान्दै आएको धर्म नै हो । कुनै पनि धर्मले कसैको चित्त दुखाउने काम गर भन्दैन । जस्तै हामी नेपालमा बसोबास गर्ने अधिकांश नेपालीहरू हिन्दु धर्म र त्यसमा पनि वडा दसै मान्दछौं । बडा दशैंमा नौ दिनसम्म दुर्गा भवानीको पूजा गरिन्छ जुन दुर्गा स्वयम् महिला वा देवीका रूप हुन् । ऊनैको पूजामा महिलालाई वञ्चित गरेको पाइन्छ ।

सहकारी जनताको आवश्यकता पूरा गर्ने उद्देश्यले स्थापना गरिन्छ आर्थिक क्षेत्र कृषितर्फ दुग्ध, तरकारी फलफूल आदि विविध क्षेत्रमा आपसी सहभागिताका आधारमा सहकारीको विकास गरिन्छ । यसले खास गरी विपन्न वर्ग, महिला आदिलाई आय आर्जन र रोजगारीको अवसर सृजना गर्दछ । जोखिम अवस्था वा  विपन्न आर्थिक अवस्थालइ व्यवस्थापन गर्न सहकारी उपयोगी माध्यम हो । सहकारीका माध्यमले स-सानो बचतलाई जम्मा गरी व्यवक्तिगत एवम् सामुहिक लाभ लिने प्रयत्न गरिन्छ सदस्यले सुपथ मुल्यमा आवश्यक पर्ने दैनिक उपभोगका सामान खरिद गनृ पाइन्छ । सानो वचत परिचालन गर्न पाउँछन् । यसैले सहकारी हाम्रो जस्तो अल्पविकसित र क्रय शक्ति एवम् आर्थिक अवस्था निम्सरो भएको मुलुकमा अत्यन्त लाभकारी छ । हाम्रो महिला दिदी बहिनीहरू आर्थिक, सामाजिक, शिक्षाक, स्वास्थको क्षेत्रमा पछाडी परेका छन् । आत्मनिर्भर र सम्वृद्ध बनाउन जिविकोपार्जनको अवस्थामा सुधार ल्याउनु पर्दछ । सहकारी, महिला स्वाबलम्बन समृद्धिको लागि अत्यन्त

उत्तम माध्यम भएकोले महिला व्यक्तिकरणमा सहकारीको अत्यन्त ठूलो योगदान भएकोले यसबारे अध्ययन गर्नु सान्दर्भिक देखिएको हुनाले अध्ययनको लागि छनौट गरिएको छ ।

यसको लागि छनौट गरिएका अनुसनधानात्मक प्रश्नहरू यसप्रकार छन्:

१. लक्षित सहकारीको उत्तरदाताहरूको सामाजिक, आर्थिक अवस्था कस्तो छ ।

२. अध्ययनको लागि छनौट गरिएको सहकारीको अवस्था कस्तो छ ?

३. सहकारीमा सम्बद्ध उत्तरदाता कसरी लाभान्वित भएका छन्?

## १.३ अध्ययनको उद्देश्य

सहकारीताको माध्यमद्वारा महिला सशक्तिकरणको सम्बन्धमा खोजमुलक अध्ययन गर्नु साधारण उद्देश्य रहेको छ, अन्य विशिष्ट उद्देश्यरुमा निम्न रहेका छन् ।

- सहकारितामा संलग्न महिलाहरूको आर्थिक तथा सामाजिक अवस्थाको पहिचान गर्ने ।
- महिलाहरूको दैनिक जीवनशैलीमा आएको परिवर्तन तथा सशक्तिकरण सम्बन्धी अध्ययन गर्ने ।
- सहकारीबाट सम्बद्ध उत्तरदाता कसरी लाभान्वित भएका छन् पत्ता लगाउने ।

## १.४ अध्ययनको महत्व

Comment [JT1]: यस्तो कुरा नलेखेकै राम्रो

यस शोध अध्ययन नितान्त शैक्षिक उपाधी हासिल गर्नका निमिक्त मौलिक खोजमा आधारित रहेको छ । जसमा महिला र उनीहरूको सशक्तिकरण सहकारीका माध्यमबाट महिलामा आएको नेतृत्वदायी क्षमता, स्वाबलम्बन, आत्मनिर्भर, नाफामुलक एवम् व्यवसायीकरणमा लाग्नको लागि उत्प्रेरणा मिल्दछ । यस कर्मशिल बचत तथा ऋण सहकारी लिमिटेडको माध्यमबाट महिलाहरूको सामाजिक हैसियत, निर्णय क्षमता, नेतृत्व विकास, र चेतनामा आएको परिवर्तन बारे जानकारी प्राप्त गर्न खोजिएको छ । सो अध्ययनले मुख्य रूपमा सहकारीका सदस्यहरूको सहकार्यले व्यक्ति, समाज र समग्र रुपमा राष्ट्रको विकासको लागि के कस्तो टेवा पुऱ्याएको छ भन्ने बुझ्नको लागि यस शोध अध्ययनले मद्दत पुऱ्याउनेछ । सहकार्यले महिलाहरूमा आएको परिवर्तन बारे जानकारी राख्ने सरकारी, गैर सरकारी व्यक्ति विशेष एवम् यसप्रति सरोकार राख्ने जोकोहीलाई मद्दत पुग्नेछ । यस

विषयमा उच्च अध्ययन गर्ने अनुसन्धानकर्तालाई पनि टेवा पुऱ्याउनेछ । अध्ययन क्षेत्र बाहेक समग्र सहकारितामा आवद्ध सम्बन्धित महिलाहरू जो कोहीको लागि उपयोगी हुनेछ ।

## १.५ अध्ययनको सिमा

पोखरा उपमहानगरपालिका वडा नं. ८ सभागृहचोकमा अवस्थित कर्मशील बचत तथा ऋण सहकारी संस्थालाई मात्र समेटिएको छ । नितान्त रुपमा यस कर्मशील बचत तथा ऋण सहकारीलाई माध्यम बनाई गरिएको शोध अध्ययनमा यस सहकारीले महिलाहरूमा आएको ससक्तिकरणमा पारेको तथ्यहरू अन्य सहकारी सँग मेल खान्छ भन्ने छैन ।

## १.६ पारिभाषिक शब्दहरूको परिभाषा

सहकार्य: यस कर्मशिल बचत तथा ऋण सहकारी संस्थाका शेयर सदस्यहरू संस्थाको नियमानुसार एक आपसमा मिलेर कार्य गर्नुलाई सहकार्य भनिन्छ ।

सहकारी: सहकार्यको भावना भएका व्यक्तिहरू एकै झुण्डमा आवद्ध संस्थालाई सहकारी भनिन्छ ।

शेयर सदस्य: सहकारीताको नियमानुसार एउटै भावना र विचार भएका व्यक्तिहरू जुन एउटै संस्थाका समान दायित्व लिनेगरी सदस्य लिइएका व्यक्तिहरू नै शेयर सदस्य हुन सक्छन् ।

सामाजिक हैसियत: यस शोध अध्ययनमा सुनौलो भविष्य सहकारीमा प्रवेश पश्चात्को शेयर सदस्यहरूको आर्थिक स्थितिको साथसाथै समुहगत रुपमा कार्यगर्न, निर्णय प्रक्रिया लगायत अन्य हाउँभाउको स्थिति ।

सशक्तिकरण: यस सहकारीमा आवद्ध सदस्यहरूको सहकार्यले पिछडिएका, दविएका, बोल्न नसक्ने अवसर नपाएका महिलाहरूमा ससक्त बनाउने अवसरको विकास ।

नेतृत्व विकास: यस सहकारीमा प्रवेश पश्चात्को सहाकार्यले शेयर सदस्यमा ल्याएको उत्सुकता, जागुरुकता केही गरौ भन्ने भावनाको विकास, समुहगत परिचालन गर्ने सक्ने क्षमताको विकास ।

## १.७ साङ्गठनिक संरचना

प्रस्तुत अनुसन्धानलाई विभिन्न ७ अध्यायमा विभाजन गरिएको छ । अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सीमा रहेको छ । अध्याय दुइमा पूर्व साहित्यको पुनरावलोकन, अध्याय तीनमा अनुसन्धान पद्धति, अध्याय चारमा अध्ययन क्षेत्रको सामाजिक, जनसाङ्ख्यिक विवरण, अध्याय पाँचमा सहकारीमा आवद्ध महिलाहरूको आर्थिक तथा सामाजिक अवस्थाको परिवर्तन, अध्याय छ मा महिलाहरूको दैनिक जीवनशैली एवम् निर्णय क्षमतामा आएको परिवर्तन छ भने अन्तिम अर्थात् अध्याय सातमा सारांश, निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।

# अध्याय : दुई

## पूर्व साहित्यको पुनरावलोकन

### २.१ अवधारणागत पृष्ठभूमि

विश्व समुदायको आर्थिक विकासको लागि अवलम्वन गरेका राज्य नियन्त्रित अर्थव्यवस्था, निजी क्षेत्रको वाहुल्य रहने बजार अर्थव्यवस्था र सामाजिक अर्थ व्यवस्था गरी तीन किसिमका विधिहरू प्रचलनमा रहेका छन् । हाल केही मुलुकहरू बाहेक विश्वको बहुसङ्ख्यक मुलुकहरूमा एउटा मात्र नभई आर्थिक विकासमा मिश्रित विधिहरू प्रयोगमा आइरहेको देखिएको छ । सहकारी सामाजिक अर्थव्यवस्थाको एउटा महत्वपूर्ण कडी हो । आर्थिक उदारीकरणको अगुवाई गर्ने विश्व बैङ्क अन्तराष्ट्रिय समुदायकोष समेत सहकारीको उपादेयताका बारेमा अहिले आएर सहमत भएका छन् । कृषि क्षेत्रको विकास र ग्रामिण अर्थतन्त्रमा सहकारी विधि बढी प्रभावकारी हुने विश्वे बैङ्कले स्वीकार गरेको छ भने सन् २००७ मा गरिएको अन्तराष्ट्रिय मुद्राकोषको एक अध्ययनबाट वित्तिय कारोबार गर्ने सहकारीहरूको आर्थिक स्थायित्वमा योगदान रहने निक्यौंल नीति लिएको छ । नेपाल र श्रीलङ्काको अध्ययनले पनि चरम द्वन्द्वको समयमा समेत सहकारी संस्थाहरूलाई द्वन्द्वरत पक्षहरूले कम मात्र असर पुऱ्याएको घटनाले समेत सहकारीको विशिष्ट प्रकृतिका बारेमा विश्व समुदायलाई आश्वस्त बनाएको छ ।

सहकारीका बारेमा राज्यले अङ्गिकार गर्ने नीति र तर्जुमा गर्ने कार्यक्रमहरूले सहकारीको विकास, विस्तार र प्रवर्द्धनलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यसैले पनि नीति निर्माण तहका राजनैतिक तथा कर्मचारीतन्त्रको नेतृत्व वर्गमा सहकारी अर्थव्यवस्था सम्बन्धी ज्ञान आवश्यक हुन्छ । सहकारी उद्योगको व्यवसाय सञ्चालन गर्न सहकारीका विश्वव्यापी रूपमा अङ्गिकार गरिएका मूल्य र सिद्धान्तहरूको अनुसरण गर्नु अनिवार्य मानिन्छ । जनताको सामूहिक सहभागिताबाट नाफाको लागि नभै स्व-उपयोग र उपभोगका लागि सहकारी संरचनाको निर्माण गरिने भएकाले राज्यको व्यवहारले त्यस्ता सङ्घ-संस्थाहरूको स्वायत्तता र स्वतन्त्रतामा आँच नपुऱ्याउने गरी सहयोगी र सहजीकरणका क्रियाकलापहरू मार्फत् सहकारीको विकास, विस्तार प्रवर्द्धन गर्ने अवधारणा नीति

निर्माणमा संलग्न व्यक्तिहरूमा हुनु आवश्यक छ । प्रजातन्त्रको अभ्यास, देशको आर्थिक तथा सामाजिक विकास, वातावरण संरक्षण, ग्रामिण तहमा समेत दीगो र उत्पाद क रोजगारीको सिर्जना, सामाजिक एकीकरण जस्ता क्षेत्रमा सहकारीले पुऱ्याउने योगदानका आधारमा पनि यसको भूमिका निजी क्षेत्र र सार्वजनिक क्षेत्रकोभन्दा फरक हुने भएकोले सहकारीलाई आर्थिक व्यवस्था अन्तर्गत तेस्रो क्षेत्रको रूपमा परिभाषित गरिएको हो । समान उद्देश्यको प्राप्तीको लागि तथा सामूहिक आवश्यकता पूर्ति गर्न स्वइच्छाले समुदायका व्यक्तिहरू मिलेर सामूहिक स्वामित्व तथा प्रजातान्त्रिक नियन्त्रणमा आधारित रही सञ्चालन गरिने व्यवसायको सङ्गठनहरू सहकारी हुन् भन्ने कुराको स्पष्ट बुझाई र प्रयोगको क्षेत्रमा विशेषगरी राज्यका सबै अङ्गहरू र सिंगो सहकारी अभियानको सक्रियता आवश्यक हुन आउँछ । स्वामित्व र उपयोग गर्ने एउटै समुदाय हुनु र निर्दिष्ट सिद्धान्त र मूल्यहरूका आधारमा मात्र सहकारी सञ्चालन गर्न सकिने कारणले गर्दा यस क्षेत्रलाई गैह्र नाफामूलक व्यवसायको रूपमा विश्व समुदायले स्वीकार गरेको छ ।

सहकारी व्यवसायले स्वभावतः सामाजिक उत्तरदायित्वप्रति बढी चासो राख्नुपर्ने हुन्छ । सहकारी अर्थव्यवस्थाको उपयुक्त ढङ्गले प्रवर्द्धन गर्दै लगियो भने राज्यको बजेटमा समेत सामाजिक विकासमा गरिने खर्चको बोझ कम हुँदै जाने साथै गरिने खर्चको पनि सार्थक उपयोग हुने अवस्थाको सिर्जना हुन पुग्दछ । सहकारीले सामाजिक सुरक्षाका कार्यक्रमहरू मार्फत् राज्यको काममा र कोषमा सघाइरखेका हुन्छन् । सरकार स्वयम्ले लगानी गर्नुपर्ने स्वास्थ्य, शिक्षा र सुरक्षाका क्षेत्रमा समुदायको लगानी आकर्षित गर्न र सेवा प्रवाहलाई प्रभावकारी बनाउन पनि सहकारी माध्यम प्रभावकारी बनेको पाइन्छ । सहकारीको अभ्युदय नै विपन्न समुदायहरूले आफूहरूलाई आर्थिक तथा सामाजिक शोषणको चंगुलबाट जोगाउन खडा गरिएको सङ्गठनबाट भएको हो । विशेषतः सहकारीले पूर्ण प्रजातन्त्रको अभ्यासलाई आधारशिला बनाएको हुन्छ भने प्रतिफल वर्ग सङ्घर्ष बिनाको शोषण रहित सामाजिक-आर्थिक अवस्थाको सिर्जनामा गएर देखा पर्दछ । त्यसैले पनि सहकारी विधिको अर्थव्यवस्था बहुसङ्ख्यक मुलुकहरूमा अवलम्वन गरिएको छ । सबैखाले राजनीतिक दर्शनमा सहकारीको प्रयोगको खोजी निरन्तर भइरहेको हामी पाउँदछौं । खुला बजारमा अगुवाहरूलाई न्यून गर्न पनि सहकारी पद्धतिको उद्योग व्यवसायहरूको विकास आवश्यक छ । अहिले विश्वमा १ अर्ब मानिसहरू सहकारीका सदस्य रहेको पाइएको छ । सहकारी क्षेत्रले १० करोड मानिसहरूलाई प्रत्यक्ष रोजगारको अवसर सृजना गरेको छ । युरोपमा मत्र

अहिले १ लाख ६० हजार सहकारी संस्थाहरू रहेका छन् जसमा १२ करोड ३० लाख सदस्यहरू आवद्ध छन् भने यी सहकारीहरूमा ५४ लाख मानिसहरूले रोजगारी पाएका छन् । संयुक्त राष्ट्र सङ्घले सहकारीलाई देशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने प्रभावकारी माध्यमको रूपमा धेरै अघिदेखि स्वीकार गर्दै आएको छ । संयुक्त राष्ट्र सङघले विशेषगरी उपभोक्ता सहकारी, खरीद सहकारी, उत्पाद न सहकारी र श्रमिक सहकारीको विकासलाई उच्च महत्व दिएको पाइन्छ । सहकारी मार्फत् सामाजिक सद्भाव बलियो बनाउन पनि मद्दत मिल्दछ । गरीब समुदायको परनिर्भरता घटाई गरीबी निवारणको अवस्था सिर्जना गर्ने बलियो माध्यमको रूपमा सहकारी देखा परेको छ । समग्र सहकारीको विकास नै राखि तथा असहाय मानिसहरूको दुःख कष्ट अन्त्य गर्ने अभिप्रायले भएको हो भन्ने स्पष्ट हुन आउँछ (ढकाल, २०६७) ।

सहकारी क्षेत्रले दिएको रोजगारीको अवसर १६ चर्चित बहुराष्ट्रिय कम्पनीहरूकोभन्दा २० प्रशितले बढी रहेको छ । संयुक्त राज्य अमेरिकाका सहकारीले २० लाखभन्दा बढी अमेरीकीहरूलाई प्रतयक्ष रोजगारी प्रदान गर्दै वार्षिक अरबौं अमेरिकी डलर तलब भुक्तानी गर्दछन् । सहकारी क्षेत्रले अर्जेन्टिनामा २ लाख ३३ हजार, चेक रिपब्लिकमा ७ लाख ५८ हजार, जर्मनीमा ४ लाख ४० हजार, इण्डोनेसियामा २ लाख र केन्यामा २ लाख पचासह हजार व्यक्तिलाई प्रत्यक्ष रोजगारी प्रदान गरिरहेका छन् । स्पेनको २१.६५ श्रम बजार सहकारीले ओगटेको छ । क्यानडाको बचत तथा ऋण सहकारीमा मात्र १ लाख ५५ हजार वयस्क रोजगार रहेका छन् । यसका अलावा सहकारी क्षेत्रले कोलम्वियामा १ लाख ३८ हजार प्रत्यक्ष र १ लाख २८ हजार जनालाई रोजगारी प्रदान गर्दछ (वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्याङ्क पुस्तिका २०६९/०७०) ।

### २.१.३ नेपालमा सहकारिताको ऐतिहासिक विकासक्रम

२००८: त्रिभुवन ग्राम विकासको औपचारिक शुरूवात

२०१०: कृषि मन्त्रालय अन्तर्गत सहकारी मन्त्रालयको स्थापना

२०१३: चितवनमा पहिलो ऋण सहकारी संस्था

२०१६: सहकारी ऐन पारित

२०१७: सहकारी नियमावली तर्जुमा, सहकारी विकास कोषको स्थापना, साझा संस्थाको स्थापना

२०१८: सहकारी तालिम केन्द्रको स्थापना, सहकारी विभागलाई तत्कालीन पञ्चायत मन्त्रालयमा सारिएको सहकारी बैङ्कको स्थापना ।

२०२२: सहकारी विभागलाई कृषि तथा भूमि सुधार मन्त्रालयमा सारिएको ।

२०२३: सहकारी बैङ्कलाई कृषि विकास बैङ्कमा रूपान्तरण गरिएको ।

२०२५: सहकारी संस्थाहरूको व्यवस्थापन कृषि विकास बैङ्कलाई हस्तान्तरण ।

२०३४: ३० जिल्लाहरूका साझा कार्यक्रम सञ्चालन र व्यवस्थापन कृषि विकास बैङ्कबाट सहकारी संस्थाहरूको व्यवस्थापन समितिमा हस्तान्तरण ।

२०४०: साझा सहकारी ऐन १९४८ लागु गरिएको ।

२०४१: सहकारी विभागलाई साझा विकास विभागमा र सहकारी प्रशिक्षण केन्द्रलाई साझा विकास तालिम केन्द्रमा परिणत ।

२०४२: साझा संस्था ऐन पारित ।

२०४८: सहकारी ऐन तर्जुमा गरी लागु गरेको साझा विकास विभागलाई सहकारी विभागमा परिणत, साझा विकास तालिम केन्द्रलाई सहकारी प्रशिक्षण केन्द्रमा परिणत, साझा विकास शाखालाई जिल्ला सहकारी कार्यालयमा परिणत ।

२०५०: बचत तथा ऋण सहकारी संस्थाहरूको केन्द्रिय सङ्घको स्थापना ।

२०५६: कृषि मन्त्रालयलाई कृषि तथा सहकारी मन्त्रालयमा परिणत ।

२०५७: साना किसान सहकारी संस्थाहरूको केन्द्रिय बैङ्कको रूपमा साना किसान बैङ्कको स्थापना ।

२०५८: सहकारी ऐन २०४८ अन्तर्गत राष्ट्रिय सहकारी बैङ्क लि. दर्ता भई कार्यक्रम सञ्चालन ।

२०६१: सहकारी विभागको संरचना परिवर्तन, ६८ जिल्लामा रहेका सहकारी कार्यालयको सङ्ख्या कटौती गरी ३८ जिल्लामा डिभिजन सहकारी कार्यालयको स्थापना ।

२०६४: सहकारी विभागबाट प्रथम पटक सहकारी सङ्घ संस्था दर्ता तथा नियम मापदण्ड जारी गरी कार्यान्वयन ।

२०६८: सहकारी विभागबाट सहकारी सङ्घ संस्था दर्ता, सञ्चालन, लेखापरीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड जारी गरी कार्यान्वयन ।

२०६९: सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना (स्रोत: कस्केली सहकारी, २०७०) ।

### २.१.३ सहकारीका किसिमहरू

सहकारी व्यवसायहरू समुदायका साझा इच्छा र आवश्यकताहरू पूर्ति गर्न स्थापना गरिएका हुन्छन् । सदस्यताको आधार र कारोबारको आधार गरी दुई भागमा बाँडिएको हुन्छ ।

१. सदस्यताको आधारमा

- प्रारम्भिक सहकारी
- दोस्रो तहको सहकारी
- तेस्रो तहको सहकारी
- माथिल्लो तहको सहकारी

### २.१.५ कारोबारको आधारमा सहकारी

- उपभोक्ताहरूको स्वामित्वको सहकारी
- उत्पादकको स्वामित्वको सहकारी
- श्रमिक स्वामित्वको सहकारी
- खरीद तथा शेयर सेवा सहकारी

### २.१.६ सहकारीका विशेषताहरू

- आर्थिक कृयाकलापको माध्यम
- व्यवसाय गर्ने तरिका
- सामुहिक स्वामित्वमा आधारित व्यवसाय
- सदस्य केन्द्रित व्यवसाय
- एक प्रकारका आत्म सहयोगी कृयाकलाप
- सजिलो र दिगोपन उन्मुख उपयुक्त व्यावसायिक ढाँचा
- आफ्नै निश्चित मुल्य, मान्यता र सिद्धान्तमा आधारित संस्था

### २.१.७ सहकारी सिद्दान्तहरू

सहकारी सिदान्तहरू सहकारी मुल्यलाई व्यवहारमा उतार्ने मार्गदर्शन हुन् । अन्तराष्ट्रिय सहकारी महासंघद्धारा सन् १९९५ मा परिमार्जितका साथ ऐच्छिक तथा खुल्ला सदस्य, सदस्यद्वारा प्रजातान्त्रिक नियन्त्रण, सदस्यहरूको आर्थिक सहभागिता, स्वायत्तता तथा स्वतन्त्रता, शिक्षा, तालिम तथा सुचना, सहकारी बीच सहयोग, समुदाय प्रति चासो गरी सात सिद्धान्तहरू रहेका छन् (स्रोतः भट्टराई, २०६६) ।

### २.१.८ सहकारीका मुल्यहरू

| | आधार मुल्यहरू | | नैतिक मुल्यहरू |
|---|---|---|---|
| १) | आत्म सहयोग | १) | इमान्दारिता |
| २) | स्वउत्तरदायित्व | २) | खुलापन |
| ३) | प्रजातन्त्र | ३) | सामाजिक उत्तरदायित्व |
| ४) | समानता | ४) | अरुको हेरचाह |
| ५) | ऐक्यवद्धता | | |

### २.१.९ असल सहकारी सञ्चालनका अभ्यासहरू

१. पारदर्शिता एवम् सुशासन
२. वित्तिय सक्षमता
३. बचतका विभिन्न योजनाहरू
४. ऋणको व्यवस्थापन
५. सदस्य सुरक्षाका उपायहरू
६. सङ्गठनात्मक सुधार
७. जोखिम व्यवस्थापन
८. असल सदस्य प्रवर्द्धन
९. सामाजिक उत्तरदायित्व (स्रोतः सहकारी डाइरेक्ट्री २०६८, कास्की) ।

### २.१.१० सहकारीताबाट हुने फाइदाहरू

कुनै पनि काम सफलता पार्नलाई सहकारीताको आवश्यकता पर्दछ । सहकारी शब्दले कुनै पनि समान उद्देश्य प्राप्त गर्न सँगै मिलेर गरिने कार्यलाई जनाउँदछ । सहकारिताले समाजका सबै क्षेत्रमा सकारात्मक प्रभाव पारेको हुन्छ । हुन त समाजमा यदाकदा केही

सहकारीका व्यवस्थपक तथा पदाधिकारीहरूबाट हुने गरेको अनैतिक तथा वित्तिय हिनामिना तथा सहकारी नै बन्द गरेर भाग्ने घटना पनि यदकदा पाइन्छन् । त्यसमा सहकारी सञ्चालनको क्रममा सहकारी ऐन र स्वयम् सरकारले पनि त्यसमा आवश्यक पहल कदमी गर्न नसक्नु, जनतामा सहकारी सम्बन्धी अवधारणा तथा चेतनाको कमीले गर्दा केही नकारात्मक कार्य भएपनि समग्रमा धेरै फाइदा छ । जुनसुकै कुराको पनि सही परिचालन वा त्यसको नियम र परिधिभित्र रहेर गर्न सकिएन भने त्यसले स्थायित्व लिन सक्दैन भन्ने थाहा हुँदा हुँदै पनि केही तत्वले व्यक्तिगत स्वार्थको लागि संस्थाको वेवास्ता गरेर आर्थिक विचलन गर्दा सरकारले कडा कारवाही पनि गर्नुपर्दछ । त्यसका अलावा सहकारीबाट गरिने सहकारिताका फाइदाहरू निम्नानुसार छन् ।

(क) सामाजिक फाइदा

सहकारी सङ्घ-संस्थाको मूल उद्देश्य भन्नु नै आफ्ना शेयर सदस्यहरूको हितमा गर्नु हो । समाजमा रहेका सबै सदस्यहरूको हित हुनु नै समुन्नत समाजको निर्माण हुनु हो । सामाजिक फाइदालाई वर्गीकरण गर्दा निम्नलिखित फाइदाहरू सहकारीबाट लिन सकिन्छ :

- इमान्तारिताको विकास

हुन त इमान्दारिता जुनसुकै क्षेत्रमा पनि त्यतिकै आवश्यकता पर्दछ तर पनि वित्तिय क्षेत्र लगायत सहकारी क्षेत्रमा पनि इमान्दारिताको झनै आवश्यकता खड्केको हुन्छ । सहकारीमा संस्थाका सञ्चालक सदा इमान्दार वा कर्तव्यनिष्ठ भै कार्य गर्नुपर्दछ । एकल अर्कोलाई अविश्वास गर्ने जस्ता कार्यले सहकारी संस्था सफल हुन सक्दैन । अतः सबै सदस्य तथा सञ्चालकमा इमान्दारिताको भावना विकास भई इमान्दार समाज निर्माण गर्न मद्दत पुगेको हुन्छ ।

- एकताको भावना

सहकारीताको मूल मन्त्र नै एक आपसमा सहयोग गर्ने हो । विना एकता सहकारिता सम्भव छैन । यसले सामाजिक तथा कार्यगत एकता गराई सङ्गठनको भानाको विकास गर्दछ । सहकारी संस्था प्रजातान्त्रिक प्रणालीबाट सञ्चालन हुन्छ । यसमा समूहको चाहना अनुसार

कार्य गरिन्छ अथवा समूहको मतको कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिन्छ । यसमा एकको लागि सबै सबैको लागि एक भन्ने भावना प्रतिविम्वित भएको हुन्छ ।

- सामाजिक उत्तरदायित्वको अनुभव

संस्थाका सदस्यहरू समान संस्थाको समान अधिकार प्राप्त मालिक हुन्छन् । यसमा संस्थका सबै सदस्यहरूको उत्तिकै अधिकार र जिम्मेवारी रहेको हुन्छ । यसले बेला बखतमा बैठकमा भाग लिने, संस्थाको क्रियाकलापप्रति चासो दिने, संस्थाको विकासमा मद्दत पुऱ्याउने कार्य गर्ने तथा संस्थाको अहित हुने तत्वहरूलाई दुरूत्साहित गर्ने काम जस्ता कार्यहरू सदस्यबाट सदैव भएको पाइन्छ । गरिएको क्रियाकलापबाट नै सामाजिक उत्तरदायित्वको अनुभव हुन्छ । यसैले हामीले अनुभव गर्ने हो भने कालान्तरमा सदस्यहरूको उत्तरदायित्व अनुभवले समाज सभ्य विकसित, सु-संस्कृत तथा आर्थिक रूपले सम्पन्न बन्न पुग्दछन् ।

- नेतृत्वको विकास

संस्थाका प्रत्येक क्रियाकलापमा सदस्यहरूको समान सहभागिता रहेको हुन्छ । संस्थाको बैठक समय-समयमा बसेको हुन्छ । त्यसमा सदस्यहरूले निर्भिक भएर अन्य सामाजिक क्रियाकलापमा भाग लिन नेतृत्व दि न सक्ने हुन्छन् जसबाट समाज तथा पूरा देशलाई नै नेतृत्व दिन सक्ने जनशक्ति समेत तयार भएको हुन्छ ।

- सामूहिक विकास

सहकारी संस्थाले आफ्ना सदस्य तथा कार्य क्षेत्रभित्रका समाजलाई फाइदा हुने कार्य गरेको हुन्छ । समाजलाई फाइदा हुने कार्य गर्दा यसले लक्षित सद स्यमात्र नभनी पूरा समाजलाई नै फाइदा हुने कार्य गरेको हुन्छ । सामाजिक विकासमा लोक कल्याणकारी कार्य गरेको देखिन्छ ।

(ख) आर्थिक फाइदाहरू

सहकारी संस्थाले सरल ब्याजदरमा कर्जा उपलब्ध गराउँद छ । सदस्यहरूलाई वस्तु तथा सेवाको उत्पादन तथा बिक्री वितरणमा सरलता ल्याई व्यवस्थित रूपमा बिक्री वितरण

गरेको हुन्छ । जुन कार्यबाट सदस्यहरू वा जनताहरूलाई बढी मूल्यको भार तथा झन्झट आदिबाट मुक्ति दिलाउनुको साथै समयमै सेवा प्राप्त गर्न सकिन्छ । सहकारीबाट सबै जात, धर्म, लिङ्ग आदिका सदस्यहरूलाई समान रूपमा वस्तु तथा सेवाको वितरण गरी सदस्यलाई सेवा पुऱ्याउन संस्था सक्षम हुन्छ । यसका आर्थिक फाइदाहरू निम्नानुसार छन् ।

- मूल्य स्थिरता

सहकारी संस्थाले गर्दा अनावश्यक मूल्य बढाई नाफा लिनेलाई निरूत्साहित गरी मूल्य स्थिर गरेको हुन्छ । यसबाट सदस्य तथा अन्य उपभोक्ता समेत ठगिने डरबाट मुक्त भै बस्तु तथा सेवा प्राप्त गर्दछ ।

- स्वरोजगारको अवसर

संस्थाको आफ्नो प्रयासद्वारा रोजगारीको सृजना गर्न सक्दछन् । सहकारी संस्थाले सदस्यहरूको स-साना पूँजिहरू एकत्रित पारी कुनै पनि उद्योग व्यवसाय सञ्चालन गर्न सक्दछन् । जसबाट श्रमिकले श्रमको उचित मूल्य प्राप्त गर्नको साथै उत्पादकत्वमा समेत वृद्धि भएका हुन्छन् ।

- कच्चा सामानको उपलब्धता तथा सुलभ बिक्री वितरण

व्यक्तिगत व्यवसाय गर्ने व्यक्तिले कच्चा सामान, प्रविधि, ऋण आदिको समस्या भोगेका हुन्छन् भने सहकारिताको भावनामा सङ्गठित भएर व्यवसाय गरिएमा त्यस्ता कच्चा सामग्री, प्रविधि, ऋण प्राप्त गर्न सरल हुन्छ । विभिन्न सहकारी तथा गैह्र सहकारी संस्थाहरूबाट समेत सहयोग प्राप्त हुन्छ जसले गर्दा उत्पाद कत्व, बिक्री वितरणमा वृद्धि भई आम्दानी बढ्न जान्छ । आम्दानी बढेपछि नाफा निश्चित रूपमा बढ्न जान्छ ।

- बचत सङ्कलन

सहकारीमा लागेका सम्पूर्ण सदस्यहरूले निश्चित रकम मासिक रूपमा जम्मा गर्दछन्, जसबाट उनीहरूले ऋण लिएर आफ्नो गर्जो टार्न तथा उत्पादशील क्षेत्रमा लगानी

गर्न सक्दछन् । सहकारीमा तिर्नुपर्छ भन्ने मानसिकताले अनावश्यक खर्च गर्ने बानीलाई पनि नियन्त्रण गरेको हुन्छ ।

- वस्तुको उचित मूल्य व्यवस्थापन

सहकारी संस्थाले सदस्यहरूलाई असल गुणका शुद्ध सामान तथा सेवा उचित मूल्य, तौल, समयमा उपलब्धि गराउने गर्दछ । जसबाट सदस्यहरूको खर्चमा कमी हुनुको साथै गुणस्तरियता पनि उपलब्ध हुन्छ ।

- गरीब र धनीबीचको दूरीमा कमी

सहकारी संस्थाले एक दुई व्यक्तिको मोनोपोली हुन दिदैन । यसले ठूला पूँजिपतिको शोषणबाट जोगाउँछ । संस्थाको नाफालाई पूँजि लगानीको आधारमा तथा कारोबारको आधारमा समान रूपले वितरण गर्दछ । जुन सदस्यले सहकारीमा धेरै कारोवार गर्दछ त्यस्ता सदस्यहरूलाई कारोबारको आधारमा दिइने कोषको पनि सहकारीमा व्यवस्था गरिएको हुन्छ ।

- स्थानीय स्तरमा पूँजिको निर्माण

सहकारी संस्थाले स्थानिय स्तरमा पूँजिको निर्माणलाई व्यवसाय सञ्चालन गर्दछ । स्थानिय जनता जागरूक भएमा कुनै पनि स्थानमा सहकी संस्था गठन गरी व्यवसाय सञ्चालन गर्न सक्दछ । जसले मुनाफा पनि स्थानिय स्तरमा नै वितरण हुनुको साथै ग्रामिण अर्थतन्त्रमा सुधार गर्न सहयोग गर्दछ ।

- उत्पादक तथा उपभोक्ता दुवैसँग सोझो सम्पर्क

सहकारीद्वारा उत्पादित वस्तु, सेवा तथा साधनमा विचौलिचाले कम फाइदा लिने सम्भावना हुन्छ । संस्थाले उत्पादकसँग सोझो सम्बन्ध राखेर उचित मूल्य दिलाउँदछ भने उपभोक्तालाई पनि उचित मूल्यमा वस्तु तथा सेवा उपलब्ध गराउँदछ । यसबाट उत्पादक तथा उपभोक्ता दुवैको आर्थिक हित नै दुवैको बचतमा वृद्धि हुन्छ ।

(ग) शैक्षिक फाइदा

नेपालको अन्तरिम संविधान २०६३ को धारा ३५ (२) ले "सरकार, सहकारी र निजी क्षेत्रको माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने" भन्ने नीतिगत व्यवस्था गरेको छ । मुलुकको अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउने विभिन्न उत्पाद न क्षेत्रहरूमध्ये सहकारी क्षेत्र पनि पर्दछ । सहकारी क्षेत्रलाई योजनाबद्ध रूपमा उत्पादन, बजारीकरण र सेवा प्रवाहमा संलग्न गराउनुपर्ने देखिन्छ । समुदायमा छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजिलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन तथा सदस्यहरूको आर्थिक तथा सामाजिक रूपान्तरण गरी सम्वृद्ध समाजको निर्माण गर्न तसहकारी क्षेत्रको विकास र विस्तार गरिएको छ ।

शैक्षिक स्तरमा वृद्धि ल्याउन सहकारी संस्थाले सदस्यहरूलाई शिक्षा लिन पनि लगानी गरेको हुन्छ । धेरैजसो सहकारीहरूमा शिक्षा कोषको व्यवस्था गरिएको हुन्छ । समय-समयमा विभिन्न योजना ल्याएर तालिमहरू दिइएको हुन्छ । सिपमूलक, ज्ञानवर्द्धक तालिमले सदस्यहरूको आर्थिक, सामाजिक, सांस्कृतिक तथा व्यवहारिक ज्ञानको विकास भएको हुन्छ । शैक्षिक भ्रमण वा अवलोकन भ्रमण पनि गरिएको हुन्छ ।

राष्ट्र निर्माणमा सहकारी संस्थाहरूले पुऱ्याउन सक्ने योगदानहरू:

- प्रजातन्त्र
- समानता
- सामाजिक न्याय
- स्वावलम्वन
- सामाजिक उत्तरदायित्व
- नैतिक आचरण
- इमान्दारिता
- खुल्लापन

उपर्युक्त बुँदाहरूले सदस्यहरूको चौतर्फी विकासको बाटो खुलाएको राष्ट्र निर्माण, समाजसेवी, आदिको विषयमा धारणा राखेको छ । सहकारिताले नागरिकलाई

सङ्गठित भई आफ्नो तथा समुदायको विकास गर्ने अवसर प्रदान गर्दछ । व्यक्ति, समाज, गाउँ, जिल्ला, अञ्चल, क्षेत्र, प्रदेश हुँदै समग्र राष्ट्रको विकासका लागि सहकारिता एउटा महत्वपूर्ण औजारका रूपमा स्थापित भएको छ । विश्वका धेरै देशका क्रियाकलापहरू सहकारीताबाटै अगाडि बढेको छ ।

सहकारिताले सदस्यहरूद्वारा, सदस्यले सदस्यको लागि गरिने कार्य भएकाले यो जनुसुकै समयमा पनि सदस्य तथा समुदायको हितमा समर्पित भएको हुन्छ । राज्यले तीन खम्बे नीति ल्याएर सहकारीलाई विकासको तेस्रो खम्बाको रूपमा स्थापित गराएको छ ।

तालिका २.१ः सहकारी सङ्घ संस्थाहरूको सङ्ख्यात्मक विकासक्रम

| आ.व. | सहकारी संस्थाहरूको सङ्ख्या | सहकारी सङ्घहरूको सङ्ख्या |
|---|---|---|
| २०५४-५५ | ४३४९ | ८२ |
| २०५५-५६ | ४८६० | ८३ |
| २०५६-५७ | ५६७१ | ९७ |
| २०६७-५८ | ६४८४ | × |
| २०५८-५९ | ६०६४ | × |
| २०५९-६० | ७४४५ | × |
| २०६०-६१ | ७५९८ | ११७ |
| २०६१-६२ | ८०४५ | १२१ |
| २०६२-६३ | ८५३० | १२९ |
| २०६३-६४ | ९७९० | १३९ |
| २०६४-६५ | ११३०२ | १४१ |
| २०६५-६६ | १५८१३ | १७१ |
| २०६६-६७ | २०१०२ | २०४ |
| २०६७-६८ | २३३०१ | २३८ |
| २०६८-६९ | २६५०० | २५८ |
| २०६९-७० | २९५२६ | ३०४ |
| २०७०-७१ | ३११७७ | ३३० |

*स्रोतः वार्षिक सर्वेक्षण २०७०/०७१ ।*

तालिका २.२ सहकारी सङ्घ संस्थाहरूको एकीकृत सङ्ख्यात्मक विवरण

| क्र.सं. | सहकारी संस्थाको किसिम | सङ्ख्या |
|---|---|---|
| १ | प्रारम्भिक सहकारी संस्था | ३११७७ |
| २ | जिल्ला सकारी सङ्घ | ६९ |
| ३ | विषयगत जिल्ला सहकारी सङ्घ | २४१ |
| ४ | विषयगत केन्द्रिय सहकारी सङ्घ | १८ |
| ५ | राष्ट्रिय सहकारी सङ्घ | १ |
| ६ | राष्ट्रिय सहकारी बैङ्क | १ |
| | जम्मा | ३१५०७ |

*स्रोतः वार्षिक सर्वेक्षण २०७३/०७४ ।*

उपर्युक्त तालिकाबाट पनि हामी प्रष्ट हुन्छौ कि सहकारीताको मावल वर्तमान परिप्रेक्षमा द्रुत गतिमा बढिरहेको छ । अझ यसमा सरकारको स्थायित्व भएर राम्रो नियम कानु भएको खण्डमा र सहकारी नीति जुन सरकारी, निजी र सार्वजनीक वि.सं.२०६३ को अन्तरिम संविधानको तीन खम्बे अर्थनीति लागु स्थायित्व रूपमा लागु गरेर अगाडि बढ्ने हो भने देशले विकासको गति लिएर फड्को मार्न त्यति समय लाग्ने छैन ।

वि.सं. २०६३ सालको अन्तरिम संविधानले अवलम्वन गरेको तीन खम्बे अर्थनीतिलाई राज्यले सहकारी क्षेत्रलाई राष्ट्रिय विकासको अभिन्न अङ्गको रूपमा स्वीकार गरेको छ । मुलुकमा सहकारीको विकास विस्तार र प्रवर्द्धनका लागि प्रारम्भिक तहदेखि राष्ट्रिय तहसम्मको सङ्गठनात्मक स्वरूप निर्माण भइसकेको छ । सहकारी एउटा आर्थिक सामाजिक प्रणाली भएकाले निर्माण भइसकेको छ । सहकारी एउटा आर्थिक सामाजिक प्रणाली भएकाले यसको माध्यमबाट नागरिकसँग रहेको सीमित साधन र स्रोतको परिचालन गरी उनीहरूको आवश्यकता पूर्ति गर्न सकिन्छ ।

मिति २०७१/३/३० सम्मको तथ्याङ्क अनुसार कास्की जिल्लाको सहकारी डिभिजन तथा प्रशिक्षण कार्यालयमा दर्ता सहकारी संस्थाहरू ५६९ पुगेका छन् जुनको तथ्याङ्कीय तालिका निम्नानुसार छ ।

तालिका २.३: सहकारी संस्थाको उद्देश्य अनुसार विवरण

| क्र.सं. | सहकारी संस्थाको उद्देश्य | संस्था | सङ्घ | यस सङ्घमा आवद्ध |
|---|---|---|---|---|
| १ | बचत तथा ऋण सहकारी स.सं. | ३३६ | १ | १५४ |
| २ | दु.अ.उत्पादन स.सं. | २३ | १ | १४ |
| ३ | कृषि उत्पादन स. | ११६ | १ | १४ |
| ४ | उपभोक्ता स.सं. | ३१ | १ | १८ |
| ५ | बहुउद्देश्यीय स.सं. | १२ | - | १० |
| ६ | कफी उत्पादन स.सं. | १२ | १ | २ |
| ७ | मत्स्य उत्पादन, सञ्चार, पर्यटन, उद्योगी आदि | ३३ | - | ७ |
| ८ | यस जिल्ला स.सं. | | १ | - |

*स्रोत: जिल्ला सहकारी सङ्घको प्रतिवेदन २०७०/०७१ ।*

२.१.११ सेन्टर फर माइक्रो फाइनान्स २०६५

अधिकांश जनताको गरीबीको कारणले अझै पनि उचित शिक्षा गास, बास, कपासको राम्रो व्यवस्था हुन सकेको छैन । तीमध्ये गरीब महिलाहरू बढी छन् । एक दशक लामो देशको आन्तरिक द्वन्द्वका कारण धेरै ग्रामिण महिलाहरू विस्थापित हुन पुगेका छन् । विस्थापित महिलाहरूको सङ्ख्याको वृद्धिले गर्दा देशको जनसङ्ख्याको एउटा ठूलो वर्ष महिलाहरू अति गरीबीको अवस्थामा बाच्न बाध्य छन् । गरीब महिलाहरूको बाहुल्य रहेको आजको स्थितिमा सहकारी कार्यक्रमको विकास तथा विस्तार गरी उनीहरूलाई त्यसमा सहभागी गराई सहकारी व्यवसायको माध्यमबाट उनीहरूलाई सशक्त बनाउन अति आवश्यक भएको छ । विश्वका करोडौ मानिसहरूलाई रोजगारी दिन र प्रजातान्त्रिक प्रक्रियाबाट आफ्नो विकास आफैले गर्ने मौका प्रदान गर्न सहकारी अभियान सफल भएको छ । जनताले आफ्नो लागि आफैद्वारा शासन चलाउने प्रजातन्त्रको मूल मन्त्र तथा मान्यतालाई अगालेको सहकारी अभियानको आवश्यकता २१ औं शताब्दीमा अझ बढी हुन पुगेको छ । देशको निर्णय प्रक्रिया र नेतृत्व तहमा नेपाली महिलाको न्यून सहभागिता रहेको आजको अवस्थामा सहकारीको माध्यमाट बढी भन्दा बढी महिलाहरूलाई राज्य सञ्चालनका

निर्णायक तहमा सहज रूपमा पुग्न वातावरण निर्माण भएको छ । विकास कार्यक्रमको नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयन तहमा सहभागी हुन नपाएका नेपाली महिलाहरू सशक्त बन्न पुग्छन् । स्थानिय स्तरमा सञ्चालित महिला कार्यक्रमहरूले धेरै ग्रामिण महिलाहरूलाई सशक्त, स्वावलम्बन र नेतृत्व लिन सक्ने क्षमतावान् हुन सकेका छन् । हाल महिलाहरूले नेपालमा सञ्चालन गरेका सहकारीका सङ्ख्या २,६०० पुगेको छ ।

सहकारी क्षेत्रको विस्तारका लागि भएका प्रयासहरूले गर्दा आर्थिक वर्ष २०६९/०७० को अन्त्यतिर जम्मा २६,५०० प्रारम्भिक तहका सहकारी संस्था, ६६ जिल्ला सहकारी सङ्घ, १५७ विषयगत जिल्ला सहकारी सङ्घ, १७ वटा विषयगत केन्द्रिय सङ्घ, एउटा राष्ट्रिय सहकारी बैङ्क र सबैभन्दा माथिल्लो तहमा एक राष्ट्रिय सहकारी सङ्घ गरी जम्मा २४२ वटा जिल्ला, केन्द्रिय तथा राष्ट्रिय सहकारी सङ्घ रहेका छन् । महिला सहभागिता ४२ प्रतिशत पुगेको छ । कुल ग्राहस्थ उत्पादन सहकरी क्षेत्रको योगदान ३ प्रतिशत पुगेको छ अनुमान छ भने ५० हजारभन्दा बढीलाई प्रत्यक्ष र ७ लाख भन्दा बढीलाई अप्रत्यक्ष रोजगारीको अवसर जुटेको छ । शहरी क्षेत्रमा सहकारीको वाहुल्यता रहेपनि सबै जिल्लामा सहकारी संस्थाको विस्ता भएको छ । सहकारी विभागबाट मापदण्डका आधारमा सहकारी सङ्घ संस्थाको अनुगमन र नियमन गर्ने प्रणाली शुरूवात भएको छ । सहकारी क्षेत्रको स्थापना भएको छ ।

### २.१.१३ लैङ्गिक समानता र महिला सशक्तिकरणका लागि अन्तराष्ट्रिय प्रयासहरू

विभिन्न समयमा भएका अन्तराष्ट्रिय भेला, शिखर सम्मेलन र घोषणापत्रहरू महिला सशक्तिकरणतर्फ सचेत छन् र केही कार्यक्रमहरूले महिलाको हैसियतको घोषणा पनि गरेको पाइन्छ । जसमध्ये केही महत्वपूर्ण प्रयासहरू निम्न अनुरूप रहेका छन् :

क) विशेष शब्दमा समानताको सिद्धान्तको पहिलो अन्तराष्ट्रिय सन्धि संयुक्त राष्ट्रसङ्घको वडापत्र थियो । यसले आधारभूत मानव अधिकार, मानवीय मूल्य र मर्यादा, महिला र पुरुषलाई समान अधिकार, धर्म, वर्ण, लिङ्ग र भाषाको बिना भेदभाव मौलिक स्वतन्त्रतालाई पुनपुष्टि गऱ्यो ।

ख) मानव अधिकार विश्वव्यापी घोषणापत्र (१९४८) मा भेदभाव रहित समानताको सिद्धान्तको घोषणापत्रको सारमा सुत्रवद्ध गरियो ।

ग) आधारबूभ महिला अधिकार सम्बन्धी केहि विशिष्ट दस्तावेजहरू:

अ) समान ज्याला सम्बन्धी महासन्धी (१९५१)

सन् १९५१ मा महिला र पुरुषबीच भेदभाव नराखी बराबर कामका लागि बराबर ज्याला दिइनुपर्छ भन्ने महासन्धी अन्तराष्ट्रिय श्रम सङ्गठनले पारित गऱ्यो र साही अनुरूपको व्यवस्था लागु गर्न सम्बन्धित सबै राष्ट्रहरूलाई आह्वान गरियो र तदनुरूपको व्यवस्था लागु गर्न जोड दिइयो ।

आ) पेशागत भेदभाव उन्मूलन (१९६०)

महिला र पुरुषबीच विद्यमान रोजगारी एवम् पेशागत विभेदलाई विचार गरी सन् १९६० मा अन्तराष्ट्रिय श्रम सङ्गठनले महिला उपर भएको रोजगारी र पेशागत उन्मूलन सम्बन्धी महासन्धी पारित गरी यसलाई लागु गर्न जोड दियो । सन् १९६२ मा संयुक्त राष्ट्र सङ्घको महाधिवेशनले विवाह, विवाहका लागि न्यूनतम उमेर, विवाह दर्ता सम्बन्धी महासन्धी पारित गऱ्यो (अर्याल, २०६२:३४७) ।

इ) अन्तराष्ट्रिय महिला सम्मेलन

सन् १९७२ मा संयुक्त राष्ट्र सङ्घको महासभाले १९७५ मा मनाउन लागिएको अन्तराष्ट्रिय नारी वर्षलाई दृष्टिगत गरी त्यसलाई प्रवर्द्धन गर्न महिलाको समान समर्पण, सम्पूर्ण विकास प्रयासहरूमा महिला पूर्ण समायोजनको सुनिश्चितता र विश्व शान्तिको सुदृढीकरणमा योगदान वृद्धि गर्ने घोषणा गर्दै प्रस्ताव ग्रहण गरेको थियो । अन्तराष्ट्रिय नारी वर्ष, महिला दशक र चारवटा अन्तराष्ट्रिय महिला सम्मेलनहरू मेक्सिको १९७५, नैरोवी १९८०, कोपेनहेगेन १९८५ र बेइजिङ १९९५ सबै महिला माथि हुने भेदभावको अन्त्य गरी समाजमा समान सहभागितामा जोड दिने प्रतिबद्धताका साथ सम्पन्न भएका थिए (राष्ट्रिय मानव अधिकार आयोग, २०६१: ७१) ।

ई) महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धी (१९७९)

सन् १९७९ मा संयुक्त राष्ट्र सङ्घले महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्न महासन्धी पारित गऱ्यो । यो यस्तो ऐतिहासिक दस्तावेज हो जसले घर बाहिर र घर भित्र

दुवै क्षेत्रमा महिलाका जीवनमा हुने प्रत्यक्ष, अप्रत्यक्ष सबै खाले भेदभावलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ र यस्तो भेदभाव अन्त्य गर्ने उपायहरू अवलम्वन गर्न सबै राज्यहरूलाई बाध्य पारेको छ । यसले मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणामा निहित लैङ्गिक संवेदनशीलतालाई पनि सम्बोधन गरेको छ । यसले महिलामाथि गरिने भेदभावलाई लिङ्गका आधारमा गरिने राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक अथवा अन्य कुनै क्षेत्रमा भेदभाव, बहिस्कार अथवा प्रतिबन्ध भन्दै परिभाषित गरेको छ । यो सन्धि १९८१ मा लागु भएको छ (राष्ट्रिय मानव अधिकार आयोग, २०६१:७०) ।

उ) भियना घोषणापत्र

जुन १९९३ मा मानव अधिकार सम्बन्धमा भियनामा भएको सम्मेलनले महिला विरूद्‌ध हुने सबै प्रकारका भेदभाव र हिंसामा गहिरो सरोकार राख्दै यिनलाई संसारभर उजागर गर्न र फैलाउन महिलाको मानव अधिकारको समान हैसियतलाई घोषणापत्र स्थापित गरेको थियो (देवकोटा, २००७) ।

ऊ) आइ.सि.पि.डि.कार्य योजना

सन् १९९४ सेप्टेम्वर ५-१३ मा कायरोमा भएको सम्मेलनका प्रतिनिधिहरूले विश्वव्यापी शिक्षा, मातृ मृत्युदर न्यूनीकरण, परिवार नियोजन, प्रजनन तथा यौन स्वास्थ्य पहुँच प्रति सहमति जनाएका थिए । यसले शिक्षा, रोजगारमा लैङ्गिक समानता र परिवार नियोजनको नयाँ सम्भावनामा जोड दिएको छ (देवकोटा, २००७) ।

## २.२ सैद्धान्तिक समिक्षा

विश्वमा विकास भएका विभिन्न समयका विभिन्न प्रकृतिका महिला आन्दोलनहरूले महिलाको भूमिका र अवस्थाका विभिन्न पक्षबारे व्याख्या र विश्लेषण गर्दै समग्रमा महिला पिछडिएका तथा असमानताको अवस्थामा रहन पुगेको निष्कर्ष निकालेको सन्दर्भमा र विकासको लागि अगाडि बढाइएका विभिन्न रणनीतिहरूका परिणाम स्वरूप पनि आशातीत् सफलता हासिल गर्न नसकिएको सन्दर्भमा सामाजिक लिङ्गलाई विकासको मुद्धाको रूपमा लिएको छ । लैङ्गिक विषयलाई जोड दिदै स्रोत तथा अवसरहरूतर्फ महिलाको पहुँच बढाउनुपर्ने, सम्पत्तिमा अधिकार, सशक्तिकरण, समान ज्याला तथा निर्णय प्रक्रियामा

महिलाको उल्लेखनीय भूमिकाको बारेमा पनि लैङ्गिक विकासमा जोड दिइएको छ (एफ.डब्लु.एल.डी., २०५८) । सामाजिक लिङ्गलाई विकासका मुद्धाका रूपमा प्रतिस्थापन गर्ने कार्य तथा यसको आवश्यकताको बोधको सन्दर्भलाई हेर्दा सन् १९५० पछिको विकासका रणनीतिको इतिहासलाई विश्लेषण गर्नुपर्ने हुन्छ । ती रणनीतिहरू विकासमा महिला, विकास र महिला, जेण्डर र विकास हुन् । यी अवधारणाहरू समयको परिवर्तन अनुसार परिमार्जन हुदै विकास भएको पाइन्छ । जुन यसप्रकार छन् :

### २.२.१ **नारीवादी सिद्धान्त**

### उदार महिलावाद

उदार महिलावाद महिला मुक्तिका लागि विचार प्रवाह गर्ने महत्वपूर्ण सिद्दान्त हो । जसले महिला स्वतन्त्रता विकास र परिवर्तनलाई जोड दिन्छ । महिलाहरूमा गरिने विशेष गरी यौनजन्य हिंसा र शोषणका विरोधमा विचारको प्रवाह गर्दछ । महिलाहरूले कानुनमा नै विभेद भोग्नु परेकाले त्यसको उन्मुलनलाई जोड दिन्छ । J. Bernard M. Morica, Friendan, Alison Kessier जस्ता विद्वान्हरूको यसमा उल्लेखनीय योगदान रहेको देखिन्छ ।

महिला मुक्ति र स्वतन्त्रता सम्बन्धमा उदार महिलावादी सैद्दान्तिक विश्लेषणले निकै महत्व राख्दछ । जसले महिलाको स्वतन्त्रता र विकासलाई जोड दिएको छ । महिलालाई सामाजिक साँस्कृतिक मान्यताले समाजमा निर्दिष्ट कार्य विभाजनको स्वरुप निर्धारण गर्छ भन्ने मान्यता यसमा रहेको छ । उनीहरू पुरुष सरह सबै प्रकारका कार्य गर्न सवतन्त्र छैनन् । त्यसैले उनीहरूको स्वतन्त्रतालाई बढावा दिन सके महिला मुक्तिका प्रयासहरू सार्थक रहन सक्दछन् भन्ने मान्यता राख्दछ (रिटजर, १९६६) ।

उदार महिलावादीहरूले महिलाहरूलाई स्वतन्त्रता उपलब्ध गराउन सकिएमा समान अवसरहरू प्रदान गर्न सकिएमा महिला प्रतिको गलत मान्यता र सामाजिकीकरणको प्रक्रियाबाट समाजलाई मुक्त गर्न सकिएमा मात्र महिला विकासको अवस्था सफल हुन सक्छ भन्ने व्याख्या र विश्लेषण गर्दछन् । महिलामा प्रजनन अधिकार, समान आर्थिक अवसर, राजनैतिक अधिकार आदिमा पहुँच हुनुपर्ने व्याख्या गरिएको छ । उदार महिलावादीहरूले महिलाको अवस्था सुधार गर्न कानुनी र साँस्कृतिक बन्देजको खारेजीको खाँचो ठान्दछन् ।

उदारवादले महिलाहरूले आफ्नै कार्य रुची रोजाई आकांक्षाको रोजाइबाट पुरुष सरह आफ्नो क्षमता प्रदर्शन गर्न सक्दछन् । यस्तो समानतालाई आफै निरन्तर दिन सक्छन् भन्दै राजनीतिक र कानुनी सुधारको माध्यमबाट महिला पुरुषमा समानता ल्याउन सकिन्छ भन्ने अपेक्षा गर्दछ । यसले महिला र पुरुष बीच हुने व्यक्तिगत र स्वतन्त्र सम्बन्ध र अर्न्तक्रियालाई समाजमा नारी पुरुष बीच लैङ्गिक समानता ल्याउने सुरु र आधार विन्दु हो भन्ने मान्यताका आधारमा विश्लेषण गर्दछ । सबै महिलाहरूमा समाजमा लैङ्गिक समानता प्राप्त गर्न सामर्थ्य हुन्छ । त्यसैले समाजको आधारभुत संरचनामा परिवर्तन नगरी नै समानता प्राप्त गर्न सम्भव छ भन्ने दावी गर्दछ (रिटजर, १९९६) ।

उदारवादी महिलावादीहरू महिलाप्रति पूर्वाग्रही सामाजिक साँस्कृतिक र कानुनी रुपले स्थापित संस्थागत बन्धनहरूको उन्मुलन गर्ने कार्यमा संलगन भएको देखिन्छ साथै विकल्पहरूमा उनीहरूले उपयुक्त कानुन निर्माण गर्ने र कार्यान्वयन गर्ने कार्यमा जोड दिन्छन् । उदारवादी नारीवादीहरूले उब्जाएका प्रमुख मुद्दाहरू सन्तान उत्पादन र गर्भपतन सम्बन्धी अधिकार, यौन दुत्साहन, मताधिकार र शिक्षा, समान कामका लागि समान ज्याला, सर्वसुलभ बालहेरचाह, स्वास्थ्य सेवा र सुविधा महिला विरुद्ध हुने घरेलु हिंसा अन्त्य हुन् । सहकारीमा आवद्द महिलाहरू पनि सन्तान के कति जन्माउने, परिवार नियोजनको बारेमा निर्णय लिने र स्वास्थ्य उपचारबाट बञ्चित नरहेको पाइएको छ ।

## आमुल महिलावाद

आमुल महिलावादले समाजका प्रत्येक तहमा महिलाहरू शोषित देखिएका छन् । त्यसैले सामाजिक साँस्कृतिक तथा आर्थिक सन्दर्भमा महिलाहरूको विश्वव्यापी अवमुल्यनलाई निर्मुल पार्न महिलाको सामाजिक मुल्यको खोजी गर्नुपर्ने तथ्यमा जोड दिन्छ । यो आमुल महिलाबाद सन् १९६० को दशकको अन्त्यतिरबाट बढी प्रभाव शाली बन्यो (आचार्य, २०६७) । यसले समाजका प्रत्येक जात, वर्ण, संरचना, संस्थाका दमन विभेद र असमानता रहेकोले लैङ्गिक विभेदको अन्त्य लाई जोड दिन्छ । यिनीहरूका अनुसार लैङ्गिक विभेदको महत्वपूर्ण कारक तत्व पितृसत्ता अर्न्तगतको सामाजिक सम्बन्ध हो । महिला विभेद र दमनको प्रारम्भिक थलो नै परिवार हो । जहाँ प्राकृतिक लिङ्गका आधारमा श्रम विभाजन र यसै अनुरुपका सामाजिकीकरण तथा मुनिका हस्तान्तरण हुने गर्दछ । आमुल महिलावादी सम्प्रदायले विश्वव्यापी रुपमा रहेको पितृसत्तात्मक परिवारमा सामाजिक,

साँस्कृतिक, आर्थिक, मनोवैज्ञानिक क्षेत्रमा पुरुषहरूबाट हुने प्रत्येक विभेद, असमानता, दमन हिंसा आदि पक्षलाई निकै व्यापक उठाएको  छ । महिला विरुद्धका हिंसाका घटनाहरू पितृसत्तात्मक परिवारमा पुरुष र पुरुषको प्रभुत्व र नियन्त्रण रहेका संस्थाबाट हुने गर्दछन् भन्ने आमुल महिलावादीहरूको भनाई रहेको छ  ।

महिला मुक्तिका लागि क्रान्तिकारी सोच र संरचनागत परिवर्तनका यसले जोड दिन्छ । किन र कसरी पितृसत्तात्मक ढाँचाबाट महिलाहरूको शोषण भएको छ । यसका कारक तत्व खोज्दै, जनचेतना जगाउने पुरुषसँगको निर्भरता घटाउने महिलाप्रतिको सकारात्मक दृष्टिकोणको विकास गर्न, महिलाको नेतृत्वमा रहने कार्यक्रम सञ्चालन गर्ने, घरायसी झन्झटपूर्ण कार्यबाट छुटकरा दिलाउने सबालमा जोड दिन्छ (रिटजर, १९९६) ।

सहकारीमा आवद्ध महिला सदस्यहरूले घरमा पनि महिलाको हक, अधिकारको बारेमा कुरा उठाउने गरेको र समाजमा पनि महिला विरुद्ध हुने हिंसा थिचोमिचोको बारेमा कुरा उठाउने गरेको पाइयो । महिलाहरू पुरुषसँग निर्भर बन्न नपरोस भन्न आफूसँग भएको रकम जम्मा गरेर बचत गरी र केही ऋण सहकारी मार्फत लिएर कृषिमा लगानी गरेको, व्यापार व्यवसायमा लागनी गरी आत्मनिर्भर बन्नेतर्फ उन्मुख रहेको पाइयो । महिलाहरूले आफूहरूको नेतृत्वमा रहेर महिला सहकारी सञ्चालन गरिरहेका छन् ।

## समाजवादी महिलावाद

समाजवादी महिलावादलाइ मार्क्सवादी तथा उदार महिलावादको संश्लेषणको रुपमा लिइन्छ । समाजवादी महिलावादीहरूले पूँजीवादी उत्पादन सम्बन्धले पुरुष कामदारको श्रमको शोषण गर्दछ भन्दछन् । महिलालाई नाफाको अतिरिक्त र सुलभ स्रोतका रुपमा उत्पादन कार्यमा संलग्न गराउन सामन्ती पूँजीवाद परास्त संस्कृति पनि त्यतिकै जिम्मेवार छ । महिलाहरू श्रृङ्गारका वस्तु, दास, विज्ञापन, पुरुष सत्तात्मक र उपभोग्य वस्तुका रुपमा परिणत हुनुमा पूँजीवादी प्रणालीले सिर्जना गरिएको बाध्यात्मक स्थिति जिम्मेवार छ । आधुनिक पूँजीवाद समाजले महिलाहरूलाई फेसनका वस्तुहरू सौन्दर्य साधन उपभोग गर्ने वस्तुका रुपमा स्थापित हुन विवश बनाएको छ । समाजवादी महिलावादीहरू समाजको सामाजिक र साँस्कृतिक संरचनाका कारणले यस्तो भएको हो भन्दछन् ।

समाजवादी महिलावादीहरू समाजमा रहेको सबै प्रकारका अन्यायको खोजीलाई जोड दिँदै सबै प्रकारका दमन र अत्याचारका विरुद्धको संघर्ष गर्दै काममा व्यक्तिगत स्वतन्त्रतालाइ जोड दिन्छ । सामाजिक असमानता र लैङ्गिक असमानताको कारक तत्वका रुपमा जटिल सामाजिक व्यवस्थालाई जिम्मेवार मान्दछ । त्यस्तै उत्पादन र व्यवस्थाको पुनसंरचनाबाट सामाजिक समानता कायम गर्न सकिने धारणा राख्दे पितृसत्ता मात्र लैङ्गिक विभेदको कारक नभई प्राचीन समाजमा पनि असमानताहरू थिए जुन बेला निजी सम्पत्तिको अवधारणा विकास भएको थिएन भन्ने मार्क्सवादी विश्लेषण भन्दा फरक तरिकाले विश्लेषण गर्न खोजिएको छ (रिट्जर, २०००) ।

समाजवादी नारीवादको सम्बन्ध वा सरोकाराको विषय नारी एवम् पुरुष दुवैद्वारा गरिएको सबै प्रकारको उत्पीडनको अनुभवसँग देखिन्छ । यिनीहरूले एउटी नारी जो स्वयं उत्पीडित भएकी छन् अर्की नारीको उत्पीडनमा कस्तो प्रकारले भागीदार हुन्छिन् र नारीहरू आफु दमित एवं उत्पीडित भइसकेको हुँदाहुँदै पनि अन्य नारीहरू माथि दमन एवम् उत्पीडन गर्छन् भन्ने तथ्यको खोजी गर्दछन् । समाजवादी नारीवादले ठूला र साना सबै प्रकारका उत्पीडत एवम् दमित समुहलाई शोषणबाट मुक्ति दिलाउनमा रुचि राखेको देखिन्छ । समाजमा नारी र पुरुषको समान भूमिका हुनुपर्छ । अतः नारी र पुरुषको सहमतिद्वारा नै नयाँ समाजको सिर्जना गर्न सकिन्छ । नारीहरूसँग सहमतिद्वारा नै विभिन्न वर्गहरूको अन्त्य हुन सक्दछ । यसवादले पितृसत्ता र यसका कार्यहरूको विश्लेषण गर्दछ । पितृसत्ता आर्थिक प्रणालीको एउटा भाग हो र यो निजी स्वामित्वको उत्पत्ति हुनुभन्दा पहिले नै अस्तित्वमा आएको हो । निजी सम्पत्तिको अन्त्य सँगै पितृसत्ता लोप हुन्छ भन्ने कुरामा सहमति राख्दैनन् । महिलालाई असमान ज्याला दिइएको छ बढी समय काम गर्छन् कमसल र कम उत्पादन शील कार्यमा उनीहरू संलग्न छन् जुन व्याख्या समुदाय सापेक्ष गरिने आवश्यक छ (रिटजर २०००) ।

समाजवादी महिलावादहरूले ठूला र साना सबै प्रकारका उत्पीडन दमित समुहलाई शोषणबाट मुक्ति दिलाउन रुचि राखेको देखिन्छ समाजमा नारीहरूसँगको सहमतिमा सम्पूर्ण वर्गको अन्त्य गर्न सकिन्छ भन्ने कुरालाई अघि सारेको छ । त्यस्तैगरी सहकारीमा आवद्ध महिलाहरू पनि व्यवस्थापन कार्यसमिति र अन्य साधारण शेयर सदस्यह

### मार्क्सवादी महिलावाद

मार्क्सवादी महिलावादको उत्पत्ति र विकासको सन्दर्भलाई हेर्दा कार्लमार्क्स र फ्रेडरिक एन्जेल्सको कृति "ओरिजिन अफ दी फ्यामिली, प्राइभेट प्रोपटी एण्ड दी स्टेट १८८४" लाई लिन सकिन्छ मार्क्सवादीहरूले महिला र पुरुष बीच सिर्जित जति पनि असमानता विभेद छन् । जुन जैविकीय कारण र ईश्वरीय कारणले भएको नभई समाजको आर्थिक सम्बन्धका उपज भएका बताउँछन् । यिनीहरूका अनुसार उत्पादन प्रणालीको विकास तथा समाजमा सम्पत्ति माथिको व्यक्तिगत स्वामित्वको कारणले सदियौदेखि समाजमा लैङ्गिक विभेदहरू सिर्जना भएका छन् । महिलाहरू पुरुष सरह सबै काम गर्न सक्छन् तर महिला र पुरुषका बिच रहेको असमान शक्ति सम्बन्धका कारण स्रोत माथि पुरुषको नियन्त्रणले व्यापकता पाउँदै गरेको र यो क्रम पूँजीवादी अर्थव्यवस्थासम्म आइपुग्दा अरु बढी व्यापक बन्दै गयो । समाजको वर्गीय चरित्र नै महिला विभेदको मुल कारक तत्व हो भन्ने निष्कर्ष मार्क्सवादी महिलावादीको रहेको छ (रिट्जर, १९९६) ।

यस महिलावादले मार्क्सवादी धरातलमा टेकेर मार्क्सलाई आलोचना गर्दै मार्क्सकै धारमा बसेर विश्लेषण गर्दछ । समाजको इतिहास भनेको नै वर्ग संघषै मात्र हो त भन्ने सवाल गर्दै समाजमा वर्ग वर्ग बीच मात्र संघर्ष नभएर शोषित र शोषण गर्ने समुह बीच मात्र संघर्ष नभएर महिला र पुरुष बीच पनि असमान शक्ति सम्बन्ध रहेको छ भन्दछन् । यसले वर्गीय आधारमा समाजको व्याख्या र विश्लेषण गर्न सकिएमा महिला माथिको दमन, विभेद, असमानता जस्ता पक्षलाई हटाउन सकिन्छ भन्ने सोचाइ राख्दछ । यस प्रकारको महिलामाथिको दमन अत्याचार नयाँ शोषण खास गरी पितृसत्ता र पूँजीवादी संरचनाबाट भएको मार्क्सवादी महिलाहरूको रहेको छ । निजी सम्पत्तिको अवधारणाको विकाससँगै उत्पादन, व्यवसायमा पुरुषमा सहयोगीका रुपमा महिलालाई परिभाषित गरियो । सम्पत्तिको निरन्तर हस्तान्तरण र सम्बद्धनका लागि छोरा जन्माउने मेसिनको रुपमा महिलालाई लिन थालियो । महिलाहरू घर भित्रकै धन्दामा सीमित गरिए या त कमसल कार्यमा कम ज्यालामा लगाए । पूँजीवादी समाजको उदयसँगै महिलाहरूले असमानता, दमन, अत्याचार सहनुपर्‍यो । कार्लमार्क्सले महिला र पुरुषबीच रहेको असमान शक्ति सम्बन्धलाई विश्लेषण गर्दै भनेका छन् कि पुँजीवादी समाजमा जसरी पूँजीपतिहरूले स्रोतमाथि नियन्त्रण गरे त्यसरी नै महिलाहरू श्रमजीवी जस्तै हुन्छन् ।

मार्क्सवादी महिला र पुरुष बीचको सम्बन्ध बैज्ञानिक आधारमा विश्लेषण गर्दछन् । जसमा महिलाहरूमाथि रहेका सामाजिक आर्थिक तथा साँस्कृतिक विभेदको अन्त्य गरी उत्पादन शक्ति माथिको पहुँच बढी मजबुत पार्नुपर्ने तथ्यमा जोड दिन्छन् । महिलाहरूमा भएको ज्ञान, सीप र क्षमताको प्रयोग गर्नुपर्छ भन्दछन् । मार्क्सवादी महिलावाद अनुसार समाजको विश्लेषण जसरी वर्गीय आधारमा गर्न जरुरी छ त्यसरी नै लैगिंक आधारमा पनि विश्लेषण गर्न आवश्यक ठान्दछन् । समाजको पूँजीवादी ढाँचामा परिवार स्तरबाटै श्रमको शोषण भएको छ । घरायसी कार्यलाई उत्पादनशील कार्यका रुपमा गणना गरिएको छैन (रिटजर, २०००) ।

मार्क्सवादले महिलाहरूलाई अनुत्पादनमुलक कार्यमा प्रयोग गरिएको छ भनेको छ त्यस्तैगरी सहकारीमा आवद्ध महिलाहरू मध्ये सतप्रतिशत जागिर तथा व्यापार व्यवसायमा आवद्ध नरहेको र घरायसी काममा व्यस्त रहेको पाइयो । व्यापार व्यवसायमा लागेका महिलाहरू पनि घरायसी सम्पूर्ण कार्यहरू सकेपछि मात्र जागीर तथा व्यापारमा जाने गरेको र जागिरबाट फर्केपछि पनि घर धन्दामा व्यस्त रहेको पाइएको छ ।

### २.२.२ सामाजिक तथा आर्थिक सिद्धान्त

आर्थिक वृद्धि र विकास यी दुई शब्द उस्तै-उस्तै लागे तापनि यी दुईको बीचमा केही तात्विक भिन्नता पाइन्छ । खासगरी आर्थिक वृद्धि भन्नाले अधिकतम सेवा र उत्पादनलाई जनाउँदछ भने विकास शब्दले व्यक्तिको आर्थिक अवस्थामा सुधार आउन तथा आर्थिक एवम् सामाजिक संरचनामा परिवर्तनसँगै गरिबी निवारण हुने कुरा बुझिन्छ । आर्थिक विकासका विभिन्न मापकहरूः मानव विकास सुचाङ्क, लैङ्गिक सशक्तिकरण माप, मानव गरिबी सुचाङ्क, मानवीय स्वतन्त्रता सुचाङ्क आदि द्वारा मापन गर्न सकिन्छ । आर्थिक वृद्धिको अर्को अर्थ मुलुकको उत्पादनशील क्षमतामा अभिवृद्धि हुनु हो । आधुनिक प्रविधिको प्रयोगद्वारा भूमि, श्रम, पूँजि एवम् अन्य व्यापारिक स्रोतहरूको उचित परिचालनबाट उत्पादकत्व वृद्धि हुन सक्छ । सैद्धान्तिक रूपमा भन्नुपर्दा भौतिक सुविधा तथा भलाइ जस्ता मानवीय आवश्यकताको पूर्वाधार अभिवृद्धि गरी जीवनशैली उठाउने कार्य भन्ने बुझिन्छ । कहिलेकाही भौतिक सम्वृद्धिले वातावरणीय विनास तथा असन्तुलन पनि निम्त्याउन सक्छ । त्यसैले वातावरणीय सन्तुलन कायम गरेर विकास निर्माणको कार्य अगाडि बढाउनुपर्दछ । हाम्रो समाजमा विभिन्न जात र वर्गका बीचमा धेरै असमानता

पाइन्छ । धनी र गरिब बीचको खाडल, आर्थिक तथा सामाजिक अवस्थामा नारी र पुरुष बीचको हैसियत तुलनात्मक रूपमा निकै अमिल्दो पाइन्छ । यस अध्ययनको सन्दर्भमा पनि आर्थिक तथा सामाजिक सिद्धान्तले केहि न केही तात्विक अर्थ राख्ने भएकाले यो सिद्धान्त सान्दर्भिक छ । हाम्रो मुलुकको सन्दर्भमा आयको वितरण, वातावरणीय क्षयका बारेमा चर्चा गर्दा मापन गर्ने प्रमुख आधार संयुक्त राष्ट्र सङ्घिय विकास कार्यक्रमले तय गरेको मानवीय विकास सुचाङ्क बढी भरपर्दो मानिन्छ । आर्थिक समाजशास्त्रले पनि यससँग नजिकको सम्बन्ध राख्दछ । समाजशास्त्रीहरूले सामाजिक स्तरीकरण, सङ्गठन तथा विकासका सम्बन्धमा अध्ययन गर्ने भएकाले यसको दायरा विस्तार गर्ने कार्यमा आर्थिक सामाजशास्त्रको पनि अन्योन्याश्रित भूमिका रहन्छ । मार्क्सवादी विद्वान्हरूले पनि सामाजिक संरचना, वर्ग, सामाजिक स्तरीकरण आदि विषयलाई नै समाजको अध्ययनको मुख्य केन्द्रविन्दु मान्ने गर्दछन् । आर्थिक समाजशास्त्र स्तरीकरण सङ्गठन विकासको शास्त्र आदि विषयसँग नै सम्बन्धित हुन्छ (कार्की, २००८) ।

यो अवधारणा खासगरी आर्थिक विकासका समस्यासँग सम्बन्धित रहेको पाइन्छ । समाजको संरचना सङ्गठनहरूको अध्ययन तथा प्रवृत्ति आदि विषयको सेरोफेरोमा रहेर आर्थिक विकासका सवालहरू केन्द्रित हुने गर्दछन् । यसले यिनै पक्षलाई महिलाको सामाजिक तथा आर्थिक कअवस्थाको अध्ययनबारे चर्चा गर्दा विवेकपूर्ण छनौटको सिद्धान्त पनि सान्दर्भिक मानिन्छ किनकी नारीको समग्र अवस्थालाई माथि उठाउन निर्णय प्रक्रिया तथा छनौट सम्बन्धी अवसर उपलब्ध गराउनु पनि वाञ्छनिय मानिन्छ । वैचारिक परिवर्तन र आर्थिक परिवर्तन दुवै साथसाथै जाने विषय हुन् । यी विषय पनि आर्थिक समाजशास्त्रसँग नै आवद्ध छन् । आर्थिक जीवन जो उत्पादन, वितरण उपभोगसँग सम्बन्धित छ । यो पक्ष समाजमा व्याप्त स्तरीकरण, साङ्गठनिक ढाँचा, आर्थिक विकाससँग पनि जोडिएको पाइन्छ । हाम्रो समाजमा विद्यमान विविधताहरू जस्तै सांस्कृतिक, सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, वैचारिक, धार्मिक आदि पक्षहरूले पनि सामाजिक जीवनमा गहिरो प्रभाव पार्दछन् । जो महिलाका आर्थिक तथा सामाजिक जीवनसँग पनि सम्बन्धित छन् (दाहाल, २०६६) ।

समाजशास्त्री म्याक्स वेवर र प्यारेटोले अर्थशास्त्रमा पनि योगदान दिएको छ । जसलाई राजनीतिक अर्थशास्त्र भनिन्छ । यसमा मिल मार्क्स, हवर्ट स्पेन्सरको पनि महत्वपूर्ण भूमिका रहेको छ (वेटेइल २००२, १७९) । जस अनुसार महिलाको अवस्था परिवर्तनका सम्बन्धमा

प्रत्येक खालका परिवर्तनको कारकतत्व आर्थिक पक्ष हो । कार्लमार्क्सका अनुसार आधार संरचना अनुसार नै उपरिसंरचनाको निर्माण हुन्छ भने जस्तै आर्थिक पक्ष मजबुद भयो भने महिला सशक्त भएर अगाडि बढ्न सक्दछ । पुरुष प्रति महिलाको आर्थिक परनिर्भरता नै महिला पछाडि पर्नुको मुख्य कारण हो (मेघाडेन, २००५:३३) ।

मानिस चेतनशील प्राणी हो, ऊ एक अवस्थाबाट अरू बढी सुविधा सम्पन्न अवस्थामा पुग्न खोज्छ, प्रत्येक व्यक्ति, समुदाय तथा राष्ट्र अरू अगाडि बढ्न खोज्छन्, यो एउटा मानवीय गुण हो की अरू बढी सफल, समुन्नत र सक्षम हुन चाहनु, जसले वर्तमानमा हुने सकारात्मक परिवर्तनलाई जनाउँछ, जुन समाजको संरचनात्मक परिवर्तनसँग सम्बन्धित छ । वास्तवमा विकासका लागि समुन्नत समाज जो पराधीनता, शोषण र दमनबाट भुक्त भएको हुनुपर्दछ । सबै वर्ग वा समुदायको समतामा आधारित पहुँचको अभिवृद्धिलाई विकास भन्न सकिन्छ । विकासलाई तौलन सकिदैन यसको प्रकृति नितान्त गुणात्मक हुन्छ जसमा मानवीय क्षमताका कारण आफ्ना स्रोत र साधनको अधिकार प्रयोग गरिन्छ ।

मानव सभ्यताको विकास शुरूका दिनहरूमा जनसङ्ख्या ज्यादै कम थियो । त्यतिबेला मानिसहरूलाई आफ्ना आधारभूत आवश्यकताका वस्तुहरू प्राप्त गर्न गाह्रो पर्दथ्यो । त्यतिबेलाका मानिसहरू आफूले जे जस्तो वस्तुहरू उत्पादन गर्न सकिन्छ त्यसैमा भर पर्दथ्यो । जब-जब मान सभ्यताको विकास क्रम बढ्दै गयो, तव आवश्यकता र चाहनामा पनि वृद्धि हुँदै गयो । त्यसपछि असीमित आवश्यकता र चाहनाको पूरा गर्ने वस्तु तथा सेवा उत्पादन गर्न एक्लै गाह्रो पर्न थाल्यो । फलस्वरूप मानिस-मानिसबीच सहयोग र समन्वय स्थापना गर्नुपर्ने आश्यकता सृजना हुन थाल्यो । यसबाट आफूले उत्पादन गरेका वस्तु र सेवा अरूलाई दिने र अरूले उत्पादन गरेका वस्तु वा सेवा आफूले लिने प्रथाको शुरूवात हुन थाल्यो । यसले गर्दा अरू र आफ्नो आवश्यकतालाई पूरा गर्न उत्पादन प्रणालीको विकास भयो । यस धारणाले वस्तुहरूमा आफ्नो स्वामित्व आवश्यक पर्ने कुरा महसुस हुन थाल्यो । पहिलाको समय र हालको जस्तो भौतिक साधन, स्रोत र सुविधाको विकास भएको थिएन । क्रमशः आफूले उत्पादन गरेका वस्तुलाई वस्तु विनिमय प्रणाली अनुसार आवश्यकताको पूर्ति गर्ने माध्यमको रूपमा विकसित हुन थाल्यो । विकाससँगसँगै आवश्यकता पनि बढ्न थाल्यो र पूर्ति पनि बढ्न थाल्यो । सेवा र वस्तु विनिमय प्रश्नावलीबाट क्रमशः मुद्राको माध्यमले खरीद बिक्री गर्ने प्रणालीमा पुग्न थाल्यो जसले गर्दा

वस्तु सेवाको उत्पादनदेखि वितरणसम्म व्यवसायिक प्रणालीको शुरूवात हुन थाल्यो । सभ्यताको विकास सँगसँगै मानिसहरूमा सहकारिताको भावनाको विकास प्रत्यक्ष अप्रत्यक्ष रूपमा हुँदै आएको पाइन्छ । वर्तमान समयसम्म आइपुग्दा आय आर्जन गर्ने, समूहमा काम गर्ने विचार भाव आदानप्रदान गर्ने सङ्गठनमा स्वतन्त्र रूपमा सहभागी हुने, स्वतन्त्र रूपमा आर्थिक क्रियाकलापमा भाग लिई आर्थिक विकास गर्ने र सामाजिक प्रतिष्ठा उच्च कायम गर्नेतर्फ सहयोग पुऱ्याउने माध्यमको रूपमा सहकारी आन्दोलनले विश्वव्यापी मान्यता पाएको छ ।

जुनसुकै देशहरूमा पनि विकासका कामहरू सहकार्यताबाटै भएका छन् । एक आपसमा भाइचारा बढाएरै भएका छन् त्यसकारण विश्व विकासको भूमिकामा सहकारीको महत्वपूर्ण स्थान छ ।

### २.२.३ **लैङ्गिक विकासमा पहुँच**

**विकासमा महिला**

सन् १९७० सम्मको विकासको लामो इतिहासले महिलाको खरो योगदानलाई अस्वीकार गरे पनि ७० को दशकसँगै विकासको प्रक्रियामा महिलाको समानुपातिक सहभागिता र विकास हुनुपर्ने दरो आवाज उठ्यो । सन् १९७० मा “अमेरिकामा सोसिओलोजी फर इन्टरनल डेभलेपमेन्ट” को स्थापनाले विकासमा महिला सहभागिताको आवाजलाई अझ बुलन्द गऱ्यो र सन् १०७० मै इस्टर वोपरको “आर्थिक विकासमा महिलाको भूमिका” नामक पुस्तक प्रकाशन भएपछि मात्र महिलाको भूमिकालाई मूल्याङ्कलन गर्न प्रेरित गऱ्यो । खासगरी १९५० पछाडि आधुनिकीकरणको सिद्धान्तले विकासका नाममा धेरै विभेद र असमानताहरू बढ्दै गएको पाइयो । विकासको प्रक्रियामा माथिबाट तल जाने रणनीति अपनाएकोले समाजको सन्तुलित विकास हुन सकेन । त्यसैले विकासलाई पुरुषको आँखाबाट मात्र नहेरेर महिलाको आँखाबाट पनि विश्लेषण गर्नुपर्ने कुरालाई जोड दिइयो (मास्से, १९९३) ।

यस अवधारणा अनुसार महिलाको भूमिकालाई यथोचित स्थान दिनका लागि उनीहरूलाई पुनउत्पादन क्षेत्रबाट निकाली उत्पादन क्षेत्रमा समावेश गर्नुपर्छ । विकास कार्य तथा प्रक्रियामा महिला र पुरुषको समान सहभागिता हुनुपर्दछ । महिलाको पनि उत्पादन कार्यमा महत्वपूर्ण योगदान रहन सक्छ र महिलाहरूको विद्यमान अवस्थामा सुधार ल्याउन

महिलाहरूलाई विकास योजनाहरूले प्रभाव पार्न सक्नुपर्दछ । त्यसैगरी स्रोतमाथि महिलाहरूको पहुँच बढाई उनीहरूलाई समेट्न सकिएमा महिला पुरुषबीच रहेको असमानता हटाई समतामा आधारित समाजको निर्माण गर्न सकिने तथ्यमा यस अवधारणाले जोड दिन्छ । महिलालाई विकासको मूल प्रवाहमा ल्याउन निम्न पक्षमा जोड दिनुपर्ने मान्यता राख्दछ । कानुनी समानता, रोजगारमा पहुँच, शिक्षा, स्वास्थ्यमा अवसर, सम्पत्तिमा पहुँच महिलालाई सहयोग गर्ने उपयुक्त प्रविधि आदि यसरी वीड अवधारणाले अर्थतन्त्रमा महिलाको भूमिकालाई मूल्याङ्कन गर्दै घरायसी उत्पादन क्षेत्रमा जान प्रेरित गरेको पाइन्छ (चौलागाई र अन्य, २०६०) ।

महिला र विकास

विकासमा महिला अवधारणाले महिलाको वास्तविक उन्नति गर्न नसकेको र विकासको मूल प्रवाहमा उनीहरूलाई सहमति गर्न नसकेको भन्ने आलोचना गर्दै सन् १८७० को उत्तरार्द्धमा महिला र विकास नामक अवधारणा देखा पर्‍यो । आधुनिकीकरणको सिद्धान्त अनुसार सञ्चालित विकासको रणनीतिले अविकसित मुलुकमा नकारात्मक असर पर्‍यो । केन्द्रबाट पृष्ठतर्फ अर्थात् माथिबाट तलतर्फ जाने विकासको रणनीतिले गरिब राष्ट्रको विकासले गति लिन सकेन । यिनै पृष्ठभूमिलाई आधार मानेर परनिर्भरताको सिद्धान्त देखा पर्‍यो । यस सिद्धान्तले धनी र गरीब राष्ट्रबीच केन्द्र र पृष्ठको सम्बन्ध रहने कुरालाई उल्लेख गरे जस्तै यसैलाई आधार मानी वाड अवधारणाको समाजमा पुरुष र महिलाबीच केन्द्र र पृष्ठको सम्बन्ध रहने अवधारणा सार्‍यो । महिला र पुरुषबीच असमान सम्बन्ध रहेको हुँदा महिला र पुरुषबीचमा शोषित र शोषाक, पीडित र पीडकको सम्बन्ध कायम रहेको छ । जाति, वर्ग, स्थान र समाज अनुसार सम्बन्ध पनि फरक-फरक रहेको छ (श्रेष्ठ, २०५६) ।

विकास प्रक्रियामा महिलाहरू सहभागी हुँदै आए पनि पुरुषले महिलाको यौनिकतामाथि नियन्त्रण गरेको र सम्पत्तिमा महिलाको पहुँच नभएको कारण महिला निम्न अवस्थामा रहेका छन् । समाजमा महिलामाथि विभिन्न किसिमका हिंसाहरू-बालविवाह, बहुविवाह, कुटपिट, यौनशोषण, यौन दुराचार, बेचबिखन, भेदभाव, दास प्रथा, सती प्रथा, झुमा प्रथा, कुमारी प्रथा विद्यमान छन् । यी प्रथाहरूले महिलालाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा शारीरिक तथा मानसिक प्रभाव पारिरहेका छन् । जीवनका अवसरहरूको सदुपयोग गर्न बाधा पुऱ्याएका छन् । सार्वजनिक जीवनमा सहभागी हुन बाधा पुऱ्याएका छन् (अर्याल, २००५) ।

त्यसैले महिला विरूद्धको सबैखाले हिंसाहरूको अन्त्य गर्नुपर्दछ । महिलाको सबै किसिमका भूमिकाको पहिचान गरिनुपर्दछ । सम्पत्तिमा महिलाको पहुँच हुनुपर्ने, सम्पत्तिको पूर्ण विवरण हुनुपर्ने, उत्पादनका साथै पुनउत्पादनमा जोड र विकास प्रक्रियामा महिलाको सवाललाई व्यवस्थित पार्ने, महिला चेतना, जागरण अभियान तथा प्रचार प्रसारलाई जोड दिँदै समान अवसरमा जोड दिइएको छ । महिला केन्द्रित विकास मात्र भन्दा विकासमा पुरुष सरह महिलाको सहभागिता हुनुपर्ने तथ्यमा यस अवधारणाले जोड दिएको छ (श्रेष्ठ, २०५६) ।

जेण्डर र विकास

वीड र वाड अवधारणाले महिलाको अवस्थालाई सुधार र वास्तविक विकास गर्न सकेनन् । विकास प्रक्रियामा महिलालाई मात्र समाहित गर्दा महिलाको दिगो विकास नभएकोले महिला र पुरुष दुवैलाई विकास प्रक्रियामा समतामूलक ढङ्गले समाहित गर्न सकेमा मात्र दीगो विकास हुन्छ भन्ने अवधारणा देखा पऱ्यो । यो ग्याडको अवधारणा सन् १९८० को दशकमा उत्पत्ति हुन पुग्यो । यो समाजवादी मपहलावादबाट प्रभावित उपागम हो । यसले महिला र पुरुषको सम्बन्धलाई सर्वाङ्गीण पक्षबाट विश्लेषण गर्दछ । महिला तथा पुरुषको समतामूलक विकासको लागि यो अवधारणा अन्य अवधारणाभन्दा बढी व्यवहारिक, सान्दर्भिक, चर्चित र शाश्वत रहेको छ (दाहाल, २०६६) ।

यसले विभिन्न देश, समाज, धर्म, जाति, जनजाति अनुसार लैङ्गिक विश्लेषण हुनुपर्ने कुरामा जोड दिएको छ किनकी विभिन्न देश, समाज, जाति अनुसार नारी पुरुष सम्बन्ध फरक-फरक हुने गर्छ । असन्तुलित नारी पुरुष सम्बन्धलाई सन्तुलनमा ल्याउनका लागि दुवैलाई वा कमजोर पक्षलाई आवश्यकता अनुसार सशक्तिकरण गर्नुपर्ने हुन्छ । महिलाहरू जसको अधिनमा छन्, जसले जानेर वा नजानेर महिलाहरूलाई आफ्नो नियन्त्रण र अधिनमा राखेको छ जसमाथि महिलाहरू आश्रित छन्, उनीहरू सचेत नभएसम्म महिलाका लागि मात्रै जति कार्यक्रमहरू सञ्चालन गरिए तापनि त्यसलाईक आशा गरिए अनुरूपको लक्ष्य प्राप्ति हुन सक्दैन । परिस्थिति अनुसार महिलाभन्दा पुरुष तल परेको पनि हुन सक्छ । त्यसैले लैङ्गिक विकासले नारी र पुरुषबीचका सम्बन्धमा कमजोर पक्षलाई सशक्तिकरण गरेर समान हैसियतमा पुऱ्याउनुपर्छ भन्ने कुरामा जोड दिन्छ (दाहाल, २०६६) ।

## २.३ पूर्व साहित्यको समिक्षा

जमिनको सीमितता भएको हाम्रो जस्तो देशमा सहकारी संरचनाको माध्यमबाट ठूलो पूँजी सङ्कलन गर्न सकिन्छ । गरीबीको दुश्चक्रमा फसेको हाम्रो देशलाई उठाउन सहकारी माध्यम अति महत्वपूर्ण हुनेछ । हालैका वर्षहरूमा तनहुँ, चितवन काभ्रे सिन्धुपाल्चोक लगायतका जिलका अनेक गा.वि.स.हरूमा पशु विमा सहकारी संस्थाहरू खुलेका छन् । किसानले थालेका यस्ता पशु विमा सहकारीले एउटा भैंसी मर्दा घरवारी नै समाप्त हुने खतरा सामना गर्न नसकी भैंसी पाल्न आँट गर्न नसक्ने किसानलाई भरथेग गरेको छ । पशुपालन व्यवसायीहरूले फलफूल, तरकारी उत्पादन र मौरीपालनसमेत कार्य सँगसँगै गर्न सक्ने र क्रमशः अन्य कुटिर उद्योग, साना उद्योग र पशुपालन तथा कृषि क्षेत्रका उत्पादन सहायक उत्पादनमा प्रवेश गर्नसक्ने आधार बन्दै जान्छ । यसले सिंगो देशको औद्योगिक तथा व्यापारिक क्षेत्रको विकासका लागि कच्चा पदार्थ उत्पादन तथा उपभोग क्षमता भएका जनसमुदायको सिर्जन ागर्न सक्दछ । हाम्रो जस्तो देशमा सबैखाले सहकारीको आवश्यकता र सम्भावना छ । सहकारीले जति व्यापकता लिँदै जान्छ त्यति मात्रामा गरिबी निवारण र रोजगार सिर्जना सक्छ । यसले आर्थिक आधारमा नै प्रजातान्त्रिक संस्कार, संस्कृति र व्यवहारलाई बलियो बनाउँछ । अप्रजातान्त्रिक, अपारदर्शी रशोषण मनोवृत्तिलाई विस्थापित गर्न सहयोग गर्दछ (बडाल, २०६२) ।

सहकारीको जन्म समस्या र संकटको बेला संकट मोचनका लागि हुने गरेको पाइन्छ । प्रोफेसर अमर्त्य सेनले भनेका छन् "अकाल, वस्तु उत्पादनको न्यूनताका कारण मात्र हुँदैन उत्पादित बस्तुमाथि उत्पादनमा भाग लिने संकटग्रस्त समुदायको अधिकार रहने भने विकराल अवस्था हुन सक्दछ । हजारौ ठूला अन्न भण्डारकै छेउछाउमा अन्नको दाना नपाएर भोकभोकै मरेका मानिसहरूको लस्कर बंगालमा मैले देखेको छु ।" सामाजिक न्यायको लागि उत्पादकत्व वृद्धिका लागि दिगो विकासका लागि आधारभूत तहकावनतामा आर्थीक क्षेत्रमा लोकतन्त्र स्थापित गर्नका लागि सहकारी महत्वपूर्ण आर्थिक आधार हुने गर्दछ (बडाल, २०६५) ।

महिलाहरूमा आधुनिक प्रविधि व्यवस्थापनको ज्ञानको कमी भएको कारण एवम् सम्पत्तिमा पहुँच, आत्मनिर्भरता नहुनु, घरायसी झमेलाका कारण संस्था र व्यवसायहरूमा प्रतिस्पर्धामा अगाडि बढ्न बाधा भएको छ (शर्मा, २००३) ।


नेपालमा झण्डै २४ हजार भन्दा बढी सहकारी संस्थाहरू छन् । बचत तथा ऋण र बहुउद्देश्यीय सहकारी संस्था सबैभन्दा बढी छन् । हिमाल पावर लिमिटेडले निर्माण गरेको ६० मेगावाटको खिम्ति जलविदुत आयोजनाको निर्माणका क्रममा स्थानीय बासिन्दाका लागि खिम्ति जलविदुत आयोजनाको खिम्ती ग्रामिण सहकारी लिमिटेड जो एक मात्र विद्युत सहकारी हो । यस सहकारीसँग आफ्नै पावरप्लान्ट छ जुन झाक्रे लघु जलविद्युत आयोजनाको सञ्चालनका लागि बनाइएको हो । नेपालका अरु विद्युत सहकारीसँग त्यो छैन खिम्ति जलविद्युत आयोजनाका पूर्व प्लान्ट म्यानेजर खड्ग बहादुर विष्टको मेहनतको परिणाम हो यो । सहकारी । ६२० किलोवाट क्षमताकाको झाक्रे जलविद्युत आयोजनाको व्यवस्थापन तथा सञ्चालनयसैले आफै गर्दछ । २६ जना स्थायी कर्मचारी रहेको यस सहकारीले दोलखा र रामेछापका १० गाउँ विकास समितिका ४५०० घरमा अविछिन्न विद्युत् सेवा पुऱ्याइरहेको छ । नतिजा यी गाउँलेहरूले लोडसेडिङको सामना गर्नुपरको छैन । मुलुकका गाउँ गाउँमा यसरी लघुजलविदुत्आयोजना बन्ने हो भने गाउँलेहरूले बाह्रै महिना बाह्रै काल उज्यालो देख्न पाउँथे (हुमगाई, २०६३) ।

हिमालपारी मुस्ताङ जिल्लाको एक गाउँमा स्थानीय कृषक जनताहरूले सहकारीको माध्यमबाट बारीको घाँस बेची एकजना कृषकले औषतमा सालभर ४००० जतिको घाँस व्यापारीलाई बेच्दा रहेछन् । त्यस गाउँमा एएटा सानो सहकारी संस्थाले गाउँका सारा सदस्यहरूलाई समेटेर प्रत्यकको पारिवारिक आम्दानीमावृद्धि गराउयन सफल भएका छन् । यस्ता सम्भावनाहरू प्रशस्त छन् हाम्रो गाउँघरमा । मुख्य बालीबाहेकपनि कागती, केरा, पिंडालु, मेवा, ओखर, अम्बा, कुभिण्डो, फर्सी, दालचिनी जस्ता दशौं थरीका चिजबिजको सहकारी बजार व्यवस्था मिलाई सहकारीबाट तिनको खेतीविस्तार गर्दै सदस्यहरूको पारिवारिक आम्दानीमा सयौं रुपैयाँको योगदान गर्न सकिन्छ (रेग्मी,२०६५) ।

विभिन्न सन्दर्भ साहित्यहरूको पुनरावलोकन गर्दा हाम्रो समाजमा रहेको महिला र पुरुषबीचको भेदभावलाई समाजले कसरी हेरेको छ भने समाजले हेर्ने दृष्टिकोणको विश्लेषण गरिएको पाइएको छ । देशमा रहेका महिलाहरूको शैषिक स्तर हेर्ने हो भने पनि अझै पनि

सोचे जस्तो बनाउन सकिरहेको छैन । विशेष गरी महिनाको आर्थिक स्तर वृद्धि गर्न सहकारीको माध्यमबाट विभिन्न पेशा व्यवसाय सञ्चालन गरी तिनीहरूको आीर्थक स्तर उकास्न खोजिएको छ भन्ने भनाइहरू पाउन सकिन्छ । महिनाहरूले बचत तथा ऋण सहकारी स.स्था खोल्ने, बचत सङलन गर्ने ऋण प्रदान गर्ने, ऋण लिएर विभिन्न पेशाहरू सञ्चालन गरी त्यसबाट मनग्ढ फाइदा कमाएको पाइएको छ । सहकारीको माध्यमबाट साना जलविद्युत आयोजनाको निर्माण गरी बिजुलीको सुविधा लिएको पाइएको छ । त्यस्तै सामूहिक खेतीपातीको व्यवस्थ ागर्ने देखि लिएर महिला हितको लागि विभिन्न खालका आर्थिक तथा सामाजिक प्रगतिका कार्यक्रम गरेको पाइन्छ । यस्ता खालका कार्यक्रमहरूले समग्रमा त्यसबाट महिलामात्र लाभान्वित नभई अप्रत्यक्ष रुपा पुरुष पनि त्यतिकै लाभान्वित भएको पाइन्छ ।

## २.४ अवधारणागत खाका



# अध्याय तीन

## अनुसन्धान विधि

### ३.१. अध्ययन क्षेत्र छनौटको औचित्य

यस अध्ययनको मुख्य उद्देश्य महिलाहरूको सशक्तिकरणमा बचत तथा ऋण सहकारी संस्थाले खेलेको भूमिका सम्बन्धमा छ। अध्ययनको क्रममा सङ्कलित सूचना तथा तथ्याङ्क विश्लेषण गर्दै उक्त कार्यक्रमले संलग्न महिला सदस्यहरूमा पारेको आर्थिक, सामाजिक, सांस्कृतिक प्रभावको साथै भूमिकाको उजागरण गर्ने प्रयास गर्दछ।

### ३.२ अनुसन्धान ढाँचा

सहकारीले महिलाको जीवनमा ल्याएको परिवर्तन र ससक्तीकरण के कस्तो छ भन्दै व्याख्या र विश्लेषण गर्नु परेको हो । त्यसै अनुसार यस अध्ययनमा वर्णनात्मक, व्याख्यात्मक र विषयवस्तु विश्लेषण ढाँचाको समेत अवलम्वन गरिएको छ।

### ३.३ नमूना छनोट

कर्मशिल वचत तथा ऋण सहकारी संस्थाको माध्यमबाट महिलाहरूको सामाजिक, आर्थिक, सांस्कृतिक क्षेत्रबाट उनीहरूको ससक्तिकरणमा पारेको प्रभावलाई उल्लेख गर्न खोजिएको छ। यस संस्थामा आवद्ध ८०० जना शेयर सदस्यहरू मध्ये महिला सदस्यको सङ्ख्या १८३ रहेका छन् । तिनीहरूमा पनि अध्ययनमा सजिलो होस् भने हेतुले कुल सङख्याको ३० प्रतिशत अर्थात् ५५ जनालाई नमूना छनोट विधिबाट लिइएको छ । यसमा समावेशभएका ३७ जना ब्रह्मण क्षेत्री, १४ जना जनजाति, २ जना दलित र १ जना मुसलमान महिलाहरूलाई उत्तरदाताको रुपमा लिइएको छ।

### ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै प्रकारका तथ्याङ्कहरूको प्रयोग गरिएको छ । सहकारीताले महिलामा ल्याएको सशक्तिकरण र कर्मशील बचत तथा ऋण सहकारी संस्थामा संलग्न महिलाको सक्रियता सम्बन्धमा उल्लेख गर्न खोजिएको छ । यसमा

प्राथमिक, द्वितीय तथ्याङ्क र सूचनाको प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि सहकारी सम्बन्धी विभिन्न प्रतिवेदनहरू, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयबाट प्रकाशित विभिन्न पुस्तकहरू, सहकारी संवाद, सहकारी मासिक प्रतिवेदन लगायतका प्रतिवेदन तथा स्मारिका एवम् सहकारी सम्बन्धी विभिन्न पत्र पत्रिकामा लेखिएको लेखहरू, पम्पलेटमा लेखिएका महिला सम्बन्धी विषयवस्तुसम्म पनि यस विधिमा समावेश गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनमा प्रयोग भएका विधिहरू

यस अध्ययनमा तोकिएका उद्देश्यहरू प्राप्त गर्नका निम्ति अन्तरर्वार्ता प्रश्नावली, प्रत्यक्ष व्यक्तिगत अन्तरर्वार्ता जस्ता उचित विधिहरू अपनाई आवश्यक तथ्याङ्कहरू र सूचनाहरू जम्मा गरिएको छ । सहकारीका कार्य समितिका सदस्यहरू र संलग्न महिला सहभागिहरूसँग लिएका सूचनाहरू प्राथमिक छन् भने विभिन्न समयमा प्रकाशित पत्रपत्रिका, लेख रचना द्वितीय सूचनाहरू हुन् । कर्मशील बचत तथा ऋण सहकारी संस्थाको विभिन्न कार्यक्रममा संलग्न भई तथा नियमित बैठकमा संलग्न भएर आवश्यक सूचनाहरू सङ्कलन गर्ने प्रयास गरियो । तथ्याङ्क सङ्कलन गर्न निम्न बमोजिमका विधिहरू अवलम्बन गरिएको छ ।

### ३.५.१. अन्तवार्ता अनुसूचि

कर्मशील बचत तथा ऋण सहकारीमा संलग्न महिला शेयर सदस्यहरूलाई अनुसूची १ मा उल्लेखित अन्तरर्वार्ता प्रश्नावली गरी तिनीहरूको आर्थिक, सामाजिक स्थिति के कस्तो छ ? त्यस सम्बन्धी जानकारी लिइएको छ ।

### ३.५.२ अवलोकन

उत्तरदाताको बाह्य अवलोकनबाट पनि उनीहरूको अवस्था, परिवर्तन र विभिन्न कार्यक्रममा देखिएको सक्रियताबाट पनि उनीहरूको अवस्था बुझिएको हुन्छ ।

### ३.५.३ समूह छलफल

कर्मशील बचत तथा ऋण सहकारी संस्थाका शेयर सदस्यहरूलाई जम्मा पारेर समूहगत छलफल पनि गरिएको छ ।

## ३.६ पूर्वपरीक्षण

यस अध्ययनमा संलग्न महिला शेयर सदस्यहरूको आर्थिक तथा सामाजिक पक्षमा सहकारी संस्थाले के-कस्तो प्रभाव पारेको छ ? उनीहरूको दैनिक जीवनमा कत्तिको सहजीकरण बनाएको छ भन्ने जानकारी लिनको लागि के-कस्ता प्रश्नहरूको छनौट गर्ने र तिनीहरूले कतिसम्म सान्दर्भिक र विश्वसनिय सूचना सङ्कलन गर्न मद्दत गर्दछ भन्ने थाहा पाउन स्थलगत रूपमा पटक-पटक कर्मशील बचत तथा ऋण सहकारी संस्थामा संलग्न भएका शेयर सदस्यहरूसँग भेट गरियो । संस्थाका अध्यक्ष, व्यवस्थापक, सचिव, कोषाध्यक्ष, कर्मचारी एवम् कार्यमितिका पदाधिकारीहरूसँग छलफल गरी अन्तरर्वार्ता प्रश्नावली अनुसूचीको नमूना तयार पारियो । कर्मशील बचत तथा ऋण सहकारी संस्थाको कार्यक्षेत्र वडा नं. ४, ८, ९, ११ र १५ रहेका छन् । हरेक वडाका कम्तिमा एक/एक जना पर्नेगरी पाँच जनाम महिला सदस्यसँग परीक्षण गरियो ।

## ३.७ तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण

कुनैपनि अध्ययन अनुसन्धानको सफलताको मापदण्ड प्राप्त गर्न तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण तथा प्रस्तुतीकरणमा भर पर्दछ । तसर्थ सहकारीले महिलामा आएको ससक्तिकरण सम्बन्धी सङ्कलित कोरा तथ्यहरूको वैज्ञानिक रूपबाट व्यवस्थित गर्न एस्.पी.एस्.एस्. प्रोग्रामको प्रयोग गरी तालिकाको प्रकृति अनुसार वर्गीकरण एवम् विश्लेषण गरिएको छ । तथ्यहरूको प्रकृति हेरेर गुणात्मक तथ्यहरूलाई पनि आवश्यक मात्रामा तथ्यपरक बनाई विश्लेषण गरिएको छ । सङ्ख्यात्मक तथ्यलाई बोधगम्य तरिकाले आवश्यकताअनुसार कही तालिकीकरण, कही वृत्तचित्रद्वारा स्पष्ट पारि तथ्याङ्कहरूको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

# अध्याय चार

## अध्ययन क्षेत्रको सामाजिक, भौगोलिक र जनसाङ्ख्यिक विवरण

### ४.१ कास्की जिल्लाको भौगोलिक एवम् बस्तुगत विवरण

कास्की जिल्लामा विधिवत रूपमा दर्ता भएका ५६९ सहकारीहरू मध्ये कर्मशील बचत तथा ऋण सहकारी संस्था पनि एक हो । कास्की जिल्लामा १ उप महानगरपालिका, १ नगरपालिका र ३३ वटा गाउँ विकास समितिहरू हुन्छन् । यिनीहरू मध्येमा कर्मशील बचत तथा ऋण सहकारी संस्था कास्की जिल्ला पोखरा उप महानगरपालिका वडा नं. ८ सभागृहचोकमा पर्दछ ।

यो संस्था वि.सं. २०६९ साल आषढ २५ गते २७ जनाको तदर्थ समिति गठन गरी सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयमा विधिवत रूपमा दर्ता भयो । २०६९ साल श्रावण १ गते देखि ५ जना कर्मचारी सहित कार्य शुभारम्भ गरेको संस्थाले शुरूमा २७ जन शेयर सदस्यबाट हाल ८०० जनासम्म पुगेको छ भने जसमा महिलाको सङ्ख्या १८३ रहेको छ । महिला सदस्यताको आधारमा २० प्रतिशत ले हुने सङ्ख्याको सर्वेक्षण तथा अध्ययन यस अध्ययनमा गरिएको छ ।

स-साना पूँजिहरू सङ्कलन गरी एकमुष्ठ बनाएर सदस्यहरूमध्ये भित्रै आवश्यकता अनुसार कर्जाको रूपमा वितरण गर्ने र सामूहिक समस्याको समाधान गर्ने संस्थाको उद्देश्य रहेको छ । कुनै पनि कार्य गर्दा समूहगत कार्य नै सफल हुने भएकोले “आउ सँगै अघि बढौं” भन्ने लोगो सहित कार्य अगाडी बढाएको छ । ध्रुव कुवरको अध्यक्षतामा ११ सदस्यीय सञ्चालक समिति गठन भयो । जसमा ३ जना महिला र ८ जना पुरुष रहेका छन् । यसको कार्यक्षेत्र पोखरा उपमहानगरपालिकाको वडा नं. ४, ८, ९, १० र १५ रहेका छन् । यसमा महिलाको सदस्य सङ्ख्या १८३ जना रहेको छ । यिनै महिलाहरूको मात्र यहाँ अध्ययनको उद्देश्य राखिएको छ ।

यस अध्ययनको मुख्य उद्देश्य सहकारीले पारेको सामाजिक, सांस्कृतिक तथा आर्थिक प्रभावको विश्लेषण गर्ने भएकाले कार्यक्रम मार्फत् सञ्चालित हुने आर्थिक, सामाजिक,

सांस्कृतिक, राजनीतिक विधिहरू के-कस्तो जनसाङ्खिक अवस्थितिमा सञ्चालन गरिएका छन् ? सबै जातजाति वर्गको सहभागिता कस्तो छ आदिबारे जानकारी आवश्यक छ । उदाहरणको रूपमा कुनै बस्ती एवम् संस्थामा १४ वर्षमुनि र ६० वर्षभन्दा माथिको उमेर समूहका व्यक्तिहरू छने भने त्यस्तो ठाउँमा आय आर्जनको क्रियाकलाप सञ्चालन गर्न सकिदैन । जातिय, धार्मिक एवम् सांस्कृतिक कारणले गर्दा व्यक्तिको जीविकोपार्जनका क्रियाकलापमा फरक प्रभाव पारिरहेको हुन सक्छ । यसर्थ, यहाँ अध्ययन क्षेत्रको सदस्यहरूको जनसाङ्ख्यिक र जातीय अवस्थाको विश्लेषण गर्न खोजिएको छ ।

सहकारी ऐन २०४८ जारी हुनु अगाडि मुलुकभर ८३० प्रारम्भिक सहकारी संस्थाहरू सञ्चालनमा रहेका थिए । यो ऐन जारी हुनु अगाडि सहकारी संस्थाहरू कानुनतः सरकारद्वारा सञ्चालित र निर्देशित थिए । वि.सं.२०४७ सालमा मुलुकमा प्रजातन्त्रको पुनस्थापना पछि जारी सहकारी ऐन २०४८ ले अन्तराष्ट्रिय सहकारी सिद्धान्त र मूल्य मान्यताहरूको सुनिश्चितता गरको हुँदा सहकारी सङ्घ संस्थाहरूले स्वतन्त्रता र स्वायत्तताको उपयोग गर्ने अवसर प्राप्त गरेबाट क्रमशः सहकारी सङ्घ, संस्थाहरूको सङ्ख्यामा वृद्धि हुँदै गएको देखिन्छ । आ.व.२०७०/०७१ को अन्त्यसम्म सहकारी संस्थाहरूको सङ्ख्या ३११७७ पुगेको छ भने सङ्घहरूको सङ्ख्या ३३० समेत गरी जम्मा ३१५०७ पुगेको छ ।

## ४.२ उमेरको आधारमा उत्तरदाताको संरचना

अध्ययन क्षेत्रको उमेर अनुसार उत्तरदाताको अवस्था के कस्तो छ भन्नेबारे निम्न तालिकामा विश्लेषण गरिएको छ ।

तालिका ४.१: उत्तरदाताको उमेर अनुसारको विवरण

| उमेर | संख्या | प्रतिशत |
|---|---|---|
| १५-२५ उमेर समुहका | २ | ३.६४ |
| २५-३५ उमेर समुहका | ३० | ५४.५५ |
| ३५-४५ उमेर समुहका | १६ | २९.१ |
| ४५ वर्ष भन्दा माथि | ७ | १२.७२ |
| जम्मा | ५५ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण २०७१ ।*

सर्वेक्षण गरिएका ५५ जना उत्तरदाताहरू मध्ये १५ जनाभन्दा कम उमेर हुने उत्तरदताहरू भेटिएका थिएनन् । १५ देखि २५ वर्षसम्मका उत्तरदाताहरूको सङ्ख्या २ अर्थात् ३.६४ प्रतिशत रहेको छ भने २५-३५ वर्षसम्मका उत्तरदाताहरूको सङ्ख्या ३० जना अर्थात् ५४.५५ प्रतिशत रहेको छ । त्यस्तैगरी ३५-४५ वर्षसम्मका उत्तरदाता १६ जना अर्थात् २९.१ प्रतिशत रहेको छ । ४५ वर्षभन्दा माथि उमेरका ७ जना अथवा १२.७२ प्रतिशत उत्तरदाता रहेका छन् । उपर्युक्त तथ्यबाट के बुझिन्छ भने कम उमेरका महिलाभन्दा बढी उमेरका महिलाहरू बढी सहकारीमा बढी संलग्न भएको भेटियो । बढी उमेरका महिलाहरू देखिनुमा व्यवहारमा बढी परेका महिलाहरू नै सहकारीमा सदस्य बन्ने रहेछन् भन्ने पुष्टि हुन्छ ।

## ४.३ जातीय आधारमा उत्तरदाताहरू

अध्ययन क्षेत्रमा समावेश गरिएका ५५ उत्तरदाताहरूमा विभिन्न जाति, जनजाति रहेका छन् । ब्रह्मण, क्षेत्रीको बाहुल्य अध्यधिक भएपनि अन्य जनजातिको पनि राम्रो उपस्थिति रहेको छ । जसले गर्दा सहकारी समावेशी प्रकृतिको भएको र हरेक क्षेत्र र जातजातिका महिलाहरूलाई समावेश गर्न सफल देखिन्छ । जनसङ्ख्याको जातिगत विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.२: जातजाति अनुसारको विवरण

| जात/जाति | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण/क्षेत्री | ३७ | ६७.२७ |
| जनजाति | १४ | २५.४५ |
| दलित | २ | ३.६४ |
| मुसलमान | १ | १.८२ |
| उत्तर नआएको | १ | १.८२ |
| जम्मा | **५५** | **१००** |

*स्रोत: स्थलगत सर्वेक्षण २०७१ ।*

विभिन्न जातिहरूको संलग्नता रहेको यस संस्थामा उत्तर दाताको सङ्ख्यामा ब्राहमण, क्षेत्री र जनजातिको बाहुल्य रहेको छ । ब्राहमणको संलग्नता ३७ जना अथवा ६७.२७ प्रतिशत, जनजाति १४ जना अर्थात् २५.४५ प्रतिशत रहेको छ । त्यस्तै दलित २ जना अथवा ३.६४ प्रतिशत, मुसलमान १ जना अर्थात् १.८२ प्रतिशत छन् । जात खुलाउन नसकेको एक जना सहित गरेर जम्मा ५५ जनामा ब्राह्मण/क्षेत्रीको सङ्ख्या बढी देखियो । सङ्ख्यामा दलित र मुलसमानको संलग्नता कम भएको देखिन्छ । विशेषगरी यो सहकारी भएको ठाउँमा मुसलमानको सङ्ख्या कम भएकोले बचतमा संलग्नता पनि कम देखियो ।

## ४.४ धर्मका आधारमा उत्तरदाताहरू

जनकारीका लागि धर्मका आधारमा उत्तरदाताको सङ्ख्या लिदा हिन्दु, मुस्लिम, बौद्ध र खिष्टियन मात्र भेटिए । जनसङ्ख्याको धर्म अनुसार विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.३ धर्म अनुसारको विवरण

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दू | ४८ | ८७.२७ |
| मुस्लिम | १ | १.८२ |
| बौद्ध | ५ | ९.०९ |
| खिश्टियन | १ | १.८२ |
| जम्मा | **५५** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण २०७१ ।*

यस संस्थामा उत्तरदाताको सङ्ख्यामा हिन्दु धर्म मान्ने ४८ जना अथवा ८७.२७ प्रतिशत रहेका छन् । त्यस्तैगरी मुस्लिम १ जना अथवा १.८२ प्रतिशत, बौद्ध ५ जना अथवा ९.०९ प्रतिशत अनि खिष्टियन १ जना अथवा १.८२ प्रतिशत रहेका छन् । यीमध्ये हिन्दु धर्म अनि बौद्ध पनि मान्ने १ जना भेटिए । सख्याको आधारमा हिन्दु धर्म मान्ने अत्याधिक रहेका छन् भने मुस्लिम र खिष्टियन न्यून सङ्ख्यामा छन् ।

## ४.५ पेशाका आधारमा उत्तरदाताहरू

पेशाका आधारमा मानिसको आम्दानी निर्भर हुन्छ । व्यापार/व्यवसायलाई राम्रो मान्ने संस्कतिमा यसले मानिसको लवाइ खवाइ, रहनसहन आदि के कस्तो छ भन्ने कुरा निर्धारण गर्न सकिन्छ । नमूना छनौट भएका संस्थाका सद स्यहरूमा कुन कुन पेशा अपनाउने मानिस रहेछन् भन्ने कुराको विश्लेषण निम्न तालिकामा गरिएको छ ।

तालिका ४.४: पेशा अनुसारको विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ४ | ७.२७ |
| जागिर | ८ | १४.५५ |
| व्यापार | ३७ | ६७.२७ |
| गृहिणी | ५ | ९.०९ |
| बेरोजगार | १ | १.८२ |
| जम्मा | ५५ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण २०७१ ।*

माथिको तालिकामा पेशाको आधारमा उत्तरदातालाई कृषि, व्यापार, जागिर, गृहिणी र बेरोजगार गरी चार भागमा विभाजन गरिएको छ । जसमा यस सहकारीमा लगेका र नमूनामा परेका मध्ये व्यापार गर्ने सबैभन्दा बढी ३७ जना अर्थात् ६७.२७ प्रतिशत छन् । त्यसपछि जागिरेको सङ्ख्या बढी छ । जसमा ८ जना अर्थात् १४.५५ प्रतिशत छन् । तेस्रोमा गृहिणी महिला ५ जना अर्थात् ९.०९ प्रतिशत रहेका छन् । त्यस्तैगरी कृषिमा ४ जना अर्थात् ७.२७ प्रतिशत रहेका छन् । यसलाई हेर्दा के देखिन्छ भने, सहकारीमा लाग्ने महिला, व्यापार व्यवसायप्रति बढी लागेका पाइएको महिला, व्यापार व्यवसायप्रति बढी लागेका पाइएको छ । यो नै सहकारीको देन हो । अधिकांश महिलाहरू कृषि तथा कुनै पनि पेशामा नभएका पनि सहकारीबाट तालिम लिएर र ऋण लिएर व्यापारमा लागेका र आफ्नो आयआर्जन बढाउन सफल देखिन्छन् ।

## ४.६ वैवाहिक स्थितिको आधारमा उत्तरदाताहरू

वैवाहिक स्थितिले पनि मानिसको व्यवहारमा प्रभाव पर्दछ । अविवाहित व्यक्तिमा जिम्मेवारी बोझ कम हुने भएकाले बचतमा त्यति ध्यान नपुगेको हुन सक्छ । नमूना छनौट भएका

उत्तरदाताहरूको वैवाहिक स्थिति के कस्तो रहेछ ? भन्ने कुराको विश्लेषण निम्न तालिकामा गरिएको छ ।

तालिका ४.५: वैवाहिक स्थिति अनुसारको विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | ५५ | १०० |
| अविवाहित | ० | ० |
| एकल | ० | ० |
| **जम्मा** | **५५** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण २०७१ ।*

उपर्युक्त अवस्थाबाट यस क्षेत्रका उत्तरदाताको वैवाहिक स्थितिलाई हेर्दा सबैको विवाह भइसकेको पाइएको छ । यसले गर्दा उत्तरदाताहरू विवाहित भएर आफ्नो लागि आफैंले केही गर्नुपर्दछ भन्ने उद्देश्यका साथ लागेको हुनाले यस सहकारीमा लागेका महिलाहरूको आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा परिवर्तन आएको कुरा प्रष्ट हुन्छ ।

## ४.७ प्रजनन स्थितिको आधारमा उत्तरदाताहरू

प्रजनन स्थितिले पनि मानिसको लवाइखवाइ, काम गराइ आदिमा के कस्तो प्रभाव पार्दछ भन्ने कुरा निर्धारण गर्दछ । जसको थोरै सन्तान छन् तिनीहरूको स्थिति धेरै सन्तान हुनेको भन्दा राम्रो देखिन्छ । नमूना छनोट भएका उत्तरदाताहरूको प्रजनन स्थिति दर कस्तो रहेछ भन्ने कुराको विश्लेषण निम्न तालिकाममा गरिएको छ ।

तालिका ४.६: प्रजनन स्थितिको आधारमा उत्तरदाताहरू

| | तालिका ८: विवाहित भए सन्तान संख्या | | | | |
|---|---|---|---|---|---|
| संख्या | विवरण | | | | |
| | छोरा | छोरी | निःसन्तान | धर्मपुत्र | धर्मपुत्री |
| १ | ३० | १७ | ३ | | |
| २ | १२ | १० | | | |
| ३ | १ | १ | | | |
| जम्मा | ४३ | २८ | | | |

उपर्युक्त तालिकाबाट अध्ययन गरेको संस्थामा उत्तरदाताको प्रजनन स्थिति देखाइएको छ । यिनीहरूमा १ मात्र सन्तान हुने उत्तरदाताहरू २ जना अर्थात् ३.६४ प्रतिशत छन् भने २ वटा सन्तान हुने २३ जना अर्थात् ४१.८२ प्रतिशत छन्, २ जना भन्दा माथि सन्तान हुने २४ जना अर्थात् ४३.६४ प्रतिशत छन् भने सन्तान नहुने ३ जना रहेका छन् । यिनीहरूमा छोराहरूको सङ्ख्या ४३ र्आत् ७८.१८ प्रतिशत छोरीहरूको सङ्ख्या २८ अर्थात् ५०.४० प्रतिशत छन् ।

## ४.८ उत्तरदाताको भाषाभाषी अनुसार विवरण

हाम्रो देश विविध जातजाति, धर्म, भेषभुषा, भाषा आदिमा विधिता पाएको भएको देश हो । यहाँ ४ वर्ण र ३६ जातका मानिसहरू बसोबास गर्दछन् त्यही कारणले हाम्रो अध्ययनको संस्थामा पनि विभिन्न जातजातिहरू समेटिएका छन् । जसलाई तलको तालिकाबाट देखाइएको छ :

तालिका ४.७: भाषाभाषी अनुसारको विवरण

| भाषा/भाषि | संख्या | प्रतिशत |
|---|---|---|
| नेपाली | ५५ | १०० |
| नेवारी | ५ | ८ |
| लिम्बु | १ | १.८२ |
| जम्मा | ६१ | ६१ |

*स्रोत: स्थलगत सर्वेक्षण २०७१ ।*

माथिको तालिका अनुसार नेपाली भाषा बोल्ने १५ जना अर्थात् १०० प्रतिशत छन् । नेवारी भाषा बोल्ने ५ जना अर्थात् ८ प्रतिशत र लिम्बु भाषा बोल्ने १ जना अर्थात् १.८१ प्रतिशत छन् । यसबाट के स्पष्ट हुन्छ भने नेपाली भाषा सबै जनाले बुझ्दा रहेछन् तर नेवारी र लिम्बु भाषा उनीहरूको आ-आफ्नो समुदायले मात्र बुझ्दा रहेछन् भन्ने तालिकाबाट प्रष्ट हुन जान्छ ।

## ४.९ शैक्षिक स्थितिका आधारमा उत्तरदाताहरूको विवरण

शैक्षिक दृष्टिकोणमा हाम्रो देश अझै पिछडिएको छ । त्यसमा पनि महिलाहरू अझैं पछाडि रहेका छन् । विकासको गतिविधबाट टाठा बाठाहरूले बढी मात्रामा फाइदा लिइरहेका छन् । यस अध्ययनमा पनि महिलाहरूको विगतदेखिकै अनुभवलाई हेर्दा यस अध्ययनको क्रममा छनौट गरिएका उत्तरदाताहरूको शैक्षिक स्थिति के कस्तो छ यसको विवरण निम्न तालिकाबट प्रस्तुत गरिएको छ ।

तालिका ४.८: शैक्षिक स्थितिका आधारमा उत्तरदाताको विवरण

| पेशा विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | २ | ३.६३ |
| साक्षर | ११ | २० |
| एस.एल.सी. | १८ | ३२.७३ |
| उच्च शिक्षा | २३ | ४१.८१ |
| उत्तर दिन नचाहने | १ | १.८१ |
| जम्मा | **५५** | **१००** |

*स्रोत: स्थलगत सर्वेक्षण २०७१ ।*

माथिको तालिका हेर्दा उत्तरदाताहरूको शैक्षिक स्थिति अझै पनि निरक्षरता कायमै छ तर यसको सङ्ख्या न्यून छ । उत्तरदाताहरू मध्ये २ जना अर्थात् ३.६३ प्रतिशत निरक्षर, लेखपढ गर्न सक्नेको सङ्ख्या ११ जना अर्थात् २ प्रतिशत, एस.एल.सी. सम्म पढ्ने १८ जना अर्थात् ३२.७३ प्रतिशत, उच्च शिक्षा हासिल गर्ने उत्तरदाताहरूको सङ्ख्या २३ अर्थात् ४१.८१ प्रतिशत रहेको पाइयो । यिनीहरू मध्येमा तपाईले कति शिक्षा लिनुभएको छ भनेर प्रश्न गर्दा उत्तर नै नआएको उत्तरदाता १ जना हुनुहुन्छ । यो अध्ययनमा बढी उमेर भएका महिलाहरू निरक्षर र साक्षरहरूको दायरामा देखिन्छन् भने कम उमेर भएका महिलाहरू निरक्षर र साक्षरहरूको दायरामा देखिन्छन् भने भएका महिलाहरू निरक्षर र साक्षरहरूको दायरामा देखिन्छन् भने कम उमेरका महिलाहरू विशेषगरी ब्राह्मण/क्षेत्रीहरूमा माध्यमिक र उच्च शिक्षा हासिल गरेको पाइन्छ भने दलितहरूमा कम उमेर भए पनि साक्षर मात्र भएको सङ्ख्या अधिक भएको पाइन्छ । मुसलमानको संस्कारमा छोरीलाई शिक्षाबाट वञ्चित राख्ने प्रचलनले गर्दा यो समुदायको शिक्षा क्षेत्रमा त्यति अगाडि नबढेको र बचत गर्ने भावनाको विकास पनि त्यति नभएको पाइयो । उत्तरदाताहरूले आफूले त्यति शिक्षा लिन नसके पनि आफ्ना सन्ततीहरूलाई कसरी हुन्छ राम्रो स्कुलमा पढाएर शिक्षामा अगाडि बढाउने निश्चय गरेका छन् । ब्राह्मण र क्षेत्रीको तुलनामा जनजाति शिक्षामा केही पछाडि परेको यस स्थलगत सर्वेक्षणले देखाएको छ ।

## ४.१० सहकारीप्रतिको बुझाइ

स्थलगत सर्वेक्षण गरेर उत्तरदाताहरूलाई प्रश्न राख्दा उहाँहरूले सहकारी प्रतिको धारणालाई सकारात्मक रूपमा लिनुभएको पाइयो । यसमा शतप्रतिशत उत्तरदाताहरूले सहकारीले आफूहरूलाई हरेक काममा अगाडि बढ्न सहयोग पुऱ्याएको बताउनुभयो ।

चाडवाड आउदा जम्मा गरी राखेको रकमलाई झिकी बच्चाहरूको लुगाफाटो, दानदक्षिणा आदिमा खर्च गर्न सकिने, गाह्रो पर्दा स्कुलको फि तिर्न सकिने, अलि अलि जम्मा गरेको रकम एकमुष्ठ हुँदा यसले केही ठूलो कामलाई हान्न सक्ने हुनाले सहकारी विशेषगरी महिलाहरूको सहारा भएको छ । यसले दुःख, सुख दुवैमा काम दिने उनीहरूको भनाइ छ । सहकारीका विभिन्न भ्रमणहरूले उनीहरूलाई अरू बचत गर्ने र नयाँ कामको थालनीको प्रेरणा मिलेको छ । सहकारीका सात सिद्धान्त पालन गरी अगाडि बढेमा पक्कै पनि देशको

तीन खम्बे अर्थनीतिले प्रारूपता पाउने उत्तरदाताहरूको भनाइ रहेको छ । उनीहरूले सहकारीबाट ऋण लिएर लगानी गर्दा उत्पादनमा पनि बढावा आएको बताएका छन् । उत्तरदाताहरू धेरैजसो व्यापारी रहेको स्थलगत अनुभवले बताएको छ । व्यापारीहरूले आफ्नो दैनिक केही रकम बचत गर्दै जाँदा केही ठूलो परिणाम जम्मा हुने र त्यसले अरू लगानी थप्नलाई सहयोग गर्ने पनि उनीहरूको भनाई रहेको छ । कतिपय दिदी बहिनीहरूले दैनिक छुट्टै रकम छुट्याएर राखी दशैमा विशेष आफूलाई मन परेको गर-गहना पनि जोडेको बताएका छन् । उनीहरूले असाहाय कोष खडा गरी दिन दुःखी लाई थोरै भएपनि राहत हुने काम पनि गरेको पाइयो ।

# अध्याय : पाँच

## सहकारीमा आवद्ध महिलाहरूको आर्थिक तथा सामाजिक अवस्थाको परिवर्तन

### ५.१ सहकारीमा आवद्ध भएको मिति

सहकारी ऐन वि.स. २०४८ मा बनेपछि, सहकारी जागरण आउन थाल्यो । विस्तारै जनचेतना मूलक तालिमहरू दिन थालिए । केही गरौं न त भन्ने जनसमुदायमा यसले ठुलो भूमिका खेल्न सक्यो । अन्तरिम सम्बिधान २०६३ ले पनि सहकारीलाई तिन खम्बे अर्थनीति लागू गरेर यसलाई देशको मेरुदण्डको तेश्रो खम्बाको रुपमा हेरेको छ । यहीँ उद्देश्य स्वरुप सहकारीमा सम्लग्न महिलाहरूलाई पनि विभिन्न समयमा सहकारीमा प्रवेश गरेका छन् । उद्यम गरेका छन्, कर्मशिल वचत तथा ऋण सहकारी संस्थामा सम्लग्न महिलाहरू सहकारीमा कहिलेबाट प्रवेश गरे भन्ने सन्दर्भमा निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५.१: सहकारीमा प्रवेश गरेको मिति

| विवरण | संख्या | सुरुको अवस्था देखि | | 2060 | |
|---|---|---|---|---|---|
| आ.व. २०६५ | ३ | १ | | १ | |
| आ.व. २०६६ | ३ | | | | |
| आ.व. २०६७ | ४ | 2056 सालबाट | | १ | |
| आ.व. २०६८ | २ | १५ वर्ष अघि | | १ | |
| आ.व. २०६९ | २३ | | | | |
| आ.व. २०७० | १४ | | | | |
| आ.व. २०७१ | ० | | | | |
| उत्तर नआएको | २ | | | | |
| जम्मा | ५१ | | | | |

*स्रोत: स्थलगत सर्वेक्षण २०७१ ।*

उपयुक्त तालिका अनुसार सहकारीमा संलग्न महिलाहरू सबैभन्दा पहिला आ.व. २०५६ बाट सहकारीमा आबद्ध भएका रहेछन् । यहाँ संलग्न हुने मध्येमा सबैभन्दा बढी वि.सं. २०६९ २३ जना आवद्ध भए भने वि.सं. २०७० सालमा १४ जना आवद्ध भएको पाइन्छ । यसैगरी विभिन्न सालहरूमा आवद्ध भई वि.सं. २०७१ सम्म कूल ५१ जना आवद् भएको पाउन सकिन्छ ।

## ५.२ सहकारीमा लाग्ने प्रेरणा

चेतनाको विकाससँगै उद्यमशिलतामा पनि लाग्ने भावनाको विकास हुन थाल्यो । विस्तारै इष्टमित्र घरछिमेकी सहकारीमा लाग्दा आफूलाई पनि लाग्न मन लाग्यो । कोही चेतनशिल महिलाहरूले आफैँ एउटा महिलाहरूको समूह बनाएर सहकारी खोले त्यसबाट उद्यमशिल कामहरू, घरेलु तालिम दिने, पशुपालन, व्यवसाय, तरकारी व्यवसाय आदिमा प्रेरणा दिने काम हुन थाल्यो । कोहीले साना तिना पसलहरू जस्तै खाद्यन्न, खाजा-चिया पसल आदिबाट आफ्नो जीविको पार्जनको माध्यमलाई सजिलो बनाउने उपाय आउन थाले । आफ्नो घरयाली खर्चका लागि श्रीमानसँग दुइहात थाप्न नपर्ने भयो ।

उत्तरदाताहरूलाई सहकारीमा लाग्ने प्ररेणाको कोसँग बाट मिल्यो त भन्ने सन्दर्भमा निम्न तालिका र चार्टद्वारा पनि देखाइएको छ ।

तालिका ५.२: सहकारीमा लाग्ने प्रेरणा

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| इष्टमित्रबाट | १४ | २५.४५ |
| छिमेकीबाट | १६ | २९.०९ |
| आफैं | २१ | ३८.१८ |
| परिवारबाट | १ | १.८१ |
| श्रीमान्ले | ३ | ५.४५ |
| जम्मा | **५५** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण २०७१ ।*

उपयुक्त तालिका अनुसार सहकारीमा लागनेप्रेरणा उत्तरदाताहरूलाई इष्टमित्र, घरछिमेकी, आफैँ, परिवारबाट र श्रीमानबाट आएको पाइयो ।

इष्टमित्रबाट सहकारीमा लाग्ने १४ जना अर्थात २५.४५प्रतिशत छन् भने छिमेकीबाट १६ जना अर्थात २९.०९ प्रतिशत छन् । आफैँ सहकारी खोलौँ भनेर उत्साहित भएर लाग्ने २१जना अर्थात ३८.१८ प्रतिशत छन् भने परिवारबाट प्रेरणा पाएर लाग्ने १ जना भेटियो । यसको १.८१ हुन्छ । श्रीमानको प्रेरणाले सहकारीमा लाग्ने ३ जना अर्थात ५.४५ प्रतिशत पाइयो ।

## ५.३ सहकारीमा लाग्नुको उद्देश्य

जुनसुकै काम गर्दा पनि कुनै कुनै उद्देश्य हुने गर्दछ । सहकारी तथा वित्तिय क्षेत्रमा लाग्नुको उद्देश्य आर्थिक सरलता नै हो । व्यक्तिसँगको रकम चर्को व्याजको हुने हुनाले र तिर्ने-नतिर्ने जोखिम पनि सम्भावना हुन्छ । यी सबै जोखिमलाई ध्यानमा राखेर एउटा सरल र सहज तरिकाबाट आवश्यक्ता पर्दा सबैको स-सना जम्मा रकम एक मुस्ठ बनाउँदा त्यसले केही काम गर्न सहज हुने हुनाले एउटा निश्चित नीतिनियम र परिधिभित्र रहेर आर्थिक कारोबार सञ्चालन गरिएको हुन्छ । यसबाट सर-सहयोग हुने हुनाले पनि जनमानसको धेरै जमात सहकारीमा लाग्ने प्रेरणा मिलेको छ । यसले आपकालिन खर्चको आवश्यकतालाई परिपूर्ति गर्दछ । दुखमा साथ दिन्छ भन्ने उद्देश्यले सहकारीमा सम्लग्न भएका छन् । निम्न तालिका र चार्टद्वारा उद्देश्य थाहा पाउन सकिन्छ ।

तालिका ५.३: सहकारीमा लाग्नुको उद्देश्य

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| जिवन स्तरलाई सहज बनाउन | २३ | ४१.४१ |
| रमाई गरेर हिड्न | २ | २ |
| उद्यमशिलतामा लाग्न | १३ | २३.६३ |
| व्यवहार गर्न सजिलो | ८ | १४.४५ |
| केही गरौ भन्ने भावना | १ | १.८१ |
| सामुहिक भावनाको विकास | २ | ३.६३ |
| साना बचतलाई एकमुष्ठ गरी उपयोग गर्न | १ | १.८१ |
| राम्रो व्याज पाइने | १ | १.८१ |
| छोटो समयमा सरल कर्जा लिन सकिने | ४ | ७.२७ |
| जम्मा | **५५** | **१००** |

*स्रोत: स्थलगत सर्वेक्षण २०७१ ।*

उपयुक्त तालिकाबाट सहकारीमा ५५ जना उत्तरदातामध्ये २३ जनाले जीवनस्तरलाई सहज बनाउन भन्ने पाइयो । जसको प्रतिशत ४१.४१ हुन्छ । त्यसैगरी रमाइलो गरेर हिड्न भन्ने उत्तरदाताहरू २ जना अर्थात ३.६३ प्रतिशत छन् । उद्यमशिलतामा लाग्न भन्ने को सङ्ख्या १३ अर्थात २३.६३ प्रतिशत रहेको छ । व्यवहार गर्न सजिलो भन्ने भन्नेको सङ्ख्या ८ अर्थात १४.५४ प्रतिशत रहेको छ । केही गरौं भन्नेको सङ्ख्या १ अर्थात् १.८१ प्रतिशत रहेको छ । सामूहिक भावनाको विकास गर्न भन्नेको सङ्ख्या २ अर्थात ३.६३ प्रतिशत रहेको छ । साना वचतलाई एक मुष्ठ बनाई केही कार्यको तोक हान्न भन्नेको सङ्ख्या १ अर्थात १.८१ प्रतिशत रहेको । राम्रो व्याज पाइने भन्ने भन्नेको सङ्ख्य १ अर्थात १.८१ प्रतिशत रहेको छ र छोटो समयमा सरल कर्जा पाइन्छ भन्नेको सङ्ख्या ४ अर्थात ७.२७ प्रतिशत रहेको छ ।

## ५.४ यस सहकारीमा संलग्नता पूर्व अन्य सहकारीको सदस्यता

कर्मशिल  वचत तथा ऋण सहकारी संस्था वि.स. २०६९ साल आषाढ २५ गते सहकारी प्रशिक्षण तथा डिभिजनकार्यलय कास्कीमा विधिवतरुपमा दर्ता भयो । तसर्थ समितिमा २७ जना रहेका थियौ । पछि समय वित्दै जाँदा प्रवेश हुँदै जानेको सङ्ख्यामा पनि बढावा आउँदै गयो र हालको समयमा १८३ जना महिला सदस्यहरू भएका छन् । जसमा यहाँ ३० प्रतिशतलाई लिइएको छ ।

तालिका ५.४: यस सहकारीमा संलग्नता पूर्व अन्य सहकारीको सदस्यता

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| थिए | १७ | ३०.९० |
| थिइन | ३१ | ५६.३६ |
| उत्तर नआएको | ७ | १२.७२ |
| जम्मा | ५५ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण २०७१ ।*

कर्मशिल वचत तथा ऋण सहकारी संस्था लिमिटेडमा सम्लग्न हुनुभन्दा पहिला यहाँको उत्तरदाताहरू मध्ये १७ जना अर्थात ३०.९० प्रतिशत अन्य सहकारीमा पनि संलग्न भएको पाइयो र ३१ जना अन्यमा सदस्य नभएको पाइयो जसको प्रतिशत ५६.३६ रहेको छ । उत्तर नआएको सङ्ख्या ७ जना अर्थात १२.७२ प्रतिशत पाइयो ।

## ५.५ सहकारीबाट हुने फाइदाको जानकारी सम्बन्धमा

नमुना छनोटमा परेका ५५ जना उत्तरदाताहरूलाई सहकारीको सामान्य ज्ञानसम्बन्धी प्रश्न राख्दा उनीहरूको निम्न तालिका अनुसार उत्तर दिए:

तालिका ५:५: सहकारीबाट हुने फाइदाको जानकारी

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| छ | ४२ | ७६.३६ |
| छैन | ६ | १०.९० |
| उत्तर नआएको | ६ | १०.९० |
| केही मात्रामा | १ | १.८१ |
| जम्मा | ५५ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण २०७१ ।*

उपयुक्त तालिका अनुसार सहकारीको फाइदाको जानकारी भएका उत्तरदाताहरू ४२ जना अर्थात ७६.३६ प्रतिशत जना पाइयो भने थाहा छैन भन्नेमा ६ जना अर्थात १०.९० प्रतिशत उत्तरदाताहरू पाइयो । तिनीहरू मध्ये थोरै थाहा छ भन्ने उत्तरदाता १ जना अर्थात १.८१ प्रतिशत पाइयो । उत्तर नआएका ६ जना अर्थात १०.९० प्रतिशत पाइयो ।

## ५.६ उत्तरदाताको सहकारीमा आवद्ध भएपछि देखापरेका परिवर्तन

महिलाहरूले सहकारीमा आवद्ध भएर विभिन्न आर्थिक क्रियाकलापमा सम्लग्न भई आफ्नो जीवनस्तरलाई सहजबनाएका छन् । जुन तलको तालिका र पाइ चार्टबाट प्रष्ट पार्न खोजिएको छ ।

तालिका ५.६: सहकारीमा आवद्ध पश्चात् परिवर्तित क्षेत्र

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| आर्थिक | २७ | ४०.२९ |
| व्यवहारिक | २१ | ३१.३४ |
| सामाजिक | १० | १४.९२ |
| सबै क्षेत्रमा राम्रो भएको | २ | २.९८ |
| केही बोल्न सक्षम | २ | २.९८ |
| साँस्कृतिक | १ | १.४९ |
| शैक्षिक | १ | १.४९ |
| उत्तर नआएको | ३ | ४.४८ |
| जम्मा | ६७ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण २०७१ ।*

उपयुक्त तालिका मार्फत के थाहा हुन्छ भने सहकारीमा सम्लग्न भए पश्चात २७ जना उत्तरदाताहरू जीवनस्तरमा राम्रो आर्थिक सुधार आएछ । त्यसैगरी १० जना उत्तरदाताहरूको सामाजिक सुधारको महसुस गरेका छन् भने १ जना उत्तरदाताले साँस्कृतिक सुधार गरेको महसुस गरेका छन् किन यसो भयो भन्दा धेरै जनाको पासमा रहदा र कार्यक्रमहरू गर्दा हाम्रा लोप भई सकेको पुरानो संस्कृतिको पनि पुनरजागरण भएको कुरालाई उत्तरदाताले जोड दिइएको पाइयो । त्यस्तै गरी १ जना उत्तरदाताले शैक्षिक स्तरमा सुधार आएको कुरा पनि जानकारी गराउनु भयो । सहकारीमा लाग्नुभन्दा पहिला कुनै आम्दानीको श्रोत थिएन । यसमा लागेपछाडि ऋण लिएर व्यापरमा लगानी गरियो र त्यसबाट आम्दानीमा वृद्धि भई बच्चाहरूको राम्रो पढाइलेखाइमा सुधार आयो । त्यसैगरी व्यवहारिक क्षेत्रमा परिवर्तन आयो भन्नेमा २१ जना उत्तरदाताहरू रहनु भयो भने सबै क्षेत्रमा राम्रो भएको छ भन्नेमा २ जना रहनु भएको छ भने केही बोल्न सक्षम भइएको छ भन्नेमा २ जना रहनु भएको छ र केही पनि उत्तर नआएकोमा ३ जना रहनु भएको छ ।

## ५.७ सहकारीमा आवद्ध भए पश्चात्का बेफाइदाहरू

सहकारीमा लागेर भएको बेफाइदा उत्तरदाताको अनुसार साह्रै कम भएको देखिएको छ । जुन निम्न तालिका र पाइचार्टद्वारा प्रष्ट्याउन सकिन्छ ।

तालिका ५.७: सहकारीमा आवद्ध पश्चात् भएका वेफाइदाहरू

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| परिवारमा बेमेल उत्पन्न | १ | १.८१ |
| घरमा समय नदिनु | ३ | ५.४५ |
| दुवै होइन/छैन | २३ | ४१.८१ |
| उत्तर नआएको | २८ | ५०.९० |
| जम्मा | **५५** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण २०७१ ।*

उपयुक्त तालिकाबाट सहकारीमा लागेपछि उत्तरदातालाई भएको बेफाइदा सम्बन्धमा १ जनाले परिवारमा वेभेल उत्पन्न भएको भनेको पाइएको छ जसको प्रतिशत १.८१ रहेको छ भने घरमा समय नदिनु भन्ने उत्तरदातामा ३ जना अर्थात ५.४५ प्रतिशत रहेको छ । दुवै होइन/छैन भन्नेमा २३ जना अर्थात ४१.८१ प्रतिशत रहेका छन् र उत्तर नआएको सङ्ख्यामा २८ जना अर्थात ५०.९० प्रतिशत उत्तरदाता रहेका छन् ।

## ५.८ सहकारीमा आवद्ध भए पश्चात् तालिम लिएको वा नलिएको

सहकारी सङ्ख्यामा आवद्ध सदस्यहरूलाई आर्थिक वचत तथा ऋणको साथसाथै अन्य शसक्तिकरण एवम् व्यवसाय प्रवर्दनसम्बन्धी तालिमहरू सहकारीको उद्देश्य अनुसार दिइँदै आएको हुन्छ । सहकारिताको ७ सिद्धान्त मध्ये शिक्षा, तालिम तथा सूचना अन्तर्गत आफ्ना सदस्यहरूलाई समसमायिक सूचना,ज्ञान, तालिमको माध्यमबाट प्रदान गर्नु सहकारी संस्थाको कर्तव्य हो । सहकारीमा लागेपछि सिप सिक्ने र नसिक्ने उत्तरदाताहरूको स्थिति के रहेछ भन्ने तलको तालिकाबाट प्रष्ट हुन्छ ।

तालिका ५.८: सहकारीमा आवद्ध सीप/तालिम लिएको वा नलिएको

| विवरण | संख्या | प्रतिशत |
| --- | --- | --- |
| अवलोकन भ्रमण, | ३ | ५.४५ |
| छैन, | ३२ | ५८.१८ |
| सिक्यो | १ | १.८१ |
| व्यापारमा अगि बढेको | १ | १.८१ |
| उत्तर नआएको | ९ | १६.३६ |
| छ | ९ | १६.३६ |
| **जम्मा** | **५५** | **१००** |

*स्रोत: स्थलगत सर्वेक्षण २०७१ ।*

उपयुक्त तालिका नं ५.८ बाट के स्पष्ट हुन्छ भने सहकारीमा लागेपछि पनि तालिम लिएको छैन भन्ने उत्तरदाताको सङ्ख्या सवैभन्दा बढी ३२ जना अर्थात ५८.१८ प्रतिशत रहेको छ भने अवलोकन भ्रमणबाट धेरै ज्ञान लिएको भन्नेमा ३ जना अर्थात् ५.४५ प्रतिशत रहेको पाइएको छ । सहकारीमा आवद्ध भएपछि केही सिक्यो भन्नेमा १ जना उत्तरदाता वा १.८१ प्रतिशत रहको छ । व्यापारमा अगाडि बढेको भन्ने उत्तरदाताको सङ्ख्या ९ अर्थात १६.३६ प्रतिशत रहेको यिनीहरू मध्येमा केही पनि उत्तर नआएको उत्तरदाता १ जना अर्थात १.८१ प्रतिशत रहेको छ र तालिम लिएको छ भन्नेमा ९ जना  अर्थात १६.३६ जना उत्तरदाताहरू रहेका छन् ।

सहकारीमा लागेर अवलोकन भ्रमण बाहेक सीप सिक्नेको सङ्ख्या कम देखिएको छ । यसको मतलव अझै सहकारीले तालिम दिन तथा सिप सिकाउन बाँकी रहेको स्पष्ट हुन्छ । तापनि सिप सिक्नलाई व्यक्तिको इच्छामा पनि भरपर्ने भएकोले सबैलाई सिक्नै पर्दछ भन्ने बाध्यता पनि हुँदैन ।

## ५.९ सहकारीबाट लाभान्वित उत्तरदाता

सहकारीमा लाग्दा हुने फाइदाहरूको विषयमा उत्तरदाताले धेरै सकरात्मक धारणा राखेको छन् । उनीहरूको सहकारी प्रतिको धारणा सबै परिप्रेक्षमा राम्रो छ ।

कुनै पनि सङ्घ संस्थामा प्रवेश गर्दा आर्थिक लगायत समयको पनि लगानी गर्नु पर्दछ । मानिसले समय खर्च गरेर प्रवेश गरिसकेपछि त्यसको केही न केही प्रतिफल आउँछ नै जसको अकिंडा निम्नानुसार तालिकामा हेर्न सकिन्छ ।

तालिका ५.९: सहकारीमा लाग्दा हुने फाइदाहरू

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| साथीहरू बढे | २४ | ३९.३५ |
| बोलीको अभ्यास | १२ | १९.६७ |
| नेतृत्व विकास | १४ | २२.९५ |
| सामाजिक, साँस्कृतिक विकास | २ | ३.२८ |
| रमाइलो भयो | १ | १.६४ |
| सबै | ३ | ४.९१ |
| उत्तर नदिने | ५ | ८.२० |
| **जम्मा** | **६१** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण २०७१ ।*

उपयुक्त तलिकाबाट यो स्पष्ट हुन्छ की सहकारीबाट मानिसहरूलाई धेरै फाइदा हुँदा रहेछन् । जसमा सहकारीमा लागेर साथी बढे भन्नेको सङ्ख्या २४ जना (३९.३५%) उत्तरदाता रहेकाछन् भने बोलीको अभ्यास भयो भन्ने उत्तरदाताहरू १२ जना (१९.६७%) रहेका छन् भने नेतृत्व क्षमतामा विकास भयो भन्नेमा १४ जना (२२.९५%) उत्तरदाताहरू रहेका छन् । सामाजिक, साँस्कृतिक विकास भयो भन्नेहरूमा २ जना उत्तरदाताहरू रहेका

छन् । त्यसै गरी रमाइलो भयो भन्ने उत्तरदाता १ (१.६४%) जना छन् र सबै क्षेत्रमा विकास भयो भन्नेमा ३ जना रहेका छन् ।

## ५.१० सहकारीमा लागेपछिको अनुभव

सहकारी भनेको एउटा सहकार्य गर्ने संस्था हो जसमा उस्तै वा समान प्रकृतिका व्यवहार भएका सदस्यहरूको निश्चित रकमलाई जम्मा गरी त्यसबाट एकमुस्ठ काम चलाउने प्रयास गरिन्छ । यस संस्थामा सम्लग्न सदस्यहरूको सहकारीमा पछिको अनुभव तालिका र पाइचार्टबाट प्रष्ट्याउन सकिन्छ ।

तालिका ५.१०: सहकारीमा लागेपछिको अनुभव

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | ४४ | ८० |
| नराम्रो | ० | ० |
| ठिकै | ७ | १२.७२ |
| उत्तर नआएको | ३ | ५.४५ |
| नयाँ साथी सँग भेट | १ | १.८१ |
| जम्मा | **५५** | **१००** |

*स्रोतः स्थलगत सर्वेक्षण २०७१ ।*

सहकारीमा लागेर राम्रो गर्न सकियो भन्नेको सङ्ख्या ४४ जना अर्थात ८० प्रतिशत पाइयो भने नराम्रो भन्ने को सङ्ख्या हुँदै नभएको पाइयो । यस संस्थामा लागेर ठिकै छ भन्नेको सङ्ख्या ७ जना अर्थात् १२.७२ प्रतिशत सङ्ख्या १ जना अर्थात १.८१ प्रतिशत रहेको छ भने राम्रो, नराम्रो केही पनि नबोल्नेको सङ्ख्या ३ जना अर्थात ५.४५ प्रतिशत रहेको छ ।

## ५.११ सहकारीबाट ऋण लिने र नलिने उत्तरदाताहरू

तालिका ५.११: सहकारीबाट ऋण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| लिएको छु | ३२ | ५८.१८ |
| लिएको छैन | २१ | ३८.१८ |
| उत्तर नआएको | २ | ३.६३ |
| जम्मा | ५५ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण २०७१ ।*

उपयुक्त तालिकाबाट सहकारीबाट ऋण लिएर आफ्नो व्यवसाय सञ्चालन गर्नेको सङ्ख्या ३२ जना अर्थात ५८.१८ प्रति शत छन् भने नलिनेको सङ्ख्या २१ जना अर्थात ३८.१८ प्रतिशत उत्तर नआउनेको सङ्ख्या २ जना  अर्थात ३.६३ प्रतिशत रहेको छ । तुलनात्मक हिसाबमा हेर्दा ऋण नलिनेको भन्दा ऋण लिनेको सङ्ख्या बढी देखियो । यसले उत्तरदाताहरूलाई आफ्नो व्यवसाय सञ्चालन गर्न सहयोग पुऱ्याएको पाइयो ।

घर खर्च चलाउन, छोराछोरी पढाउन र आवश्यक  कामको लागि वा आर्थिक कारोबारको लागि सहकारीलाई माध्यम बनाएको देखिन्छ ।

## ५.१२ ऋणको प्रकृति

सहकारीबाट विभिन्न किसिममा प्रायोजनका लागि शेयर सदस्यहरूले ऋण लाने  गर्दछन् । यिनीहरू ऋणको प्रायोजन निम्न तालिकाद्वारा देखाइएको छ ।

तालिका ५.१२: ऋणको प्रकृति

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| व्यापारिक कर्जा | २२ | ४० |
| आवास कर्जा | ७ | १२.७२ |
| कृषि कर्जा | ३ | ५.४५ |
| स्वरोजगार कर्जा | २ | ३.६३ |
| हालसम्म कर्जा नै नलिएको | १ | १.८१ |
| उत्तर दिन नचाहने | २० | ३६.३६ |
| जम्मा | **५५** | **५५** |

*स्रोत: स्थलगत सर्वेक्षण २०७१ ।*

उत्तरदाताले लिएको ऋण मध्ये केही व्यापार/व्यवसायमा लगाए पनि केही घर खर्च चलाउन र केही कृषि प्रायोजनका लागि खर्च गरेका छन् । जसमा माथिको तालिका अनुसार २२ जनाले व्यापारिक कर्जा लिएका अर्थात ४० प्रतिशत व्यापार कर्जालगानीमा भएको छ भने आवसवा व्यवसाय सञ्चालक संस्था निर्माण गर्न ऋण लैजानेको सङ्ख्या ७ जना अर्थात १२.७२ प्रतिशत रहेको पाइयो भने कृषि कर्जा लैजानेको संस्था ३ जना अर्थात ५.४५ प्रतिशत रहेको पाइयो, स्वरोजगार कर्जा लैजानेको संस्था २ जना अर्थात ३.६३ प्रतिशत रहेको पाइयो । हालसम्म कर्जा नै नलिने संस्था १ जना अर्थात १.८१ प्रतिशत र उत्तर दिन नचाहने उत्तरदाता २० जना अर्थात् ३६.३६ प्रतिशत पाइयो । उपयुक्त तालिकाबाट सबैभन्दा बढी ऋण व्यापार कर्जामा गएको पाइयो ।

## ५.१३ ऋण लिएर लगानी गरेको व्यवसायबाट आम्दानी

ऋण लिएर लगानी गरेको व्यवसायबाट दैनिक आम्दानी गर्ने २२ जना अर्थात ४० प्रतिशत छन् । त्रैमासिक आम्दानीको हिसाब राख्ने केही पनि भेटिएन । बार्षिक आम्दानी गर्नेको संस्था २ जना अर्थात् ३.६३ प्रतिशत रहेको छ भने । उत्तर दिन नचाहनेको संस्था १२ जना अर्थात २१.८१ प्रतिशत रहेको छ भने आम्दानी छैन भन्नेको संस्था १ जना अर्थात १.८१ प्रतिशत रहेको छ ।

लगानीको सबैभन्दा बढी भाग आम्दानी हुने मासिक रहेको छ । त्यसपछाडि दैनिक आम्दानीको रहेको छ भने आफ्नो आम्दानी हुने आशिक रहेको छ । त्यसपछाडी दैनिक आम्दानीको रहेको छ भने आफ्नो आम्दानी भन्न नचाहनेको संख्या १२ रहेको छ ।

## ५.१४ आम्दानी भएको रकमको खर्च विवरण

संस्थाबाट त्राृण लगेर उतरदाताहरुले कुन कुन क्षेत्रमा खर्च गर्दा रहेछन् र सोबाट उत्तरदाताहरूको उत्पादक क्षेत्रमा लगानी हुन्छ या अनुत्पादक क्षेत्रमा बढी लगानी हुन्छ सो बारेमा पहिचान गर्न सकिन्छ ।

तालिका ५.१३ः आम्दानी भएको रकमको खर्च विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| घर खर्च | ३१ | ३५.२२ |
| छोरछोरीको शिक्षाको खर्च | २१ | २३.८० |
| मनोरञ्जन खर्च | १ | १.१३ |
| अचल सम्पत्ति जोड्न | १९ | २१.५९ |
| तिर्थ ब्रत वा भ्रमण गर्न | १ | १.१३ |
| अन्य खर्च | ३ | ३.४९ |
| उद्यमशिलता | १ | १.१३ |
| सबै | २ | २.२७ |
| व्यवसायमा वृद्धि | ३ | ३.४८ |
| व्यवहार मिलाउन | २ | २.२६ |
| उत्तर नआएको | ४ | ४.५० |
| जम्मा | ८८ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण २०७१ ।*

माथिको तालिकाबाट उत्तरदाताहरूले आफूले कमाएको रकम सबैभन्दा बढी घर खर्च चलाउनमा खर्च गरेको पाइयो । जसमा घर खर्च चलाउनमा मात्र प्रयोग

गर्ने उत्तरदाताहरू ३१ जना छोराछोरीको शिक्षणको खर्च २१ जना (२३.८०%), चलअचल सम्पत्ति जोड्न १९ जना (२१.५९%), मनोरञ्जनमा खर्च गर्ने १ जना (१.१३%), उद्यमशिलतामा १ जना (१.१३%) र अन्य खर्च भन्नेमा ३ जना र सबै भन्नेमा २ जना (२.२६%), व्यवसायमा वृद्धि भन्नेमा ३ जना (३.४९%), व्यवहार मिलाउन भन्नेमा २ जना रहेका छन् । यसरी आफूले आर्जन गरेको रकम केवल एउटा क्षेत्रमा मात्र लगानी नगरी विभिन्न क्षेत्रमा बाँडिएको पाइएको छ । यसले गर्दा कति प्रतिशत लगानी भयो भनेर ठ्याक्कै प्रतिशमा निकाल्न नमिल्ने भएकाले डाटा मात्र दिएको छ । यसरी गर्दा हाम्रो नेपाली संस्कृति भनेको चाहे यो कमाएर होस चाहे ऋणथाम गरेर पनि जीविको पार्जन अर्थात घर खर्च चलाउनु प्रमुख दायित्व हुने, त्यसपछि छोराछोरीलाई पढाउनको लागि पैसा खर्च हुने र बाँकी पैसा भएमा तीर्थव्रत, भ्रमण, मनोरञ्जन, चल-अचल सम्पत्ति सकन्ने कार्यमा पैसा खर्च हुने अवस्था पाइयो ।

सहकारीको मुख्य उद्देश्य एउटै लक्ष्य बोकेको एउटै स्वरका व्यक्तिहरू मिली आफ्नो सङ्गठन मार्फत व्यवसायमा बिना शोषण आर्थिक, सामाजिक आवश्यकता परिपूर्ति गर्नु हो । अर्थात् एउटै उद्देश्य भएका सदस्यहरूलाई व्यवसायमा आवद्ध गराएर तिनीहरूको आर्थिक, सामाजिक आवश्यकता परिपूर्ति गर्नु सहकारीको प्रमुख उद्देश्य रहेको छ । यसले सिद्धान्तलाई भन्दा व्यवहारिकतालाई बढी जोड दिन्छ । सहकारी निश्चित मूल्य, मान्यता र सिद्धान्तको आधारमा सञ्चालन हुन्छ । यसले सदस्यहरूलाई आफ्नो पौरखले कसैको शोषण नगरी उत्तर जीवनस्तर प्राप्त गर्न सामर्थ्यता प्रदान गर्दछ । यसबाट मानवीय मूल्यको आदर एवम् काम गर्ने प्रेरणा पनि प्राप्त हुन्छ । कुनै पनि सदस्य एक अर्कामाथि हामी हुने, गुञ्जायस रहदैन । जे जति लाभ तथा नोक्सान हुन्छ त्यो समान रूपले वितरण गरिन्छ । सहकारीले सदस्यहरूको उन्नतिका साथै नैतिक आचरण र नैतिम कूल्य सिर्जना तथा विकास गर्नमा समेत जोड गर्छ । जसले गर्द समाजले नयाँ गीत लिन सक्छ सहकारीताले प्रत्येक मानिसमा केही नयाँ भावनाको सञ्चार गराउँदछ । सहकारी मार्फत् सदस्यहरूले विभिन्न क्षेत्रमा लगानी गरी सदस्यको सामाजिक र आर्थिक सशक्तिकरणको लागि प्रयास भैरहेको छ ।

कर्मशील बचत तथा ऋण सहकारी संस्थाका महिला सदस्यहरूले मासिक बचत गर्नुका साथसाथै बचत गरेको पैसाबाट आवश्यक पर्ने व्यक्तिले ऋण लिएर आफ्नो

घरव्यवहार चलाउने, छोराछोरी पढाउने, व्यापार व्यवसाय सञ्चालन गर्नेदेखि लिएर आवश्यकत परिपूर्तिका सम्पूर्ण क्रियाकलाप गर्ने गरेको पाइएको छ । यस सहकारीमा लाग्नुभन्दा पूर्व अन्य सहकारीमा प्रवेश गरेको भएपनि त्यहाँ सक्रिय रूपमा अगाडि नबढेको र यसमा प्रवेश गरे पछाडि जागरूक भएर व्यापारिक ऋण लिई व्यवसाय सञ्चालन गरेको पाइयो ।

विशेषगरी कर्मशील बचत तथा ऋण सहकारी संस्थाको प्रमुख उद्देश्य भनेको सहकारीताको माध्यमबाट आर्थिक विकासमा टेवा पुऱ्याउने भएकाले सहकारीमा आवद्ध महिलाहरूको जीविकोपार्जनमा सघाउ पुऱ्याउनु, बचत सङ्कलन, ऋण लगानी, असुलीका साथै नेतृत्व विकास, व्यपार व्यवसाय सञ्चालन, प्रवर्द्धन, संस्था सञ्चालन गर्ने, महिलाहरूलाई आर्थिक रूपमा सवल बनाउने, रोजगारीको सृजना गने, ऋण लगानी गरी कृषि, व्यापार, ग्यारेजदेखि लिएर विभिन्न पेशा व्यवसायमा आफ्ना सदस्यहरूलाई संलग्न गराई उनीहरूको आर्थिक स्थिति मजबुत गर्ने उद्देश्य रहेको छ । यी विभिन्न पेशा व्यवसाय गर्ने महिलाहरूले दैनिक १५००-२००० सम्म, मासिक ५०,०००-१,५०,०० सम्म आम्दानी गर्न सक्षम छन् । यसरी राम्रोसँग आम्दानी गर्न सक्षम भएकाले पनि सहकारीको माध्यमबाट महिलाहरूको आर्थिक क्षेत्रमा महत्त्वपूर्ण परिवर्तन आउनुको साथै महिला सशक्तिकरण बढेको पाइन्छ ।

# अध्याय: छ

## महिलाहरूको दैनिक जीवनशैली एवम् निर्णय क्षमतामा आएको परिवर्तन

### ६.१ पारिवारिक संरचना

सहकारीमा संलग्न शेयर सदस्यहरूलाई तपाई छुट्टिभिन्न हुनुभएको छ की सगोलमा भन्दा अधिकांशले परिवारबाट अलग्गै वा छुट्टिएको उत्तर दिनुभयो । वर्तमान समयका मानिसहरू समूहमा काम गर्दा बस्दा सजिलो हुन्छ भन्ने जान्दा जान्दै पनि आफ्नो परिवारबाट सिंगल वा न्यूकिलियर परिवार नै मन पराउने गर्दछन् । जुनको केही असर हाम्रा उत्तरदातामा पनि परेको देखिन्छ ।

तालिका ६.१: उत्तरदाताको घरपरिवारबाट छुट्टिभिन्न

| परिवारबाट छुट्टभिन्न | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | ३१ | ५६.३६ |
| छैन | २४ | ४३.६४ |
| जम्मा | ५५ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण २०७१ ।*

अधिकांश उत्तरदाताहरू परिवारबाट छुट्टै रहेको कुरा तथ्याङ्कले देखाएको छ । ३१ जना अर्थात् ५६.३६ प्रतिशत छुट्टिएका छन् भने २४ जना अर्थात् ४३.६३ प्रतिशत सँगै बसेका छन् ।

### ६.२ सिप एवम् तालिम सम्बन्धी विवरण

कुनै पनि काम गर्दा वा गर्नुभन्दा अगावै त्यस सम्बन्धी केही जानकारी भयो भने त्यो काम फलदायी हुन्छ । नयाँ काममा हात हाल्दा केही ज्ञान लिने प्रयास पनि गर्नुपर्दछ ।

तालिका ६.२: उत्तरदाताले कुनै सिप एवम् लिएको/नलिएको

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| तालिम लिए | २१ | ३८.१८ |
| तालिम लिएको छैन | २९ | ५२.७२ |
| उत्तर दिन नचाहने | ५ | ९.०९ |
| जम्मा | ५५ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण २०७१ ।*

उपर्युक्त तथ्याङ्क अनुसार २१ जना उत्तरदाता अर्थात ३८.१८ प्रतिशतले आफ्नो व्यवसाय सञ्चालन गर्नुभन्दा अगाडि तालिम लिएका रहेछन् भने तालिम नलिका २९ जना अर्थात् ५२.७२ प्रतिशत रहेछन् भने केही पनि उत्तर नआएका ५ जना अर्थात् ९.०९ प्रतिशत रहेछन् ।

## ६.३ सिप एवम् तालिम लिए पश्चात्को अवस्था

तालिका ६.३: तालिम पश्चात् व्यवसायमा सहज

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| छ | २१ | ३८.१८ |
| छैन | १६ | २९.०९ |
| ठिकै छ | ० | ० |
| तालिम लिएको  छैन । | १ | १.८१ |
| उत्तर नआएको | १७ | ३०.९० |
| जम्मा | **५५** | **५५** |

*स्रोत: स्थलगत सर्वेक्षण २०७१ ।*

तालिम लिएर व्यवसायमा सजिलो भएको छ भन्नेहरूको सङ्ख्या २१ जना अर्थात् ३८.१८ प्रतिशत छन् भने तालिम नलिई व्यवसाय सञ्चालन गर्नेको सङ्ख्या १६ जना अर्थात् २९.०९ प्रतिशत रहेका छन् । तालिम नलिए पनि व्यवसाय सञ्चालनमा कुनै किसिमको समस्या आएको छैन भन्नेको सङ्ख्या १७ जना अर्थात् ३०.९० प्रतिशत रहेका छन् । त्यस्तै तालिम पनि लिएको छैन व्यवसाय पनि गरेको छैन भन्नेको सङ्ख्या १ जना अर्थात् १.८१ प्रतिशत रहेको पाइयो ।

## ६.४ व्यक्ति वा समुहमा काम गर्दाको अनुभव

तालिका ६.४: एक्लै वा समूहमा काम गर्दा कुन सहज

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एक्लै | ९ | १६.३६ |
| समूहमा | ४६ | ८३.६३ |
| जम्मा | **५५** | **५५** |

*स्रोत: स्थलगत सर्वेक्षण २०७१ ।*

कुनै पनि काम गर्दा एक जनाले गर्नु र समूह मिलेर काम गर्नुमा धेरै फरक पर्दछ । त्यस्तै यहाँ हाम्रा उत्तरदाताहरूको मत पनि समूहमा काम गर्न सहज हुन्छ भन्ने ४६ जना अर्थात् ८३.६३ प्रतिशत रहेको छ भने एक्लै काम गर्दा ठिक लाग्छ भन्नेमा ९ जना अर्थात् १६.३६ प्रतिशत रहेका छन् ।

## ६.५ लैङ्गिक समानताका बारेमा जानकारी

लैङ्गिक समानता भन्नाले महिला र पुरुषबीच विभेदकारी काम नहुनु हो । जस्तैः एउटै कामको हकमा पनि त्यही कामको पुरुषको ज्याला केही बढी हुन्छ भने त्यही काममा महिलाको केही घटी हुन्छ । यस्तो विभेदकारी भावनाले महिलाहरू जहिले पनि पछाडि नै परिराखेका हुन्छन् ।

तालिका ६.५: लैङ्गिक समानताका बारेमा जानकारी

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | ४२ | ७६.३६ |
| छैन | ८ | १४.५४ |
| थाहा नै छैन | ३ | ५.४५ |
| उत्तर नआएको | २ | ३.६३ |
| जम्मा | **५५** | **५५** |

*स्रोत: स्थलगत सर्वेक्षण २०७१ ।*

माथिको तालिकाबाट लैङ्गिक समानताका बारेमा जानकारी छ भन्नेको सङ्ख्या ४२ जना अर्थात् ७६.३६ प्रतिशत रहेको छ भन्ने, छैन भन्नेको सङ्ख्या ८ अर्थात् १४.५४ प्रतिशत रहेको छ, थाहै छैन भन्नेको सङ्ख्या ३ अर्थात् ५.४५ प्रतिशत रहेको छ । केही पनि उत्तर नआएको सङ्ख्या २ अर्थात् ३.६३ प्रतिशत रहेको छ ।

समय सापेक्ष छोरीलाई पनि शिक्षा छोराको जति नै भन्ने भावनामा विस्तारै विकास हुँदै गएको छ । किनकी लैङ्गिक समानताको विषयमा पनि ५५ जना उत्तरदाता मध्येमा ४६ जना जानकारी पाउनु राम्रो पक्ष हो । अझ यसमा सत प्रतिशतले नै यो सम्बन्धी ज्ञान लिन सकेमा बढी महिलामा अग्रसरता आउने थियो ।

## ६.६ आर्थिक सहभागितामा पुरुष सरह नहुनुको कारण

हाम्रो देश पितृप्रधान देश भएको हुनाले यहाँको अधिकांश मानिसहरू अझैं पनि छोराको पर्खाइमा बसेको पाइन्छ । भगवान्का पालादेखि नै सबै नियम कानूनहरू पुरुषलाई नै अगाडि सारेर बनाएको पाइन्छ । छोराले वंश धान्ने भन्ने मान्यताले समाजमा तितो जरो गाडेको छ । आर्थिक सहभागितामा देखि ठूलो-ठूलो निकायमा पनि पुरुषहरूकै बाहुल्यता बढी हुनुमा यही पुरातन सोच कायम रहनुले पनि हो ।

तालिका ६.६: आर्थिक सहभागितामा पुरुष सरह नहुनुको कारण

| कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| अशिक्षाको कारण | १७ | २९.३१ |
| घरव्यवहार चुलो चौको घेरामा सिमित रहन | ८ | १३.७९ |
| महिला भएको कारण | ६ | १०.३४ |
| पितृसत्तात्मक सोचका कारण | २२ | ३७.९३ |
| छोराछोरीमा भेदभाव | २ | ३.४४ |
| पुरानो सोच | ३ | ५.१७ |
| जम्मा | ५८ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण २०७१ ।*

आर्थिक सहभागितामा पुरुष सरह नुहनुको कारण उत्तरदातालाई सोध्दा अशिक्षाको कारणले भन्ने १७ जना (२९.३१%) पाइयो भने घर व्यवहार, चुलो चौकोमा सीमित रहेर भन्नेमा भन्ने ८ (१३.७९%) जना पाइयो । महिला भएको कारण भन्नेमा ६ (१०.३४%) जना पाइयो भने पितृसत्तात्मक सोचका कारण भन्नेमा २२ (३७.९३%) जना पाइयो । छोराछोरीमा भेदभाव भन्नेहरूमा २ (३.४४%) जना पाइयो र पुरानो सोच भन्नेहरूमा ३ (५.१७%) जना पाइयो । उत्तरदाताहरूमध्ये सबैभन्दा धेरै पितृसत्तात्मक सोचको कारणलाई नै देखाइएको छ ।

## ६.७ सहकारीलाई अगाडि बढाउन थाल्नुपर्ने कदमहरू

सहकारी रोजगारी, सामाजिक एकीकरण, गरीबी निवारण, समाज विकास तथा सामुदायिक सशक्तिकरणको माध्यम हो । यो राष्ट्रिय अर्थ प्रणालीको मुटु हो । संयुक्त राष्ट्र सङ्घले सन् १९९४ मा सहकारी उद्यमले विश्वको आधा जनसङ्ख्याको जीवनलाई सुरक्षित तुल्याएको विषय उजागर गरेको छ । हालसम्म आइपुग्दा विश्वभर ठूला स्तरका सहकारी उद्योगको उपस्थिति अझ बढेको छ ।

यसलाई अझ अगाडि बढाउने चाल्नुपर्ने उपायहरू हाम्रा उत्तरदाताहरूको छुट्टाछुट्टै विचारलाई यहाँ एकै ठाउँमा समेटेर बुँदागत रूपमा राखिएको छ ।

१. स्पष्ट नीति नियम बनाएर मात्रै कार्य गर्ने परिपाटी गर्नुपर्छ ।
२. नीति नियमप्रति सञ्चालक एवम् कर्मचारीहरू प्रतिवद्ध रहने ।
३. आन्तरिक नियन्त्रण प्रणाली सुदृढ राख्नुपर्छ ।
४. सहकी शिक्षा र संस्थाको बारेमा जानकारी दिएर मात्र सदस्यता प्रदान गर्ने ।
५. संस्था मेरो भन्ने भावना जागृत गर्न निश्चित शेयर खरीद गरी अनिवार्य मासिक बचत जम्मा गर्ने परिपाटी बसाल्ने ।
६. सहकारीलाई सदस्यहरूको सामाजिक, आर्थिक उत्थानको लागि नेतृत्वदायी स्थानिय संस्थाको रूपमा विकास गर्ने ।
७. उत्पादित वस्तुको बजारीकरणको व्यवस्थापन गर्ने ।
८. सहकारीलाई भरपर्दो र विश्वासिलो संस्थाको रूपमा अगाडि लैजानुपर्दछ ।
९. सहकारीलाई अगाडि बढाउन हामी सबैले हातमा हात मिलाई नयाँ सोचका साथ अगाडि बढ्नुपर्दछ ।
१०. सहकारी सदस्य वेश हुनुपर्छ ।
११. सहकारीले शेयरधनीको आवश्यकता हेरेर उनीहरूलाई सस्तो सर्वसुलभ रूपमा ऋण प्रवाह गर्ने, शेयर धनीहरूको आर्थिक स्तर माथि उठाउन सहयोग पुग्ने खालको विभिन्न किसिमका तालिमहरू दिने ।
१२. सदस्यहरूका समस्याहरूलाई समाधानको उपाय ल्याउनुपर्छ ।
१३. छिटो छरितो सेवा दिने खालको भए अझैं अगाडि बढ्छ ।
१४. कार्य समिति चुस्त हुनुपर्छ ।
१५. सहकारीले समूह भित्रको शेयर सदस्य धेरै भन्दा धेरै बनाएर अगाडि बढाउनुपर्छ ।

# अध्याय : सात

## सारांश, निष्कर्ष र सुझाव

### ७.१. सारांश

यस अध्ययनमा प्रयोग भएका विधिहरू अवलोकन प्रश्नावली र अन्तर्वार्ता अनुसूची आदिरहेका छन् । सहकारी शब्दले कुनै उद्‌देश्य प्राप्त गर्नसँगै मिलेर गरिने कार्यलाई जनाउँछ । सहकारी रोजगारी, सामाजिक एकीकरण, शारीरिक निवारण, समाज विकास तथा सामुदायिक सशक्तिकरणको माध्यम हो । पसले सामूहिक प्रायस र क्षमताबाट निश्चित उद्‌देश्य प्राप्ति गर्न सहज हुने अवधारणाबाट सहकारीताको विकास भएको मान्दछ ।

सामान्य अर्थमा सहकारीलेसँगै बस्ने विचार गर्ने, काम गर्ने पद्धतिलाई बुझाउँछ भने प्राविधिकरुपमा यसलाई व्यवसायिक कौशलाको रुपमा लिइन्छ । सहकारीलाई बुझ्ने सवालमा समाजशास्त्रीको नजरमा गरिब निमुखाहरूलाई शोषणबाट मुक्ति दिलाउने व्यवसायिक संगठन हो । अर्को शब्दमा भन्दा निश्चित आर्थिक तथा सामाजिक, सांस्कृतिक विकासको उद्‌देश्य प्राप्त गर्नका लागि समान आवश्यकता भएका व्यक्तिहरू एक आयसमा संगठित भएर सामूहिक रुपमा उत्पादन तथा सेवाको व्यवसाय गर्न सहकारीको माध्यम अपनाएको पाइन्छ । यसमा सदस्यहरूको आर्थिक तथा सामाजिक आवश्यकतालाई सामूहिक उद्‌देश्य समस्याहरू न रुचि वा चाखलाई सक्रिय सहभागिताका आधारमा पूरा गर्ने प्रयास गरिन्छ । यसर्थ, सहकारी भनेको गरिब, निमुखा कम आय भएकाहरूको भलाइएका लागि सञ्चालन भएको संस्था कम आय भएकाहरूको भलाईका लागि सञ्चालन भएका संस्था हो । यसले स-सानो छरिएर रहेको पूँजीलाई एक मुष्ठ बनाई एउटा निश्चित कामको उद्‌देश्यलाई पूरा गर्दछ ।

व्यक्तिहरूको स्वेच्छिक सहभागिताबाट उनीहरूको समान आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता तथा आकांक्षा परिपूर्तिका निमित्त सामूहिक स्वामित्व र प्रजातान्त्रिक देशबाट नियन्त्रित स्वायत्त उद्‌यम नै सहकारी हो ।

## मुख्य प्राप्तीहरू

**सामाजिक जनसाङ्ख्यिक रुपबाट प्राप्तीहरू**

- उत्तरदाताहरूको जनसांखिक तथा जातीय अवस्थालाई हेर्दा १५-२५ वर्षका २ जना २५-३५ वर्षका ३० जना ३५-४५ वर्षका १६ जना र ४५ वर्षभन्दा माथिका ७ रहेको पाइयो ।
- जातीय आधारमा पुरै वा आफ्नो नेटिभ भाषा पनि बुझ्ने नेपाली भाषा पनि बुझ्ने ५५ जना पाइयो । नेवारी भाषा बोल्ने ५ जना र लिम्बू भाषा बेल्ने १ जना बुँदा यो बहुउत्तरमा आधारित गरिएको छ ।
- उत्तरदाताहरूको धार्मिक अवस्थालाई हेर्दा ४८ जना हिन्दू, १ जना मुस्लिम, ५ जना बौद्ध र १ जना क्रिश्चियन रहेका छन् । यसको अध्ययनबाट हिन्दूको बाहुल्यता रहेको पाइन्छ ।
- पेशाको आधारमा हेर्दा ४ जना कृषि, ८ जना जागिर ३७ जना व्यापार, ५ जना गृहिणी र १ जना केही पनि छैन भन्ने उत्तर आएको पाइन्छ । यस अध्ययनमा व्यापारीको सङ्ख्या बढी देखिन्छ ।
- बैवाहिक स्थितिका आधारमा ५५ जना उत्तरदाता मध्ये ५५ जनाले विवाहित भएको ।
- शिक्षाको आधारमा सम्लग्न उत्तरदाताहरूमध्ये २ जना निरक्षर रहेको पाइयो, ११ जना साक्षर, १८ जना एस.एल.सी सम्म शिक्षा लिएका, २३ जना उच्च शिक्षा लिएका भने १ जनाको उत्तर नआएको पाइयो ।

**सहकारिताको माध्यमद्वारा महिलाहरूको आर्थिक तथा सामाजिक अवस्थामा आएको परिवर्तन**

- क्रमशील बचत तथा ऋण सहकारी संस्थामा लाग्नु भन्दा पहिला अरू सहकारीमा लागेका १७ जना नलागेका ३१ जना र उत्तर नआएका ७ जना रहेका छन् ।
- सहकारीबाट हुने फाइदाको जानकारी विषयमा ४२ जनालाई थाह छ । ६ जनालाई छैन । ६ जनालाई उत्तर नभएको र १ जनालाई थोरै थाहा भएको छ । यस अध्ययनमा सबै भन्दा थोरै सङ्ख्या ४२ जनालाई सहकारी सम्बन्धी थाहा भएको पाइएको छ ।
- उत्तरदाताहरूको जीवनस्तरमा सहकारीमा आवद्ध भएपछाडि आर्थिक क्षेत्रमा परिवर्तन आउनेमा २७ जना, सामाजिक क्षेत्रमा १० जना, सांस्कृतिक क्षेत्रमा १ जना, शैक्षिक

क्षेत्रमा १ जना, व्यवहारिक क्षेत्रमा २१ जना, सबै क्षेत्रमा राम्रो भएको भन्नेमा २ जना, केही बोल्न सक्षम भन्नेमा २ जना उत्तर नआएको ३ जना पाइयो ।

- सहकारीमा आबद्ध भएपश्चात् भएका बेफाइदा सम्बन्धमा उत्तरदाता परिवारमा वेमेल उत्पन्न भन्नेमा १ जना, घरमा समयनदिनु भन्नेमा ३जना, राम्रो छ भन्नेमा २३ जना र उत्तर नआएकोमा २८ जना रहेको पाइन्छ ।
- सहकारीमा आवद्ध सिप/तालिम लिएको वा नलिएको तालिम लिएको छैन भन्नेमा ३ जना, अवलोकन भ्रमण ३२ जना, सिक्यो भन्नेमा १ जना, व्यवहारमा अगाडि बढे भन्नेमा ९ जना छ भन्नेमा ९ जना र उत्तर नआएको १ जना रहेका छन् । यस अध्ययनमा अवलोकन भ्रमण गरेको ३२ जना सबै भन्दा बढी सङ्ख्या पाइयो ।
- सहकारीमा लाग्दा साथी बढे भन्नेको सङ्ख्या ३२ जना बोलिको अभ्यास भयो भन्नेमा १२ जना, नेतृत्व विकास भयो भन्नेमा १४ जना, सामाजिक संस्कृति विकास २ जना रमाइलो भयो भन्नेमा १ जना र सबै पक्ष राम्रो लाग्यो भन्नेमा ३ जनार उत्तर नदिनेसम्म ५ जना रहेका छन् ।
- सहकारीमा लागेर राम्रो भएको छ भन्नेहरूमा ४४ जना, ठिकै भएको छ भन्नेमा ७ जना उत्तर नआएकोमा ३ जना, नयाँसाथीसँग भेट भन्ने १ जना र नराम्रो भयो भन्ने कत्ति पनि भेटिएनन् । यस अध्ययनमा सहारीमा लागेर राम्रो भयो भन्नेको सङ्ख्या बढी अर्थात ४४ जना रहेका छन् ।
- सहकारीबाट ऋण लिने ३२ जना लिएको छैन भन्ने २१ जना र उत्तर नभएको २ जना रहेका छन् । यसमा पनि सहकारीबाट ऋण लिएर व्यवसाय सञ्चालन गर्नेका सङ्ख्या ३२ रहेको छ वा अरुभन्दा बढी रहेको छ ।
- अरुको प्रवृत्तिलाई हेर्दा व्यापारिक कर्मामा २२ जना आवसकर्जामा ७ जना, कृषि कर्जामा ३ जना, स्वरोजगारको २ जना र हालसम्म कर्जा नलिएको २२ जना रहेका छन् ।
- ऋण लिएर लगानी गरेको व्यवसायबाट आम्दानी दैनिक १०००/१५सय आम्दानी गर्ने १८ जना, २२ जना वार्षिक १,५० ,०००/२,००,००० सम्म आम्दानी गर्ने २ जना, उत्तर नदिनेमा १२ जना र आम्दानी छैन भन्नेमा १ जना रहेका छन् ।

- सरकारीबाट ऋण लिएर लगानी गरी उत्पादन वृद्धिबाट आम्दानी गरेको रकम उत्तरदाताले घर खर्च गर्ने ३१ जना, छोराछोरीको शिक्षणको खर्च २१ जना, मनोरञ्जन खर्च १ जना अचल सम्पत्ति जोड्न १९ जना तीर्थ व्रत वा भ्रमण गर्न १ जना  अन्य खर्च गर्नेमा ३, उद्यमशीलता मा १ जना सबै भन्नेमा ३ जना, व्यवसायमा वृद्धि ३ जना, व्यवहार मिलाउन २ जना र उत्तर नआएकोमा ४ जना रहेका छन् ।
- व्यवसाय सञ्चालन गर्दा तालिम लिएर सञ्चालन गरेको भन्नेको सङ्ख्या २९ जना, तालिम लिएको छैन भन्ने २१ जना र उत्तर नआएको सङ्ख्या ५ रहेको छ ।
- तालिम लिएपनि व्यवसायमा सहजता भयो भन्नेमा २१ जना, व्यवसायमा अफ्ठ्यारो आएको छैन भन्नेमा १७ जना तालिम लिएको छैन भन्नेमा १६ जना रहेका छन् ।

**महिलाहरूको दैनिक जीवनशैली एवम् निर्णय क्षमतामा आएको परिवर्तन**

- घरपरिवारबाट छुट्टिभिन्न भएका ५५ जना उत्तरदाताहरू मध्येमा ३१ जना परिवारबाट अलग्गै रहेका र २४ जना संयुक्त परिवारमै रहेका छन् ।
- एक्लै काम गर्दा वा समूहमा काम गर्दा कुन सहज हुन्छ । एक्लै काम गर्दा सहज हुन्छ भन्नेको सङ्ख्या ९ जना, समूहमा काम गर्दा सजिलो हुन्छ भन्नेमा ४६ जना भेटियो ।
- लैङ्गिक समनताका बारेमा जानकारी छ भन्नेको सङ्ख्या ४२ जना रहेका छन् भने हैन भन्नेको सङ्ख्या ८ जना रहेको छ । थाहा छैन भन्नेमा ३ जना रहेको छ भने उत्तर नआएको २ जना रहेको छ ।
- आर्थिक सहभागितामा पुरुष सरह नहुनुको कारणमा उत्तरदाताहरूमा अशिक्षाको कारण भन्ने १७  जना, घव्यवहार चुलो चौको घेरामा सिमित रहेर भन्नेहरूको सङ्ख्या ८ जना महिला भए । भन्नेको सङ्ख्या ६ जना, पितृसतात्मक सोचका कारण भन्नेको सङ्ख्या २२ जना, छोराछोरीमा भेदभाव भन्नेको सङ्ख्या २ जना, पुरानो सोच भन्नेको सङ्ख्या ३ जना रहेको छ ।
- उपयुक्त तथ्याङ्क अनुसार सबैभन्दा धेरै पितृसतात्मक सोचका कारण भन्नेको सङ्ख्या २२ जना रहेको छ ।
- सहकारीलाई अगाडि बढाउन संस्था नितान्त सेवामुखी भावले सञ्चालित हुनु पर्छ, ग्राहकको ऋण लिनेदिने प्रक्रियामा धेरै झन्झटिलो हुनु पर्दैन । सदस्यहरूबाट बचत

सङ्कलन गरिने हुँदा सर्वसुलभ कर्जाको रुपमा उनीहरूले सेवा पाएभने उनीहरूको आफूले उत्पादनगर्न सक्ने जुनसुकै क्षेत्रमापनि लगानी गर्ने प्रोत्साहन मिल्दछ र राष्ट्रलाई समेत टेवा पुग्छ ।

## ७.२ निष्कर्ष

पोखरा उपमहानगरपालिका वडा नं. ८ सभागृहचोकमा अवस्थित कर्मशील बचत तथा ऋण सहकारी संस्थामा जम्मा शेयर सदस्य ८०० जना रहेका छन् । जसमा महिलाहरूको सङ्ख्या १८३ रहेको छ । तिनीहरूमा पनि यहाँ अध्ययनलाई सजिलो होस् भन्ने हेतुले कुल सङ्ख्याको ३० प्रतिशत अर्थात् ५५ जनाको नमूना छनोट गरिएको छ । यसमा समावेश भएकाहरूमध्ये ३७ जना ब्राह्मण/क्षेत्री, १४ जना जनजाति, २ जना दलित र १ जना मुसलमान महिला रहेका छन् ।

यस संस्थाले आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा भूमिका निभाएको छ । यस संस्थाले केवल आर्थिक पक्षलाई मात्र प्राथमिकता नदिई सामाजिक क्षेत्रमा आफ्ना महिला शेयर सदस्यहरूको हैसियत वृद्धि तथा सामाजिक मान प्रतिष्ठा वृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ भने उनीहरूले गर्ने हरेक क्रियाकलापमा आवश्यक सहयोग गर्ने सरसल्लाह दिने कार्यहरू गरेको पाइएको छ । आर्थिक हैसियत व्यवसायमा लाग्ने प्रेरित गर्ने ऋण लगानी गर्ने कार्य, त्यसको सदुपयोग भए नभएको अवलोकन गर्ने, आवश्यक परमार्श दिने, कार्यहरूको सवल पक्षलाई प्रष्ट्याउने । यस संस्थाका महिला सदस्यहरूले आफ्नो नियमित मासिक बचत पनि समयमै तिरिराखेको पाइएको छ भने लगानी गरेको रकमको किस्ता तथा व्याज समयमा बुझाउने गरेको पाइएको छ । यसलाई हेर्दा महिलाहरूमा जागरूकपन देखिन्छ ।

सहकारीले शेयर सदस्यहरूलाई  विभिन्न किसिमका अवलोकन भ्रमण, शैक्षिक भ्रमण गराई उनीहरूको कार्यक्षमतामा आत्मवल ल्याउने काम गरेको छ । सहकारी आफैं संलग्न भएको कर्मशील कृषि फर्म नामक एउटा संस्था पनि छ । जहाँ ३५ वटा वस्तु र ६ जना कर्मचारी रहेका छन् । यो संस्था पोखरा उपमहानगरपालिका वडा नं. १५ फलेपाटनमा पर्दछ जसको क्षेत्रफल ३२ रोपनी रहेको छ । यस संस्थाले दैनिक १५०-२०० लिटरसम्म दुग्ध उत्पादन गरी मार्केटमा वितरण गर्दछ ।

यस संस्थाका सदस्यहरू ब्राह्मण, क्षेत्री, नेवार, गुरुङ, मगर, ठकुरी, दलित, मुसलमान लगायतको उपस्थितिले जातिय विविधता झल्काएको छ भने एकतामा अनेकता, अनेकतामा एकताको झल्को आएको पाइन्छ ।

अन्तमा सहकारी भन्ने वित्तिकै सहकार्य र सहकार्य भन्ने वित्तिकै सँगै मिलेर काम गर्ने भन्ने बुझिन्छ । आजको विकसित समाजमा ग्रीब, निमुखा, पिछडिएका जनजातिहरूदेखि लिएर सम्पन्न घरायसी सम्मलाई सहकारी एक महत्त्वपूर्ण संस्थाको रूपमा अगाडि आएको छ । यसले नहुनेको लागि सहयोगी, ऋणीको लागि उपयोगी, हुनेको लागि प्रतिष्ठा बढाउने, साथी सहयोगीको लागि अगुवाको रूपमा सहकारी स्थापित भएको छ । सहकारीको माध्यमबाट लगानी गर्ने, व्यापार बढाउने, उत्पादन बढाउने, बजार व्यवस्थापन गर्ने, सहुलियत दरमा ऋण उपलब्ध गराउने, आपसमा एक-अर्कोले बुझेका कुराहरू शेयर गर्ने, दुःख सुखका कुराहरू साटासाट गर्ने, एउटाको समस्यामा सहयोगी बन्ने, समस्याको पहिचान गरी समाधानमा लाग्ने लगायतका थुप्रै कार्यको लागि सहकारी एक माध्यम बनेको छ ।

यसको विकास र संरक्षणमा सरकारले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ जसले गर्दा यसलाई कतैबाट पनि आँच आउन नसकोस् र सहकारीप्रति नकारात्मक सोच राख्ने कुनै व्यक्ति वा तत्त्वहरू सफल हुन नसकुन्, जसले गर्दा यसको विकासमा अवरोध नआओस् । सहकारी एक सफल संस्थाको रूपमा विकास हुँदै जानुपर्छ जसले गर्दा सहकारीताको समाज र राष्ट्रको प्रगतिमा महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

## ७.३ सुझावहरू

- सहकारीका सदस्यहरूलाई समय सापेक्ष तालिमहरू दिनुपर्ने ।
- सरकारी तथा गैर सरकारी क्षेत्रबाट विस्तार गरिने कार्यक्रमहरू सहकारीमार्फत लैजानु पर्ने ।
- सिमान्तकृत महिलाहरूलाई समेटी अगाडि बढाउने खालका कार्यक्रमहरू ल्याउनुपर्ने ।
- राज्यले सामाजिक तथा आर्थिक विकासका लागि सहकारीको अवधारणा लागू गर्नुपर्ने ।
- सहकारी नै महिलाहरूको चौतर्फी विकासको आधार भएकोले यसलाई टोल-टोलमा विस्तार गरिनुपर्ने ।

# सन्दर्भ सामाग्री


गुरुङ, सन्तोष कुमार (सन् २००७), *सोसीओ इकोनोमिक्स स्टयाटस अफ वुमन फार्मर (अ सोसियोलोजी स्टडी अफ भदौरे तामागी गाविस, कास्की,* अपकाशित शोध पत्र एम.ए, पृथ्वीनारायण क्याम्पस समाजशास्त्र, मानवशास्त्र विभाग पोखरामा पेश गरिएको ।

ढकाल, सुदर्शन प्रसाद, (२०६७), *सामाजिक, आर्थिक विकासका लागि सहकारी अर्थव्यवस्था,*, काठमाडौं: हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रिब्युट्स, प्रा.लि.।

कस्केली सहकारी संक्षिप्त झलक अर्थिक वर्ष २०७०/७१ सहकारी तथा गरिबी निवारण मन्त्रालय ।

जिल्ला सहकारी सङ्घको प्रतिवेदन २०७०/७१

दाहाल, रमेश कुमार (२००२), *आइडेन्टीफिकेसन अफ रुट कज अफ ग्रल ट्राफिकिङ; अ केस स्टडी अफ मेची नगरपालिका,*

पौडेल, नारदमणि (२०५६), *सहकारी सम्बाद,* राष्ट्रिय सहकारी विकास बोर्ड, पुल्चोक ललितपुर ।

साना किसान र लघुवित्त (साना किसान विकास बैंकको दस वर्ष विशेष) : २०६८ साल, साना किसान विकास बैंक, काठमाडौं ।

वार्षिक प्रगति प्रतिवेदन २०७०/२०७१ : सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभाग नयाँ बानेश्वर काठमाडौं ।

वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्याङ्क पुस्तिका आ.व. २०६९/७० जिल्ला कृषि विकास कार्यलय, पोखरा कास्की ।

शिलावृत्ति, वुलेटिन प्रिन्टर्स मिलनचोक, बुटवल

वडाल, केशव (२०६८), *सहकारी डाइरेक्ट्री,* कास्की बचत तथा ऋण सहकारी संस्था लिमिटेड ।

भट्टराई सीता, शोधपत्र (२०६६), *बचत तथा ऋण सहकारी संस्थाले महिलाको आर्थिक तथा सामाजिक स्थितिमा पारेको प्रभाव,* सृजना महिला बचत तथा ऋण सहकारी संस्था पोखराको एक अध्ययन, अप्रकाशित शोध पत्र एम.ए.पृथवीनारायण क्याम्पस, समाजशास्त्र मानवशास्त्र विभाग ।

२० औं वार्षिक साधरण सभा वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७०/७१) : सामूहिक विकास वचत तथा ऋण सहकारी संस्था लिमिटेड. तिलोत्तमा न.पा.३, रुपन्देही ।

# अनुसूची १

## प्रश्नावली

कर्मशील वचत तथा ऋण सहकारी संस्थाका महिलाहरूको समाजशास्त्रीय अध्ययन

नाम ............................................ लिङ्ग ............ उमेर ...........

जात/जनजाति ................................ धर्म ........... भाषा .............

पेशा ........................... वैवाहिक स्थिति ..............

२. यदि विवाहित भए तपाईका सन्तान कति छन् ?

क. छोराको सङ्ख्या ख. छोरीहरूका सङ्ख्या

ग. धर्मपुत्र/धर्मपुत्री

३. तपाइको शिक्षाको स्तर कस्तो छ ?

क. निरक्षर ख. साक्षर ग. माध्यमिक घ. उच्च शिक्षा

४. सहकारी संस्थालाई कस्तो रुपमा बुझ्नु हुन्छ ? तपाईको मनमा लागेका धारणा दिनु होस् ?

५. सहकारीमा कहिलेबाट लाग्नु भयो ?

६. सहकारीमा लाग्ने प्रेरणा कसबाट मिल्यो ?

क. इष्टमित्र ख. छिमेकीबाट ग. आफै

७. सहकारीमा लाग्नुको उद्देश्य के हो ?

क. जीवनस्तर सहज लाग्नुको उद्देश्य के हो ?

ख. रमाइलो गरेर हिँड्न

ग. उद्यमशीलतामा लाग्न

८. यसभन्दा पहिला कुनै सहकारीमा हुनुहुन्थ्यो ?

९. सहकारीबाट हुने फाइदाबारे जानकारी छ ? छैन ?

१०. सहकारीमा लाग्नेपछि तपाईको कुन-कुन क्षेत्रमा परिवर्तन आएको छ ?

क. आर्थिक ख. सामाजिक ग. शैक्षिक घ. व्यवहारिक

११. सहकारीमा लागेर बेफाइदा भएको छ भने के मा भएको छ ?

क. परिवारमा वेभेल उत्पन्न ख. घरमा समय नदिनु

१२. सहकारीमा लागेपछि आफ्नो आय आर्जनको बढाउने कुनै तालिम तथा अन्य सिप सिक्नु भयो ?

१३. सहकारीमा लागेपछि अन्य फाइदाहरू के-के भए ?

क. साथी बढे ख. बोलीको अभ्यास ग. नेतृत्व विकास

१४. सहकारीबाट तपाईले कुनै ऋण लिनु भएको छ ?

क. छ ख. छैन

१५. लिनु भएको छ भने कस्तो खालको कर्जा लिनु भएको छ ?

क. व्यापारिक कर्जा ख. कृषि कर्जा ग. स्वरोजगार कर्जा घ. आवास कर्जा

१६. तपाईले लगानी गरेको व्यवसायबाट सालाखाला कति आम्दानी भएको छ ?

क. दैनिक ख. मासिक ग. त्रैमासिक घ. वार्षिक

१७. तपाईले कमाएको पैसा के -केमा खर्च गर्नुहुन्छ ?

क. घरखर्च ख. छोराछोरीको पढाईखर्च ग. मनोरञ्जन खर्च

ङ. तीर्थव्रत वा भ्रमण गर्न च. अन्य खर्च

१८. तपाईले आफ्नो व्यवसाय गर्दा कुनै तालिम लिनु भएको थियो ?

१९. थियो भने तपाईलाई व्यवसाय गर्न सहयोग गरेको छ ? छैन ?

२०. एक्लै काम गर्दा र समूहमा काम गर्दा कुन सजिलो हुन्छ ?

क. एक्लै ख. समूहमा

२१. तपाईलाई लैङ्गिक समानताका बारेमा जानकारी छ ?

क. छ ख. छैन ग. थाहै छैन ।

२२. आर्थिक क्षेत्रमा महिला सहभागिता पुरुषसरह नहुनुका कारणहरू के होलान् ?

क. अशिक्षाको कारण ख. घरव्यवहार चुलो-चौको घेरामा सिमित रहन

ग. महिला भएको कारण घ. पितृसतात्मक सोचका कारण

२३. तपाईका विचारमा अब सहकारीलाई कसरी अगाडि लैजानु पर्छ ? छोटो विचार दिनुहोस् ?

## अनुसूची २

### समूहगत छलफलका लागि विषयहरू

- सहकारीमा प्रवेश
- सहकारीमा आवद्ध पश्चात बचत तथा ऋणको अवस्था
- बचतको स्रोत
- लगानीको क्षेत्र
- ऋण लगानीबाट आम्दानीको अवस्था
- सहकारीमा आवद्ध पूर्वको सामाजिक हैसियत
- सहकारीमा आवद्ध भइसकेपछि सामाजिक प्रतिष्ठा
- आर्थिक स्थितिको अवस्था
- बचत तथा ऋणको साथसाथै अन्य तालिम, अवलोकन भ्रमणको अवस्था
- सहकारीमा आवद्ध भएपछिको सामाजिक भूमिकामा महिलाको उपस्थिति
- घरेलु एवम् जोखिमपूर्ण कार्यहरूमा निर्णय प्रक्रिया भूमिका
- यस सहकारीमा आवद्ध भएपश्चात के कस्तो कार्यमा शेयर सदस्यहरू लावान्वित भए पहिचान गर्नु ।